# नेपालमा साना तथा मझौला उद्यममा वित्तीय साधन परिचालन
# (SMEs Financing in Nepal)


## नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

भदौ २०७६

# प्राक्कथन

१. विभिन्न मुलुकहरुमा रोजगारी सिर्जना, वार्षिक कारोबार रकम वा स्थिर सम्पत्तिका आधारमा साना तथा मझौला उद्यम (SMEs) को परिभाषा गरेको पाइन्छ । रोजगारी सिर्जना, कुल गार्हस्थ्य उत्पादन र निर्यात प्रवर्द्धनमा SMEs को उल्लेख्य योगदान रहने गरेको छ । उदीयमान मुलुकहरुमा SMEs ले कुल रोजगारीमा ६० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा ४० प्रतिशतसम्म योगदान गरेको पाइन्छ । वित्तीय क्षेत्र विकास रणनीति, २०७३/७४–२०७७/७८ अनुसार नेपालमा साना तथा मझौला व्यवसायले कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशत योगदान गरेको तथा झन्डै १७ लाख रोजगारी सिर्जना गरेको छ ।

२. नेपालमा औद्योगिक व्यवसाय ऐन, २०७३ ले स्थिर पुँजीका आधारमा साना र मझौला उद्योगको परिभाषा गरेको छ । आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्म २,७५,४३३ साना तथा मझौला उद्योगहरु दर्ता भएका छन् ।

३. SMEs प्रवर्द्धनका लागि SMEs Financing पक्षलाई सबल बनाउन आवश्यक छ । सामान्यतया SMEs Financing का मुख्य स्रोतहरुमा स्वपुँजी, बैंक तथा वित्तीय संस्थाहरु, सहकारी, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी र पुँजी बजार रहेको पाइन्छ ।

४. SMEs Financing सम्बन्धी नीति निर्माणमा नेपाल सरकार, उद्योग विभाग, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, निक्षेप तथा कर्जा सुरक्षण कोष जस्ता निकायहरुको महत्वपूर्ण भूमिका रहने हुन्छ । नेपालमा SMEs Financing प्रवर्द्धन गर्न विभिन्न कोष, पुनरकर्जा तथा कर्जा सुरक्षण, सहुलियतपूर्ण कर्जा लगायतका कार्यक्रमहरु कार्यान्वयनमा छन् । यी सबैका वावजूद SMEs मा पर्याप्त मात्रामा वित्तीय साधन परिचालन हुन नसकेको र यसको परिणामस्वरुप SMEs ले अर्थतन्त्रमा अपेक्षित योगदान पुर्‍याउन नसकेको विषय चर्चामा आउने गर्दछ ।

५. यस पृष्ठभूमिमा नेपालमा SMEs Financing को वर्तमान अवस्थाको समीक्षा गर्ने र सोसँग सम्बन्धित समस्या तथा सम्भावनाको विश्लेषण गर्ने उद्देश्यका साथ यो अध्ययन गरिएको छ । यस अध्ययनमा औद्योगिक व्यवसाय ऐन, २०७३ ले परिभाषित गरेका साना र मझौला उद्योगलाई लक्षित जनसंख्याको रुपमा लिइएको छ । अध्ययनमा प्राथमिक र द्वितीय दुबै तथ्याङ्क प्रयोग गरिएको छ ।

६. अध्ययनको सिलसिलामा सम्पन्न सर्वेक्षणबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा SMEs ले व्यवसाय शुरु गर्दा अधिकांश वित्तीय साधन बैंकिङ्ग क्षेत्र भन्दा बाहेकको स्रोतबाट जुटाएको देखिन्छ । अध्ययनमा समावेश भएका SMEs ले औसतमा ३३ प्रतिशत पैतृक सम्पत्तिको स्रोतबाट, २६ प्रतिशत आफ्नै बचतबाट, १६ प्रतिशत बैंक तथा वित्तीय संस्थाबाट र बाँकी अन्य स्रोतहरुबाट स्थापनाकालीन वित्तीय साधन परिचालन गरेको पाइएको छ । सञ्चालनमा रहेका SMEs मध्ये करिब ५० प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएको र तीमध्ये पनि ८५ प्रतिशतले वाणिज्य बैंकबाट नै वित्तीय साधन प्राप्त गर्ने गरेको तथ्य फेला परेको छ ।

७. उद्यमीहरुले बैंकिङ्ग क्षेत्रबाट कर्जा प्राप्त गर्न घरजग्गा धितोको आवश्यकता र प्रक्रियागत झन्झटलाई प्रमुख समस्या मानेका छन् भने संस्थागत क्षमताको विकास हुन नसकेको र कर्जा दुरुपयोगको सम्भावना समेत रहेका कारण SMEs मा पर्याप्त कर्जा प्रवाह हुन नसकेको बैंकहरुको बुझाई छ । SMEs Financing का लागि पर्याप्त मात्रामा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरुको पनि विकास हुन सकेको छैन ।

८. अध्ययनको क्रममा सरोकारवालाहरुसँग २०७५ चैत १३ गते गरिएको अन्तरक्रिया कार्यक्रममा श्रीमान् गभर्नर डा. चिरंजीबी नेपालज्यू तथा डेपुटी गभर्नर शिबराज श्रेष्ठज्यूबाट प्राप्त मार्गदर्शनका लागि कृतज्ञता ज्ञापन गर्दछु । साथै उक्त अन्तरक्रियामा सहभागिता तथा सुझावका लागि अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु । अध्ययनका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने विभिन्न जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरु, उद्योग विभाग, निक्षेप तथा कर्जा सुरक्षण कोष र सुरक्षित कारोबार दर्ता कार्यालय, सर्वेक्षणमा सहभागी साना तथा मझौला उद्योगी, विभिन्न भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरु तथा विषयविज्ञहरुका साथै तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने बैंक तथा वित्तीय संस्थाहरुमा धन्यवाद ज्ञापन गर्दछु ।

९. अन्त्यमा, अध्ययनलाई यस रुपमा ल्याउन मिहिनेत गर्नुहुने यस विभागका का.मु. निर्देशक श्री ईश्वरी प्रसाद भट्टराई, उप-निर्देशक श्री अवन्तिका रिमाल, सहायक निर्देशकद्वय श्री राम चन्द्र आचार्य र श्री रोलेन्द्र विक्रम जबेगूको प्रयासको विशेष सराहना गर्दछु । यस अध्ययनमा विभिन्न चरणमा संलग्न हुनुभएका निर्देशकहरु श्री दीर्घ बहादुर रावल, श्री दिपकराज लामिछाने, का.मु. निर्देशक श्री माधव दंगाल तथा उप-निर्देशकहरु श्री गिरिजा प्रसाद कोइराला र डा. शालिकराम पोखरेललाई धन्यवाद दिन चाहन्छु । स्थलगत सर्वेक्षणमा सहयोग पुऱ्याउनु हुने सहायक निर्देशक श्री चोपकान्त सुवेदी, सहायकद्वय श्री महेश भट्ट र श्री ऋषिराम कोइराला तथा प्रतिवेदन डिजाइन एवम् छपाईमा सहयोग गर्नुहुने सहायक निर्देशक (कम्प्यूटर) श्री सानुभाई महर्जनलाई समेत धन्यवाद दिन चाहन्छु । यस अध्ययनको निष्कर्ष तथा सुझावहरु सम्बन्धित सबै सरोकारवालाहरुका लागि उपयोगी हुने विश्वास लिएको छु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

# विषय-सूची


प्राक्कथन
ABBREVIATIONS
तालिका, चार्ट तथा बक्सहरु
कार्यकारी सारांश

**परिच्छेद १ : परिचय** **१**
- पृष्ठभूमि १
- अध्ययनको उद्देश्य २
- अध्ययनको औचित्य तथा महत्व २
- अध्ययनको सीमा ३
- प्रतिवेदनको ढाँचा ३

**परिच्छेद २ : कृति समीक्षा** **४**
- परिचय ४
- अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययनका नतिजाहरु ४
- नेपालमा भएका अध्ययनका नतिजाहरु १०
- नेपालमा SMEs Financing सम्बन्धी नीतिगत/संस्थागत व्यवस्था १०
- अनुसन्धान अन्तर १३

**परिच्छेद ३ : अध्ययन विधि** **१४**
- परिचय १४
- स्थलगत सर्वेक्षणको लागि नमूना छनौट १४
- स्थलगत सर्वेक्षण विधि १६
- तथ्याङ्क विश्लेषण विधि १७

**परिच्छेद ४ : तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण** **१८**
- नेपालमा SME Financing को विद्यमान अवस्था १८
- स्थलगत सर्वेक्षण २०
  - सर्वेक्षण : साना तथा मझौला उद्योग २०
  - सर्वेक्षण : बैंक तथा वित्तीय संस्था ३३
  - सर्वेक्षण : विषय विज्ञ ३८
  - सर्वेक्षण : भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी ४२
- अन्तरक्रिया कार्यक्रम ४२

**परिच्छेद ५ : नेपालमा SMEs Financing को समस्या तथा सम्भावना** **४४**
- SME Financing का समस्याहरू ४४
- SME Financing का सम्भावनाहरू ४५

**परिच्छेद ६ : निष्कर्ष तथा सुझावहरू** **४७**
- निष्कर्ष ४७
- सुझावहरू ४८

सन्दर्भ सामग्री
अनुसूची

# तालिका, चार्ट तथा बक्सहरू

तालिका १ : अध्ययनको लक्षित जनसंख्या
तालिका २ : प्रदेश अनुसार नमूना संख्या वितरण
तालिका ३ : साना तथा मझौला उद्यम कर्जा सुरक्षणको स्थिति (रकम रू. लाखमा)
तालिका ४ : महिला उद्यमशीलता विकास कोषको स्थिति (रकम रू. लाखमा)
तालिका ५ : SMEs ले सिर्जना गरेको रोजगारीको स्थिति (प्रति उद्योग)
तालिका ६ : कर्जा समयसीमाको आधारमा SMEs को संख्या (प्रतिशतमा)
तालिका ७ : SMEs ले लिएको कर्जाको सेवाशुल्कको स्थिति (प्रतिशतमा)
तालिका ८ : SMEs लाई कर्जा प्राप्त गर्न लागेको समय (दिनमा)
तालिका ९ : SMEs ले राख्न चाहेको धितोको प्रकार
तालिका १० : कर्जामा विभिन्न सहुलियत प्राप्त गरेका SMEs को संख्या (प्रतिशतमा)
तालिका ११: SMEs लाई कर्जा प्राप्तिमा सहजता (प्रतिशतमा)
तालिका १२ : किस्ता भुक्तानीमा कठिनाइ (प्रतिशतमा)
तालिका १३ : SMEs लाई कर्जा प्राप्तिमा देखिएका समस्या
तालिका १४ : सहकारी कर्जा प्राप्तिमा देखिएका समस्या
तालिका १५ : भेन्चर क्यापिटल/प्राइभेट इक्विटीको सम्भावना (प्रतिशतमा)
तालिका १६ : भेन्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत SMEs Financing गर्दाका समस्या
तालिका १७ : शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन गर्ने सम्भावना (प्रतिशतमा)
तालिका १८ : शेयर निष्काशन गरी SMEs Financing गर्दाका समस्या
तालिका १९ : बैंक तथा वित्तीय संस्थाका शाखाहरूको ग्राहक संख्या
तालिका २० : SME कर्जा बढाउन गर्नुपर्ने उपाय
तालिका २१ : विज्ञहरूद्वारा घरजग्गा बाहेकको धितोसम्बन्धी धारणा
तालिका २२ : कर्जा प्रवाह बढाउन गर्नुपर्ने उपाय
तालिका २३ : भेन्चर क्यापिटलमार्फत वित्तीय साधन परिचालन गर्दाका समस्या
तालिका २४ : शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन गर्दाका समस्या
तालिका २५ : वित्तीय प्रवर्द्धनमा संस्था तथा निकायको भूमिका

चार्ट १ : नमूना साना तथा मझौला उद्योगको प्रकार
चार्ट २ : SMEs को सुरुवाती लगानीको स्रोत
चार्ट ३ : BFIs बाट कर्जा लिने SMEs को संख्या
चार्ट ४ : BFIs को वर्गअनुसार कर्जा लिने SMEs को संख्या
चार्ट ५ : कर्जा रकमको आधारमा SMEs को संख्या
चार्ट ६ : SMEs ले लिएको कर्जाको ब्याजदरको स्थिति (प्रतिशत)
चार्ट ७: SMEs द्वारा कर्जाका लागि प्रयोग भएको धितो
चार्ट ८ : SMEs द्वारा कर्जा उपयोगको स्थिति
चार्ट ९ : SMEs को कर्जा लिने संस्था प्रतिको रोजाई
चार्ट १० : SME कर्जा वर्गीकरणका आधारहरु
चार्ट ११ : सुरक्षित कारोबार दर्ता सेवाका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको धारणा
चार्ट १२ : कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रमबारे BFIs को धारणा
चार्ट १३ : कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रमबारे विज्ञहरुको धारणा
चार्ट १४ : भेञ्चर क्यापिटलमार्फत SMEs Financing को सम्भावनाका सम्बन्धमा विज्ञहरूको धारणा
चार्ट १५ : शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालनको सम्भावनाका सम्बन्धमा विज्ञहरूको धारणा

बक्स १ : मंगोलियामा SMEs Financing को अभ्यास
बक्स २ : दक्षिण कोरियामा SMEs कर्जा सुरक्षणको अभ्यास
बक्स ३ : नमूना संख्या गणना
बक्स ४ : SMEs Financing सम्बन्धी समस्याहरु
बक्स ५ : साना तथा मझौला उद्योगीबाट प्राप्त सुझावहरु
बक्स ६ : SME कर्जाका समस्याहरु
बक्स ७ : बैंक तथा वित्तीय संस्थाका सुझावहरु

# ABBREVIATIONS

| | |
|---|---|
| ADB | Asian Development Bank |
| ADBI | Asian Development Bank Institute |
| ASM | Asia SME Finance Monitor |
| BFIs | Banks and Financial Institutions |
| DFI | Development Finance Institution |
| DFID | Department for International Development |
| GTZ | Gesellschaft für Technische Zusammenarbeit |
| IBRD | International Bank for Reconstruction and Development |
| IFC | International Finance Corporation |
| MSME | Micro, Small and Medium Enterprises |
| OECD | Organisation for Economic Cooperation and Development |
| SEBI | Securities and Exchange Board of India |
| SIDBI | Small Industries Development Bank of India |
| SME | Small and Medium Enterprises |
| UNESCAP | United Nations Economic and Social Commission for Asia and the Pacific |
| UNIDO | United Nations Industrial Development Organization |

# कार्यकारी सारांश

१. ***नेपालमा औद्योगिक व्यवसाय ऐन, २०७३ ले स्थिर पुँजीका आधारमा साना र मझौला उद्योगलाई परिभाषित गरेको छ ।*** अन्य मुलुकहरुमा भने रोजगारी सिर्जना, वार्षिक कारोबार रकम र स्थिर सम्पत्तिलाई आधार मानी व्यापारिक व्यवसायलाई समेत समेटेर SMEs को परिभाषा गरेको पाइन्छ ।

२. ***अन्तर्राष्ट्रिय अभ्यासमा SMEs Financing का लागि बैंकिङ्ग क्षेत्रसँगै गैरबैंकिङ्ग वित्तीय क्षेत्र, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी, सहकारी, पुँजी बजारलगायतका वित्तीय स्रोतहरु प्रयोग गरिएको पाइन्छ ।*** रोजगारी सिर्जना, कुल गार्हस्थ्य उत्पादन र निर्यात प्रवर्द्धनमा उल्लेख्य योगदान दिने भएकोले SMEs को Financing पक्षलाई सबल बनाउन यिनै वित्तीय स्रोतहरुको विद्यमान स्थिति अध्ययन गरी सुझाव प्रस्तुत गर्न यो अध्ययन गरिएको छ । अध्ययनमा प्राथमिक तथ्याङ्क एवम् द्वितीय तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

३. ***न्यून आय भएका मुलुकहरूमा SME Financing नीतिहरू लघुवित्तको विकास र सरकारका सहुलियतपूर्ण कर्जा परिचालनमा सीमित रहेका छन् ।*** अर्थतन्त्रको विकाससँगै मुलुकहरु सार्वजनिक कर्जा सुरक्षण योजना, सुरक्षित कारोबार कानूनको सुधार जस्ता SMEs को बैंकिङ्ग क्षमता (Bankability) विकास गर्ने नीतिहरूतर्फ केन्द्रित हुने गरेका छन् । पछिल्ला वर्षहरूमा भने SMEs Financing सम्बन्धी नीतिहरू पुँजी बजारको विकास र भेञ्चर क्यापिटलको विकासमा केन्द्रित हुने गरेको देखिन्छन् । वास्तवमा SMEs Financing नीतिको पहिलो पक्ष सार्वजनिक कर्जा सुरक्षण, कर्जा सूचना र सुरक्षित कारोबारबाट SMEs को बैंकिङ्ग क्षमता बढाउने हो भने दोस्रो पक्ष गैरबैंकिङ्ग तथा बजारमा आधारित (Market-based) वित्तीय विकल्पको विकास गर्ने हो ।

४. ***नेपालमा SMEs Financing सम्बन्धी विभिन्न नीति तथा व्यवस्थाहरु गरिएका छन् ।*** आ.व. २०७६/७७ को बजेट बक्तव्यमा नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यम तथा व्यवसाय सञ्चालन गर्न सुरुवाती पुँजी उपलब्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था गरिएको छ । उद्योग विभागले लघु, घरेलु तथा साना उद्योग विकास कोष तथा महिला उद्यमशीलता विकास कोष सञ्चालन गरिरहेको छ । नेपाल राष्ट्र बैंकले कृषि, उद्यम तथा व्यवसाय कर्जामा आधार दरमा २ प्रतिशत सम्ममात्र थप गरी ब्याज लिन पाउने, SME डेस्क सञ्चालन गर्नुपर्ने, 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रम, प्राथमिकता प्राप्त क्षेत्रमा SMEs लगायतका व्यवस्थाहरु गरेको छ । निक्षेप तथा कर्जा सुरक्षण कोषले साना तथा मझौला व्यवसायमा प्रवाह गरेको रु. ५० लाखसम्मको कर्जाको सुरक्षण गर्छ । धितोपत्र बोर्डले विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरी भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटीहरूलाई पुँजी जुटाउन सहज बनाएको छ । राष्ट्रिय सहकारी नीति, २०६९ ले सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्ने उद्देश्य लिएको छ ।

५. ***२०७६ असार मसान्तमा कृषि, ऊर्जा र पर्यटन बाहेकका साना तथा मझौला उद्योगमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाबाट कुल बक्यौता कर्जाको ३.२६ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।*** वाणिज्य बैंकहरुबाट विगत तीन वर्ष (आ.व. २०७२/७३ –

२०७४/७५) मा साना र मझौला उद्योगहरुमा कुल बक्यौता कर्जाको औसतमा ११.५ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।

६. ***आ.व. २०६४/६५ देखि नेपाल राष्ट्र बैंकले शुरु गरेको साना तथा मझौला उद्यममा पुनरकर्जा कार्यक्रमबाट साना तथा मझौला उद्योगहरूमा वित्तीय साधन प्रवाह गरिनुपर्दछ भन्ने मान्यता स्थापित भएको छ ।*** आ.व. २०६६/६७ देखि कार्यान्वयनमा आएको साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रममा आ.व. २०७१/७२ देखि आ.व. २०७४/७५ सम्म ४ वटा बैंक तथा वित्तीय संस्था मात्र सहभागी रहेको भएपनि सुरक्षण कर्जा भने क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । आ.व. २०७३/७४ देखि कार्यान्वयनमा आएको सुरक्षित कारोबार दर्ता सेवामा SMEs सँग सम्बन्धित सूचनाहरुको दर्ता हुने क्रम उल्लेख्य रुपमा बढेको पाइएको छ । आ.व. २०७४/७५ बाट कार्यान्वयनमा आएको लघु, घरेलु तथा साना उद्योग विकास कोषबाट सोही वर्ष १२९ प्रस्तावहरुमा रु. २ करोड ४८ लाख अनुदान रकम स्वीकृत भएको छ ।

७. ***नेपालमा SMEs ले पैतृक सम्पत्तिबाट ३३ प्रतिशत, आफ्नै वचतबाट २६ प्रतिशत, बैंक तथा वित्तीय संस्थाको कर्जाबाट १६ प्रतिशत, अनौपचारिक कर्जाबाट ८ प्रतिशत, विप्रेषण आयबाट ७ प्रतिशत, सहकारी संस्था कर्जाबाट ६ प्रतिशत र भेन्चर क्यापिटलबाट ०.५ प्रतिशत सुरुवाती लगानी जुटाउने गरेको देखिएको छ ।*** पुँजी बजारबाट हालसम्म SMEs ले सुरुवाती लगानी जुटाउने गरिएको देखिदैन ।

८. ***नेपालमा करिब ५० प्रतिशत SMEs ले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएको सर्वेक्षणमा देखिन्छ र सोमध्ये झन्डै ८५ प्रतिशत कर्जा वाणिज्य बैंकबाट प्रवाह भएको देखिन्छ ।*** करिब दुई तिहाई SMEs ले छोटो अवधिको कर्जा प्रयोग गरेको देखिन्छ । तर अधिकांशको आवश्यकता भने मध्यम तथा लामो अवधिको कर्जा रहेको देखिन्छ । SMEs लाई प्रवाह भएको कर्जामा औसत ब्याजदर १२.५१ प्रतिशत र औसत सेवा शुल्क झन्डै १ प्रतिशत रहेको छ भने कर्जा प्रक्रियाको लागि औसतमा ३८ दिन लाग्ने गरेको सर्वेक्षणबाट देखिन्छ । साथै ८५ प्रतिशत भन्दा बढी SMEs ले घरजग्गा धितोको रुपमा प्रयोग गरेको देखिन्छ । यद्यपि अधिकांश SMEs ले नगद प्रवाह (Cash Flow) लाई धितोको रूपमा राख्न चाहेको देखिन्छ । अधिकांश SMEs लाई 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रम बारे जानकारी नभएको सर्वेक्षणबाट देखिन्छ । SMEs लाई बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्दा झन्झटिलो प्रक्रिया प्रमुख समस्या रहेको सर्वेक्षणबाट देखिन्छ ।

९. ***सर्वेक्षणले आधाभन्दा बढी SMEs लाई कर्जा प्राप्त गर्न सहकारी नै सहज लाग्ने देखाएको छ ।*** तर सहकारीबाट कर्जा प्राप्त गर्दा उच्च ब्याजदर प्रमुख समस्याको रुपमा रहेको छ ।

१०. ***आधाभन्दा बढी SMEs ले SMEs Financing मा भेन्चर क्यापिटलको सम्भावना रहेको तर लगानीकर्ताको अविश्वास प्रमुख समस्या रहेको सर्वेक्षणले देखाएको छ । पुँजी बजारमार्फत SMEs Financing गर्ने सम्भावना नरहेको आधा भन्दा बढी SMEs को धारणा रहेको सर्वेक्षणले देखाएको छ ।***

११. ***झन्डै दुई तिहाई बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको आकारको आधारमा SME कर्जाको वर्गीकरण गर्ने गरेको सर्वेक्षणले देखाएको छ ।*** अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले

SME कर्जालाई औद्योगिक व्यवसाय ऐनको वर्गीकरण अनुसार Loan Product विकास गर्न सहजै सकिने सर्वेक्षणमा बताएका छन् ।

१२. ***कर्जा सुरक्षण, भेञ्चर क्यापिटल र पुँजीबजार बारे SMEs Financing सम्बन्धी विषयविज्ञहरु सकारात्मक रहेको पाइएको छ ।*** विषयविज्ञहरुले घरजग्गा बाहेक ग्यारेण्टी, नगद प्रवाह, शेयर, चल सम्पत्ति आदिलाई वैकल्पिक धितोको रूपमा राख्नुपर्ने र कर्जा प्रवाह बढाउन ब्याजदर कम गर्नुपर्ने तथा प्रक्रियागत सरलीकरण गर्नुपर्ने धारणा राखेका छन् ।

१३. ***सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया कार्यक्रममा बैंकिङ्ग क्षेत्रमा वित्तीय सम्भावनाको आधारमा कर्जा प्रवाह गर्ने संयन्त्र तथा 'SME Bank' एवम् 'ग्राहक सन्तुष्टि सर्वेक्षण' आवश्यक रहेको औंल्याइएको छ ।*** भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीले बिना धितो लगानी गर्ने र SMEs को क्षमता अभिवृद्धिमा विशेषज्ञता हासिल गरेको हुनाले उक्त संस्थाहरुलाई बैंकिङ्ग क्षेत्रको विकल्पको रुपमा अगाडि बढाउन सकिने औंल्याइएको छ । उक्त अन्तरक्रिया कार्यक्रममा "SME Board" को स्थापना गरी साना तथा मझौला उद्योगको धितोपत्र कारोबार सहज बनाउनुपर्ने धारणा राखिएको छ । साथै साना तथा मझौला उद्योगको वित्तीय प्रवर्द्धन गर्न विशिष्टीकृत संस्थागत संरचना, बीउपुँजी निर्माणको लागि सहुलियतपूर्ण कर्जा सुविधा, सुलभ ब्याजदर, सरल तथा वैज्ञानिक धितो मूल्याङ्कन प्रक्रिया आदि व्यवस्था गरिनुपर्ने सुझाव प्राप्त भएको छ ।

१४. ***अन्तर्राष्ट्रिय अभ्यास अनुसार नेपालमा विस्तृत एवम् क्षेत्रगत रुपमा SMEs को परिभाषा गरिएको देखिदैन ।*** विभिन्न नियमनकारी संस्था तथा सरोकारवाला निकायहरुबीच समन्वय अभावले SMEs Financing नीति तथा कार्यक्रममा एकरुपता देखिदैन । बैंक तथा वित्तीय संस्थाहरुको SME कर्जाको परिभाषामा एकरुपता देखिदैन । शुरुवाती (Start-up) SMEs को कर्जा पहुँचमा समस्या रहेको देखिन्छ । हाल निक्षेप तथा कर्जा सुरक्षण कोषले सञ्चालन गरिरहेको SME कर्जा सुरक्षणलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१५. ***SMEs ले भोगेका प्रमुख बैंकिङ्ग समस्याहरुमा प्रक्रियागत झन्झट, घरजग्गा धितोमा अति निर्भरता, दीर्घकालीन कर्जाको अभाव, अस्थिर एवम् उच्च ब्याजदर, SMEs को कमजोर बैंकिङ्ग क्षमता आदि रहेका छन् ।*** वास्तविक SMEs पहिचान गर्न कठिन रहेको छ र बैंक तथा वित्तीय संस्थाहरु पनि यस क्षेत्रमा आकर्षित छैनन् । अधिकाशं SMEs लाई 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रमबारे जानकारी छैन । सहकारी संस्थामा उच्च ब्याजदर एवम् अपारदर्शिता प्रमुख समस्याको रुपमा रहेका छन् । लगानीकर्ताको अविश्वास तथा अपर्याप्त नीतिगत व्यवस्थाको कारण भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत SMEs Financing प्रभावकारी हुन सकेको छैन भने पुँजीबजारमा SMEs का लागि आवश्यक पूर्वाधार छैनन् ।

१६. ***अन्तर्राष्ट्रिय अभ्यासलाई समेत मध्यनजर गर्दा रोजगारी सिर्जना, वार्षिक कारोबार, क्षेत्र अनुसार फरक मापदण्ड तथा व्यापारिक व्यवसायलाई समेत समेटेर SMEs को परिभाषालाई अझ फराकिलो र व्यावहारिक बनाउन उपयुक्त हुने देखिन्छ ।*** सरोकारवाला निकायहरुको SMEs सम्बन्धी नीति तथा कार्यक्रममा एकरुपता गर्नुपर्ने देखिन्छ । SMEs

लाई प्रवाह हुने निश्चित रकमसम्मको (साना उद्यममा भने कर्जा सीमा नरहने) सबै प्रकारको कर्जालाई SME कर्जाको रुपमा परिभाषित गरी SME कर्जाको परिभाषामा एकरुपता ल्याउनुपर्ने देखिन्छ ।

१७. ***सहकारी क्षेत्रमा ब्याजदरलाई उचित र सुलभ बनाउनका साथै कर्जा प्रवाहलाई थप पारदर्शी बनाउने व्यवस्था गर्नुपर्ने देखिन्छ । भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरुमार्फत समेत SMEs financing प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।***

# परिच्छेद १
# परिचय

## पृष्ठभूमि

१.१ मुलुकमा रोजगारी सिर्जना गर्न तथा अग्रपृष्ठ सम्बन्ध सिर्जनामार्फत समावेशी, दीगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न साना तथा मझौला उद्यमहरुले प्रमुख भूमिका निर्वाह गर्ने गर्दछन् । उदीयमान मुलुकहरुमा औपचारिक SMEs ले कुल रोजगारीमा ६० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा ४० प्रतिशतसम्म योगदान गरेको पाइन्छ (World Bank, 2019) । अनौपचारिक रुपमा सञ्चालन भएका SMEs समेत समावेश गर्दा SMEs को योगदान झनै बढ्ने देखिन्छ ।

१.२ एसिया प्रशान्त क्षेत्रमा कुल व्यवसायको ९६ प्रतिशत SMEs रहेको र यिनीहरुले कुल जनशक्तिको ६२ प्रतिशतलाई रोजगारी दिएको पाइएको छ । त्यसैगरी SMEs ले अन्तर्राष्ट्रिय व्यापारमा पनि प्रभाव पारेको देखिएको छ । ADB को अनुसार भारत र चीनका SMEs ले कुल निर्यातमा ४० प्रतिशत योगदान दिएका छन् । यसबाट SMEs ले रोजगारी सिर्जना, कुल गार्हस्थ्य उत्पादन र निर्यात प्रवर्द्धनमा उल्लेख्य योगदान दिएको देखिन्छ (ADB, 2015) ।

१.३ हाल नेपालमा ९,२३,३५६ व्यवसायिक इकाई सञ्चालनमा रहेका छन् जसमा ३२,२८,४५७ व्यक्ति संलग्न रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०१९) । आर्थिक वर्ष २०७४/७५ सम्ममा साविक घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिमा २,६८,९३४ साना उद्योग (लगत कट्टा गरी बाँकी) दर्ता भएका छन् । उद्योग विभागमा २०७५ असार मसान्तसम्ममा ४,८५९ साना उद्योग र १,६४० मझौला उद्योग दर्ता भएको देखिन्छ (उद्योग विभाग, २०७४/७५) ।

१.४ नेपालमा साना तथा मझौला व्यवसायले कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशत योगदान गरेको तथा झन्डै १७ लाख रोजगारी सिर्जना गरेको देखिन्छ (वित्तीय क्षेत्र विकास रणनीति, २०७३/७४–२०७७/७८) ।

१.५ SMEs Financing को प्रमुख स्रोत बैंकिङ्ग क्षेत्र नै हो । बैंकिङ्ग क्षेत्रबाहेक गैरबैंकिङ्ग वित्तीय क्षेत्र र पुँजी बजार पनि SMEs Financing को स्रोतको रूपमा रहेको पाइन्छ । गैरबैंकिङ्ग क्षेत्रमा सहकारी, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी र अन्य गैरबैंकिङ्ग वित्तीय संस्थाहरु SMEs Financing का महत्वपूर्ण स्रोतको रुपमा रहेका छन् (ADB, 2015) ।

१.६ SMEs को विकासमा वित्तीय पहुँचको ठूलो भूमिका रहन्छ । SMEs को जीवन्तता र विकासको लागि उपयुक्त वित्तीय स्रोतहरुमा निरन्तर पहुँच महत्वपूर्ण रहन्छ (UNESCAP, 2017) ।

१.७ SMEs ले आफ्नै शेयर निष्कासन गरेर वित्तीय लगानी जुटाउने प्रचलन केही मुलुकमा रहेको पाइन्छ । कतिपय मुलुकहरुमा छुट्टै धितोपत्र बजारको स्थापना समेत गरेको पाइन्छ ।

उदाहरणको लागि चीनमा SZSE SME Price Index र SZSE ChiNext Price Index तथा भारतमा Bombay Stock Exchange को BSE SME Index रहेको छ (ADB, 2015)।

१.८ नेपालको SME Financing को अवस्था हेर्दा नेपालमा २०७६ असार मसान्तमा कृषि, ऊर्जा र पर्यटन क्षेत्रबाहेकका साना तथा मझौला उद्योगमा बैंक तथा वित्तीय संस्थाहरुको कुल वक्यौता कर्जाको ३.२६ प्रतिशत कर्जा प्रवाह भएको छ (नेपाल राष्ट्र बैंक, २०७६) । त्यस्तै नेपालमा केही भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरु सञ्चालनमा रहेको पाइन्छ । यस्तो कम्पनीहरुलाई प्रवर्द्धन गर्न नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ जारी भएको छ । पूँजी बजारतर्फ भने SMEs को लागि छुट्टै धितोपत्र बजारको व्यवस्था छैन । हाल नेपालमा सक्रिय १३,५७८ बचत तथा ऋण सहकारी सहित ३४,५१२ सहकारी संघ/संस्थाहरुले (सहकारी विभाग, २०७५) पनि SMEs Financing मा टेवा पुऱ्याएको अनुमान गर्न सकिन्छ ।

१.९ नेपालले वि.सं. २०७९ सम्ममा अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने र वि.सं. २१०० सम्ममा समुन्नत मुलुक बन्ने दीर्घकालीन लक्ष्य लिएको छ । उल्लिखित लक्ष्यहरु प्राप्तिका निम्ति अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको साना तथा मझौला उद्योगहरुको क्षमता विकास गर्न पर्याप्त लगानी स्रोत जुटाउन आवश्यक रहेको छ । यसका लागि पन्धौँ योजना अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट लघु, घरेलु, साना र मझौला उद्योगहरुमा प्रवाह हुने कर्जामा उल्लेख्य वृद्धि गरी यस्ता उद्योगहरुबाट पर्याप्त रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यस सन्दर्भलाई मध्यनजर गर्दा SMEs Financing को वर्तमान अवस्था के कस्तो रहेको छ, यसका समस्या तथा सम्भावना के–के हुन र यसलाई सरल, प्रभावकारी एवम् पहुँचयोग्य बनाउन के-कस्ता नीतिगत सुझावहरु आवश्यक रहेका छन् भनी अध्ययन गर्न वाञ्छनीय हुने देखिएको छ ।

## अध्ययनको उद्देश्य

१.१० यस अध्ययनको प्रमुख उद्देश्य नेपालमा SMEs Financing को अवस्था, सम्भावना र चुनौतीहरु पहिचान गर्ने रहेको छ । बुँदागत रूपमा अध्ययनका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

(क) नेपालमा SMEs Financing को वर्तमान अवस्थाको समीक्षा गर्ने ।

(ख) SMEs Financing को समस्या तथा सम्भावना पहिचान गर्ने ।

(ग) SMEs Financing लाई सरल, प्रभावकारी एवम् पहुँचयोग्य बनाउन सुझावहरु पेश गर्ने ।

## अध्ययनको औचित्य तथा महत्व

१.११ नेपालजस्तो अल्पविकसित मुलुकमा श्रम, सीप तथा स्थानीय कच्चा पदार्थ प्रयोग गर्दै उच्च, दीगो एवम् फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न साना तथा मझौला उद्यमहरुको भूमिका महत्वपूर्ण हुने गर्छ । तर त्यस्ता संस्थाहरुको स्थापना तथा सञ्चालनको लागि

वित्तीय साधन परिचालनमा थुप्रै समस्या तथा चुनौतीहरु हुने गर्छन् । नेपालले मुलुकभित्र स्वरोजगारका अवसरहरु सिर्जना गरी वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता कम गर्दै समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य हासिल गर्ने परिकल्पना गरेको छ । यस सन्दर्भमा SMEs मा वित्तीय साधन परिचालनका सम्बन्धमा हालको अवस्था, समस्या तथा सम्भावनाको पहिचान भए SMEs Financing सम्बन्धी रणनीति निर्माणमा सहयोग पुग्नसक्ने देखिन्छ ।

१.१२ साना तथा मझौला उद्योग क्षेत्रमा बैंकिङ्ग क्षेत्रबाट प्रवाह भएको कर्जाबाट लक्षित वर्ग तथा क्षेत्रले के-कति लाभ प्राप्त गरे भन्ने विषयमा तथ्यपरक विश्लेषण गर्न जरुरी रहेको छ । बैंकिङ्ग क्षेत्रबाट प्रवाह हुने कर्जालाई अझ सरल, प्रभावकारी एवम् पहुँचयोग्य बनाउन गर्नुपर्ने सुधारका लागि नेपाल राष्ट्र बैंक, नेपाल सरकार तथा अन्य सरोकारवाला सबैलाई प्रस्तुत अध्ययन उपयोगी हुनसक्ने देखिन्छ ।

१.१३ गैरबैंकिङ्ग वित्तीय संस्थाहरूलाई SMEs को बैकल्पिक वित्तीय स्रोतको रूपमा विकास गर्न तथा नेपाललाई उपयुक्त हुने SMEs Financing मोडलहरूको पहिचान गर्न यो अध्ययन उपयोगी हुनसक्ने देखिन्छ । भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी जस्ता गैरबैंकिङ्ग वित्तीय संस्थाहरूले SMEs को उद्यमशीलता तथा क्षमता विकासमा खेल्ने भूमिका पहिचान गर्न तथा पुँजी बजारलाई SMEs मैत्री पुँजी बजारको रुपमा विकास गर्न समेत यो अध्ययन उपयोगी हुनसक्ने देखिन्छ ।

## अध्ययनको सीमा

१.१४ यस अध्ययनका निम्नानुसारका सीमा रहेका छन् :

(क) अध्ययनमा उद्योग विभागमा दर्ता भएका साना र मझौला उद्योगलाई मात्र समेटिएको छ । व्यापारिक एवम् अनौपचारिक SMEs लाई अध्ययनले समेटेको छैन ।

(ख) अध्ययनमा शहरी क्षेत्रमा रहेका SMEs मात्र समेटिएको छ ।

(ग) गैरसरकारी संस्थाहरूले SMEs क्षेत्रमा गरेको सहयोग तथा यसले पारेको प्रभावलाई यस अध्ययनमा समेटिएको छैन ।

## प्रतिवेदनको ढाँचा

१.१५ यो अध्ययन प्रतिवेदनलाई ६ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको सीमा र प्रतिवेदनको ढाँचा रहेको छ । दोस्रो परिच्छेमा कृति समीक्षा रहेको छ । तेस्रो परिच्छेदमा अध्ययन विधि रहेको छ । चौँथो परिच्छेदमा तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण रहेको छ । पाँचौ परिच्छेदमा नेपालमा SMEs Financing का समस्या तथा सम्भावना पहिचान गरिएको छ । अन्तमा, छैठौं परिच्छेदमा अध्ययनको निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# कृति समीक्षा

## परिचय

२.१ यस परिच्छेदको पहिलो खण्डमा SMEs Financing का सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययनका नतिजाहरु प्रस्तुत गरिएको छ । दोस्रो खण्डमा नेपालमा SMEs Financing सम्बन्धी भएका अध्ययनका नतिजाहरु प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा नेपालमा SMEs Financing सम्बन्धी नीतिगत/संस्थागत व्यवस्था प्रस्तुत गरिएको छ । चौथो तथा अन्तिम खण्डमा नेपालमा SMEs Financing सम्बन्धी अध्ययनमा देखिएका अनुसन्धान अन्तर (Research Gap) पहिचान गरिएको छ ।

## अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययनका नतिजाहरु

२.२ OECD (2018) ले ४३ राष्ट्रहरूको SMEs Financing नीति समेटिएको एक अध्ययन प्रतिवेदन तयार पारेको छ । उक्त प्रतिवेदन अनुसार सन् २०१६ मा अधिकांश मुलुकहरुमा SME तर्फ प्रवाहित कर्जा घटेको तर वैकल्पिक वित्तीय स्रोतहरूको प्रयोग बढेको पाइएको छ । साथै प्रतिवेदनमा **कर्जा सुरक्षण** तथा इक्विटीमा आधारित उपकरणहरुलाई प्रोत्साहन गर्ने गरिएको व्यहोरा उल्लेख छ ।

२.३ UNESCAP (2017) ले आफ्ना ५३ स्थायी सदस्य र ९ सम्बन्धित सदस्यहरूको बैंकिङ्ग क्षेत्र, गैरबैंकिङ्ग वित्तीय संस्था र पुँजी बजारबाट SME को वित्तीय सम्भावनाका विषयमा अध्ययन गरेको छ । उक्त प्रतिवेदन अनुसार विशेषगरी पूर्वी एसियामा SMEs को कर्जा अन्तर (Credit Gap) उच्च रहेको देखिएको छ । उदीयमान तथा न्यून आय भएका अर्थतन्त्रहरूमा अझै पनि कर्जा सुरक्षणमा SMEs को पहुँच नरहेको पाइएको छ । त्यसैगरी धेरैजसो राष्ट्रहरूमा अझै पनि गैरबैंकिङ्ग वित्तीय क्षेत्र र पुँजी बजार SMEs को वित्तीय आवश्यकता पूरा गर्नका लागि अपर्याप्त रहेको पाइएको छ ।

२.४ Khan (2017) अनुसार भारतमा SME क्षेत्रका उद्योगहरुको विकास र वित्तीय पहुँच बढाउन सन् १९९० देखि Small Industries Development Bank of India (SIDBI) सञ्चालनमा रहेको छ । SIDBI ले ८ वटा सार्वजनिक बैंकसँग सहकार्य गरी पहिचान भएका ३८८ मध्ये १५० SME Cluster मा SME कर्जा प्रवाह गर्दै आएको छ । नवीन प्रयोगहरु अँगाल्ने क्रममा SIDBI ले भारत सरकारसँग सन् २००० मा Credit Guarantee Fund Trust for Micro And Small Enterprise (CGTMSE) र UNIDO सँग Mutual Credit Guarantee Fund Scheme (MCGFS) स्थापना गरी उक्त कोषबाट SMEs लाई **विना धितो ५० लाखसम्म** कर्जा प्रदान गर्दै आएको छ । विश्व बैंक समूहको SME Financing and Development Project पनि SIDBI ले कार्यान्वयन गरिरहेको छ । सन् २००५ मा स्थापित SME Rating Agency of India (SMERA) ले MSME क्षेत्रको Credit Rating र Risk Profiling तयार पार्दछ । सोही वर्ष MSME लाई आधुनिक प्रविधिमैत्री गर्न विश्वव्यापी मञ्चको रुपमा India SME Technology Services Limited (ISTSL) स्थापना गरिएको छ । सन् २००६ मा Micro Small and Medium Enterprise Development Act

लागू गरी वित्तीय संस्थाहरुलाई SME क्षेत्रमा कर्जा प्रवाह गर्न प्रोत्साहन दिइएको थियो । Securities and Exchange Board of India (SEBX) मा बढ्दो व्यवसायमा इक्विटी (Equity) लगानी बढाउने उद्देश्यले भेञ्चर क्यापिटलको रुपमा SME Growth Fund दर्ता भएको छ । **वित्तीय क्षेत्रबाट नवीनतम प्रयोग र SME क्षेत्रको संस्थागत सुशासनको पालना भए SME क्षेत्रमा वित्तीय प्रवाह बढ्ने यस अध्ययनले बताएको छ ।**

२.५ Singh and Wasdani (2016) ले बैंगलोर शहरका ८५ MSMEs ले जीवनचक्रको विभिन्न चरणमा सामना गर्नुपर्ने वित्तीय चुनौतीहरूको अध्ययन गरेका छन् । उक्त अध्ययन अनुसार धितोको अभाव र उद्यमीहरूमा वित्तीय साक्षरताको कमीले MSMEs ले औपचारिक वित्तीय स्रोतहरूको प्रयोग कम मात्रामा गरेको पाइएको छ ।

२.६ ADB (2015) को Asia SME Finance Monitor 2014 अनुसार न्यून आय भएका मुलुकहरूमा SME Financing नीतिहरू लघुवित्तको विकास र सरकारका सहुलियतपूर्ण कर्जामा सीमित रहेका छन् । अर्थतन्त्रको विस्तारसँगै मुलुकहरु सार्वजनिक **कर्जा सुरक्षण योजना**, **सुरक्षित कारोबार कानून**को सुधार जस्ता SMEs को बैंकिङ्ग क्षमता (Bankability) विकास गर्ने नीतिहरूतर्फ केन्द्रित हुने गरेका छन् । आर्थिक विकासको पछिल्ला चरणहरूमा भने SMEs Financing नीतिहरू पुँजी बजारको विकास र भेञ्चर क्यापिटलको विकासमा केन्द्रित हुने गरेको देखिन्छ । यसैगरी, उक्त प्रतिवेदन अनुसार SMEs Financing नीतिका दुईवटा पक्षहरु रहेका छन् । पहिलो पक्ष, SMEs को बैंकिङ्ग क्षमता बढाउन SMEs कर्जा सूचना पूर्वाधारको विकास तथा सुरक्षित कारोबार कानून सुधार मार्फत चल सम्पत्ति धितो कर्जा जस्ता नीतिगत संरचनाहरूको विकास गर्ने हो । दोस्रो पक्ष, गैरबैंकिङ्ग तथा बजारमा आधारित (Market-Based) वित्तीय विकल्पहरूलाई सहायता गर्ने हो । लिजिङ्ग (Leasing) र फ्याक्टरिङ्ग (Factoring) जस्ता गैरबैंकिङ्ग वित्तीय औजारको प्रयोग बढाउन वित्तीय संस्थाहरूलाई प्रोत्साहन दिन आवश्यक रहेको तथ्य पनि उक्त प्रतिवेदनले औंल्याएको छ ।

२.७ ADB (2015) को Asia SME Finance Monitor 2014 प्रतिवेदनले एसियाको आर्थिक वृद्धिसँगै Growth-Oriented-SMEs को आधार तयार भएको र सोका लागि दीर्घकालीन वित्तीय समाधान आवश्यक रहेको देखाएको छ । अर्कोतर्फ **Basel III को कार्यान्वयनले SME तर्फ प्रवाहित कर्जामा नकारात्मक असर पुऱ्याउन सक्ने** औंल्याइएको छ । उक्त प्रतिवेदन अनुसार एसिया प्रशान्त क्षेत्रमा गैरबैंकिङ्ग वित्तीय स्रोतको परिचालन कुल गार्हस्थ्य उत्पादनको ३.१ प्रतिशत रहेको छ भने कुल कर्जाको १० प्रतिशत रहेको छ । त्यसैगरी, SMEs को वित्तीय पहुँच बढाउनका लागि विस्तृत र सन्तुलित रूपमा नीति निर्माण गरी कार्यान्वयनमा लैजान आवश्यक रहेको उक्त प्रतिवेदनले औंल्याएको छ ।

२.८ World Bank Group (2015) को "Principles for Public Credit Guarantee Schemes for SMEs" अनुसार विशेषगरी SMEs को वित्तीय समावेशिताबाट **आर्थिक वृद्धि** तथा **रोजगारी सिर्जना** गर्न सहयोग पुग्ने देखिन्छ । उक्त प्रतिवेदन अनुसार SMEs कर्जा क्षेत्रमा बजार असफलता (Market Failure) र बजार अपूर्णता (Market Imperfections) धेरै हुने कारण सरकारले कर्जा सुरक्षण योजना लागू गर्ने जस्ता हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने गरेको पाइन्छ । उक्त प्रतिवेदनमा स्वायत्तता, पुँजीको पर्याप्तता र जोखिममा आधारित मूल्यनीति

(Risk Based Pricing Policy) सहित कर्जा सुरक्षण योजनाका १४ सिद्धान्तहरू उल्लेख गरिएका छन् । SME कर्जा सुरक्षण योजनाको यसै प्रतिवेदनको ११औं सिद्धान्तले कर्जा जोखिमलाई कोष, ऋणदाता र ऋणी SME बीच बाँड्न न्यूनतम ५० प्रतिशत कर्जाको सुरक्षण हुनुपर्ने बताएको छ ।

२.९ Ciani, Russo and Vacca (2015) ले युरोपेली SME हरूको वित्तीय व्यवहार र तिनीहरूको लागि सहयोगी नीतिहरूको अध्ययन गरी कार्यपत्र प्रकाशन गरेका छन् । उक्त कार्यपत्र अनुसार ठूला व्यवसायहरूको तुलनामा SMEs बढी leveraged (सम्पत्तिको तुलनामा कर्जा धेरै) हुने र तिनीहरूलाई बढी ब्याज लगाइएको पाइएको छ । युरोपेली संघले दीर्घकालीन लगानी र Capital Market Union स्थापना गरी SMEs को लागि उपयुक्त वित्तीय वातावरण निर्माण गर्ने तर्फ आफ्ना नीतिहरू लक्षित गरेको उक्त अध्ययनले देखाएको छ । त्यसैगरी, धेरेजसो मुलुकहरूले कर्जा सुरक्षण र राष्ट्रिय विकास बैंकहरूको भूमिकामा जोड दिने गरेको पाइएको छ ।

२.१० IFC (2011) को SME Finance Policy ले नीति निर्माताको प्रमुख कार्यहरुमा वित्तीय समावेशिताको प्रवर्द्धन, SMEs को कर्जा पहुँचमा Basel II को प्रभावहरुको मूल्याङ्कन, लिजिङ्ग/फ्याक्टरिङ्ग (Leasing / Factoring) जस्ता वैकल्पिक SME Finance Products को प्रवर्द्धन र प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गर्ने उल्लेख गरेको छ । उक्त प्रतिवेदनमा SME Finance लाई प्रवर्द्धन गर्न सुरक्षित कारोबार, Creditor's Rights, कर्जा सूचना, भुक्तानी प्रणाली र इक्विटी लगानीका पूर्वाधार निर्माण गर्न तथा SMEs का लागि लेखा तथा लेखापरीक्षण मापदण्ड निर्धारण गर्न आवश्यक रहने उल्लेख गरिएको छ । त्यस्तै राज्यले आफ्नो स्वामित्वमा रहेका बैंकहरु, शीर्षस्थ (Apex) तथा अन्य थोक कोष सुविधा (Wholesale Funding Facilities), आंशिक कर्जा सुरक्षण योजना र आफै नै SMEs का ग्राहक बनी हस्तक्षेपकारी भूमिका निर्वाह गर्न आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । साथै प्रतिवेदनमा **कर्जा सुरक्षण अनुपात ५० देखि ८० प्रतिशत** हुँदा खराब कर्जा जोखिम (Default Risk) न्यून हुने जनाइएको छ ।

**बक्स १ : मंगोलियामा SMEs Financing को अभ्यास**

ADB (2015) द्वारा प्रकाशित Asia SME Finance Monitor 2014 मा मंगोलियाको SME क्षेत्रबारे विश्लेषण गरिएको छ । सन् २०१२ यताको निरन्तर उच्च मुद्रास्फिति तथा न्यून प्रत्यक्ष वैदेशिक लगानीका कारण मुलुकले परम्परागत खानीमा आधारित उद्योगभन्दा Growth Oriented Firms मा जोड दिनुपर्ने कुरा प्रतिवेदनमा औंल्याइएको छ । दिगो आर्थिक विकास हासिल गर्न SMEs ले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा प्रतिवेदनमा गरिएको छ ।

सन् २००७ मा लागू भएको "Laws on Small and Medium Enterprise Act" अनुसार सामान्यतया २०० जना भन्दा कमलाई रोजगारी दिने र MNT १.५ अर्ब सम्म वार्षिक कारोबार गर्ने व्यवसायलाई SME का रुपमा परिभाषित गरिएको छ । क्षेत्रगत रुपमा SME को अलग अलग परिभाषा गरिएको छ । उत्पादनमूलक क्षेत्रमा २० जना भन्दा कमलाई रोजगारी दिने र MNT २५ करोडसम्म वार्षिक कारोबार गर्ने व्यवसायलाई SME मानिएको छ । सेवामूलक क्षेत्रमा ५० जना भन्दा कमलाई रोजगारी दिने र MNT १ अर्बभन्दा कम वार्षिक कारोबार गर्ने व्यवसायलाई SME मानिएको छ । थोक व्यापारमा १५० जना भन्दा कमलाई रोजगारी दिने र MNT १.५ अर्व सम्म वार्षिक कारोबार गर्ने र खुद्रा व्यापारमा २०० जना भन्दा कमलाई रोजगारी दिने र MNT १.५ अर्ब सम्म वार्षिक कारोबार गर्ने व्यवसायलाई SME मानिएको छ ।

बैंकबाट SMEs मा प्रवाहित कर्जा उल्लेख्य रूपमा बढेको भएपनि कुल कर्जामा SME कर्जाको अंश न्यून रहेको छ । SME लाई कर्जा प्रवाह गर्न बैंकहरूले सावधानी अपनाउने गरेको तथा नयाँ SMEs को बैंक कर्जामा सीमित पहुँच भएको कारण SME कर्जाको अंश न्यून हुन गएको अवस्था रहेको पाइएको छ ।

सन् २०१४ सम्म मंगोलियाको केन्द्रिय बैंकले SMEs का लागि कुनै विशेष वित्तीय नीति वा योजना बनाएको देखिदैन । यद्यपी सरकारी स्तरमा भने विभिन्न पहलहरु भएको देखिन्छ ।

सन् २०१२ मा स्थापित सार्वजनिक गैर नाफामूलक संस्था Credit Guarantee Fund of Mongolia (CGFM) ले SMEs लाई कर्जा सुरक्षण तथा पुनरसुरक्षणको सुविधा प्रदान गर्दै आएको छ । CGFM ले बैंकहरूले खरिद गरेका SME ऋणपत्रको समेत सुरक्षण गर्ने गर्दछ । CGFM ले २१ प्रान्त, राजधानी शहर र तीन अति विकट जिल्लाहरूमा आफ्नो प्रतिनिधि कार्यालय सञ्चालन गर्दै आएको छ । साथै CGFM ले ग्राहकहरूका लागि तालिम कार्यक्रम सहित परामर्श केन्द्र खोल्ने योजना बनाएको देखिन्छ ।

मंगोलियामा SME Financing को सम्बन्धमा प्रमुख सवाल भनेकै कर्जा सुरक्षण व्यवसायको दीगोपना सुरक्षित गर्नु रहेको छ । दीगोपनाको लागि कोषको स्रोत र नाफा प्रमुख दुई विषय रहने गर्छन् ।

सरकारले Movable Asset Collateral Law जारी गर्न लागेको छ । उक्त कानूनले SMEs को बैंकिङ्ग क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

निजी क्षेत्रमा Credit Information Bureau सञ्चालनमा रहेको छ भने Bank of Mongolia अन्तर्गत Office of Credit Information Center सञ्चालनमा रहेको छ । कर्जा आवेदन छानविन गर्न यी संस्थाहरूले प्रदान गर्ने सूचना निकै महत्वपूर्ण रहने गरेको पाइन्छ ।

European Bank for Reconstruction and Development (EBRD) द्वारा समर्थित Banking and Finance Academy ले बैंकका कर्जा अधिकृतहरूलाई SME कर्जा, कर्जा सुरक्षण र Trade Finance सम्बन्धी तालिम प्रदान गर्दै आएको छ ।

मंगोलियामा रहेका १३ वाणिज्य बैंकहरुमध्ये Khan Bank सबैभन्दा सक्रिय SME कर्जा प्रवाहकको रुपमा रहेको छ । कर्जा लागत, कर्जा आकार र सूचना उपलब्धताको कारण SME कर्जा जोखिमपूर्ण हुने गरेको पाइन्छ । उक्त जोखिम न्यूनीकरण गर्न Khan Bank ले आफ्नै Incubation Center सञ्चालन गर्दै आएको छ । उक्त बैंकले उद्योग मन्त्रालयको SME Development Fund र Japan International Cooperation Agency (JICA) ले प्रदान गर्दै आएको कर्जा पनि परिचालन गर्दै आएको छ ।

गैरबैंकिङ्ग वित्तीय क्षेत्र सानो रहे पनि विस्तारको क्रममा रहेकोले MSMEs का लागि वित्तीय स्रोतको विकल्प हुन सक्ने देखिन्छ ।

मंगोलियामा लिजिङ्ग व्यवसाय पनि तिव्र गतिमा विस्तार हुँदै गएको देखिन्छ । सन् २००६ को Law on Financial Leasing अन्तर्गत स्थापित Xac Leasing ले MSME हरूलाई लक्षित गरी सेवा प्रदान गर्दै आएको छ । बैंकहरुको तुलनामा लिजिङ्ग कम्पनी (Leasing Company) हरू मुख्यतः उपकरण–केन्द्रित हुने हुँदा SMEs को आवश्यकता अनुरूप लिजिङ्ग सेवा छिटो र छरितो हुने गरेको छ ।

Mongolian National Chamber of Commerce and Industry (MNCCI) ले सन् २०१५ मा गरेको अनुसन्धानले खाद्य प्रशोधन, ऊनी तथा पश्मिना र गार्मेण्ट गरी SME का तीन सम्भावित क्षेत्रहरू पहिचान गरेको छ । उद्योग मन्त्रालयको SME Cluster नीतिले यी तीनै क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत राखेको छ ।

मंगोलियामा SMEs का लागि छुट्टै धितोपत्र बजार रहेको छैन ।

मंगोलियामा उद्योग मन्त्रालयले SME विकास योजनाको केन्द्रिय निकायको रुपमा भूमिका निभाउनका साथसाथै विभिन्न मन्त्रालयका SME नीतिहरुको संयोजन समेत गर्ने गरेको पाइन्छ । उक्त मन्त्रालयले SME हरूका लागि नयाँ वित्तीय संयन्त्रको पहिचान गर्न अर्थ मन्त्रालय, Financial Regulatory Commision र Mongolian Stock Exchange को प्रतिनिधि समेटेर एउटा कार्यसमूह तयार पारेको छ ।

उद्योग मन्त्रालय अन्तर्गत सञ्चालित SME Development Program 2014-16 ले कानुनी वातावरण निर्माण, Cluster Development, Innovation Development को लागि अनुसन्धान, क्षमता विकास, वित्तीय पहुँच र बजार विकासमा सहयोग गर्ने जस्ता ६ उद्देश्यहरू लिएको देखिन्छ ।

उद्योग मन्त्रालयले SME Development Fund र Soum Development Fund पनि सञ्चालन गर्दै आएको छ । SME Development Fund ले वाणिज्य बैंकमार्फत Soft Loan प्रदान गर्छ भने Soum Development Fund ले सिधै सरकारबाट कर्जा प्रवाह गर्दछ ।

मंगोलियामा सरकारी स्वामित्वमा ५ र निजी क्षेत्रका १४ गरी जम्मा १९ SME Incubation Center सञ्चालनमा रहेका छन् र यी सबै Mongolian National Association of Incubation Center का सदस्य हुन् । उदाहरणका लागि Dorkhan-Uul प्रान्तको Incubation Center ले सुरुवाती उद्यम (Start-up) का लागि Incubation, तालिम र परामर्शको सेवा प्रदान गर्दछ । Incubation Center मा २–३ वर्षको लागि १७–१८ सुरुवाती उद्यम (Start-up) लाई कार्यस्थल (Workspace), प्रदर्शनीमार्फत Business Matching सेवा र उपकरण/मेशिनरी खरिद गर्न वित्तीय सेवा प्रदान गर्ने गरिन्छ । उक्त Incubation Center को स्थापना पश्चात ४४ सुरुवाती उद्यम (Start-up) हरु लाभान्वित भइसकेको प्रतिवेदनमा उल्लेख छ ।

## बक्स २ : दक्षिण कोरियामा SMEs कर्जा सुरक्षणको अभ्यास

कोरियाको सार्वजनिक कर्जा सुरक्षण प्रणालीमा तीन प्रमुख संस्थाहरु रहेका छन् : Korea Credit Gurantee Fund (KODIT), Korea Technology Credit Guarantee Fund (KOTEC) र फरक व्यवसायहरू हेर्ने १६ क्षेत्रीय सुरक्षण कोषको महासंघ Federation of Credit Guarantee Foundation (KOREG)। यी कर्जा सुरक्षण संस्थाहरुले विभिन्न क्षेत्र हेर्ने गर्दछन्। उक्त तीन संस्थाहरुमध्ये KODIT को स्थापना, कार्यक्षेत्र र कर्जा सुरक्षण प्रक्रियाबारे तल प्रस्तुत गरिएको छ।

कोरिया कर्जा सुरक्षण ऐन अन्तर्गत पहिलो स्वायत्त सार्वजनिक सुरक्षण संस्थाको रूपमा सन् १९७६ मा KODIT को स्थापना भएको हो। यो संस्था गैर नाफामूलक स्वायत्त संस्था हो जसले SMEs को कर्जा पहुँच बढाउन सहयोग गर्दै आएको छ। हाल ९ क्षेत्रीय मुख्यालय, १०६ शाखा (२,३०० कर्मचारी), २,०५,००० ग्यारेण्टी भएका कम्पनी र ४.७ अर्ब अमेरिकी डलर कोष सहित KODIT संसारकै ठूला सुरक्षण संस्थाहरुमध्ये पर्छ। यस संस्थालाई Financial Service Commision (FSC), SME Business Administration र Ministry of Strategy & Finance ले नियमन गर्ने गर्दछ।

KODIT ले सरकारबाट ४५ प्रतिशत, बैंकहरूबाट ५० प्रतिशत अनिवार्य अनुदान मार्फत र अन्य श्रोतबाट ५ प्रतिशत (संस्थान समेत) गरी तीनवटा स्रोतबाट कोष व्यवस्था गर्दै आएको छ।

KODIT ले प्राथमिक रूपमा व्यक्तिगत कर्जा सुरक्षण गर्दछ। सहभागी वित्तीय संस्थाको सल्लाहमा योग्य ऋणीहरूले KODIT मा सिधै वा Online आवेदन दिन्छन। प्राप्त आवेदनहरूलाई KODIT ले एक एक गर्दै छानेर स्वीकृति दिने गर्दछ। यस बाहेक KODIT ले SMEs को बैंकिङ्ग क्षमता (Bankability) सुधार गर्न विभिन्न सहयोगहरु पनि प्रदान गर्दै आएको छ।

KODIT ले Start-up को हकमा सम्पूर्ण कर्जा र अन्य SMEs को हकमा कर्जाको ८०–८५ प्रतिशतसम्म सुरक्षण गर्ने गर्दछ। घरजग्गा, वित्तीय र पर्यटन सेवा बाहेक सबै नाफामूलक व्यवसायहरु कर्जा सुरक्षणको लागि योग्य मानिएको छ। सुरक्षणका लागि अधिकतम रकम २६ लाख अमेरिकी डलर तोकिएको छ। सुरक्षण रकमको ०.५ देखि ३ प्रतिशतसम्म वार्षिक सेवा शुल्क तोकिएको छ।

KODIT स्वायत्त संस्थाको रूपमा स्थापना हुनुपूर्व कोरियामा कर्जा सुरक्षण क्षेत्रमा अनेकौं सञ्चालन चुनौती तथा नैतिक ह्रास (Moral Hazard) सम्बन्धी समस्याहरु थिए। स्वायत्त कर्जा सुरक्षण संस्थाको स्थापना भएसँगै ठूलो परिमाणका कर्जा सुरक्षण कार्यक्रम व्यवस्थापन तथा लागू गर्न KODIT सफल भएको प्रतिवेदनमा उल्लेख छ।

*स्रोत : Sakchyam Access to Finance (2017)*

## नेपालमा भएका अध्ययनका नतिजाहरु

२.११ World Bank Group (2018) का अनुसार विकासशील राष्ट्रहरूमा जस्तो नेपालका वाणिज्य बैंकहरूले नगद प्रवाहमा आधारित कर्जा प्रवाह गर्ने नगरेको तथा अधिकांश कर्जा धितोमा आधारित हुने गरेको पाइएको छ । पर्याप्त सम्पत्तिको कमीले SMEs लाई कर्जा प्राप्तिमा समस्या पर्ने गरेको उक्त शोधपत्रमा उल्लिखित छ । उक्त शोधपत्र अनुसार नेपालमा चार लगानी फर्महरु (डोल्मा, BO2, True North Associates र One to Watch) ले प्राइभेट इक्विटी सरह काम गरिरहेका छन् । मार्च २०१७ सम्ममा उक्त लगानी फर्महरुले संयुक्त रूपमा ४.८ करोड अमेरिकी डलर र त्यसमध्ये  डोल्मा र BO2 ले क्रमशः २.६ करोड र १.४ करोड अमेरिकी डलरको पुँजी व्यवस्थापन गरेका छन् ।  मरीससमा दर्ता भएको डोल्मामा Development Finance Institutions (DFIs) ले ९५ प्रतिशत लगानी गरेको र उक्त फर्मले जलविद्युत र SME क्षेत्रमा लगानी गर्दै आएको छ । नेपाली कम्पनीको रूपमा दर्ता भई पूर्णरूपमा DFIs बाट लगानी भएको BO2 को लगानी क्षेत्र SME रहेको छ ।

२.१२ Beed Management Pvt. Ltd. (२०१८) अनुसार आ.व. २०७४/७५ मा नेपालको MSME क्षेत्रमा कुल औपचारिक कर्जा अन्तर (Credit Gap) कुल गार्हस्थ्य उत्पादनको करिब १५ प्रतिशत रहेको छ । उक्त अध्ययनमा धितो र कागजातको अभावको कारण धेरै MSMEs ले व्यवसाय गर्न आफ्नै वा अनौपचारिक वित्तीय स्रोत प्रयोग गर्ने गरेको जनाइएको छ । अनौपचारिक स्रोतहरु छोटो समयावधिको लागि उपलब्ध हुने र उच्च ब्याजदर रहने हुँदा व्यवसाय वृद्धिमा अवरोध सिर्जना भएको पाइएको छ । औपचारिक कर्जा भने अस्थिर ब्याजदर र उच्च कर्जा जोखिमले प्रभावित हुने गरेको उक्त प्रतिवेदनमा उल्लेख छ ।

२.१३ Sakchyam Access to Finance (२०१७) अनुसार नेपालमा १.२ अर्ब अमेरिकी डलर SME Financing Gap रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुलाई SME क्षेत्रमा कर्जा प्रवाह गर्न प्रोत्साहन नगरेसम्म MSME क्षेत्र वित्तीय साधनको लागि आफ्नै स्रोत वा लघुवित्त र अनौपचारिक क्षेत्रमा आश्रित हुन वाध्य हुने उक्त प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनमा कर्जा सुरक्षण योजनाको सफलताको लागि सोचयुक्त प्रारुप, बलियो संगठन र कोषको स्रोत महत्वपूर्ण हुने कुरा प्रकाश पारिएको छ । हालको निक्षेप तथा कर्जा सुरक्षण कोषको कर्जा सुरक्षण योजनालाई विस्तार गर्न वा केन्द्रीय बैंक तथा वित्तीय संस्थाको इक्विटी सहभागितामा स्वायत्त र समर्पित कर्जा सुरक्षण संस्था स्थापना गर्न सकिने उक्त प्रतिवेदनमा उल्लेख छ ।

## नेपालमा SMEs Financing सम्बन्धी नीतिगत/संस्थागत व्यवस्था

२.१४ राष्ट्रिय योजना आयोग (२०७५) को पन्ध्रौं योजनाको आधारपत्रले तीनै तहका सरकारमा नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने रणनीति अन्तर्गत सिर्जनशील वित्तीय कोषको स्थापना, प्रतिस्पर्धी खुला कोषको प्रभावकारी उपयोग र उद्यमीहरुलाई लगानी तथा कर्जा सुरक्षण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने कार्यनीति तर्जुमा गरेको छ । उक्त आधारपत्रले लघु, घरेलु तथा साना उद्योगमा उद्यमशीलताको लागि वित्तीय पहुँच र लगानीको वातावरण सिर्जना गर्ने रणनीति अन्तर्गत बैंक, वित्तीय संस्था

तथा लघुवित्त संस्थाहरुबाट क्षेत्रगत रुपमा लघु, घरेलु, साना तथा मझौला उद्योगहरुमा हुने अनिवार्य कर्जा प्रवाहको सीमा निर्धारण गर्ने कार्यनीति लिएको छ । उक्त आधारपत्रले वार्षिक १५ हजार लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना गरी वार्षिक ६० हजार थप रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने अपेक्षा राखेको छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट लघु, घरेलु, साना र मझौला उद्योगहरुमा प्रवाह हुने कर्जामा उल्लेख्य वृद्धि हुने अपेक्षा राखेको छ । त्यसैगरी प्रत्येक प्रदेशमा १/१ वटा विजनेस इन्कुवेसन सेन्टरको स्थापना, चुनौती कोषको परिचालन, सिर्जनशील वित्तीय कोषको स्थापना र कर्जा सुरक्षण आरम्भ हुने अपेक्षा पनि राखेको छ ।

२.१५ आ.व. २०७६/७७ को बजेट वक्तव्यमा नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यम तथा व्यवसाय सञ्चालन गर्न सुरुवाती पुँजी उपलब्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था गरिएको छ ।

**साना तथा घरेलु उद्योगसम्बन्धी कोषहरु**

२.१६ उद्योग विभाग (२०७५) अनुसार लघु, घरेलु तथा साना उद्योगहरूको विकास र प्रवर्द्धनको लागि पूर्वाधार निर्माण, क्षमता विकास, प्रविधि हस्तान्तरण र बजारिकरणमा सहयोग गर्न सरकारले **लघु, घरेलु तथा साना उद्योग विकास कोष**को व्यवस्था गरेको छ । कार्य सञ्जाल विस्तार र पूर्वाधार विकासका लागि संस्थागत टेवा पुऱ्याई लघु, घरेलु तथा साना उद्योगको विकास गर्न आर्थिक वर्ष २०६१/६२ को बजेट वक्तव्य मार्फत नेपाल सरकारले एक कोषको स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे बमोजिम लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली २०६२ र लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६८ जारी गरिएको छ ।

२.१७ उद्योग विभाग (२०७५) अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्वदेशी वा वैदेशिक सहयोगमा सञ्चालित सीप विकास, उद्यमशीलता विकास तालिम पश्चात् उद्योग स्थापना गरी सञ्चालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा मेशिन, यन्त्र, उपकरण खरिदको लागि आवश्यक पर्ने पुँजीका निमित्त प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएका र वित्तीय मध्यस्थको काम गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त बैंक, वित्तीय संस्था, सहकारी संस्था वा गैरसरकारी संस्थाद्वारा कर्जा प्रवाह गर्न **लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह मूल कोष**को व्यवस्था गरिएको छ । साबिकको कर्जा प्रवाह निर्देशिका खारेज भई नयाँ "लघु, घरेलु तथा साना उद्योग कर्जा व्यवस्थापन निर्देशिका, २०६३" स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ ।

२.१८ लघु, घरेलु तथा साना उद्योग विकास कोष र लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह मूल कोषलाई एकीकृत गरी एउटै कोष बनाई सञ्चालन गर्ने तयारी गरिएको छ ।

२.१९ औद्योगिक नीति २०६७ ले महिला उद्यमीहरूलाई विशेष सहुलियत र सुविधा प्रदान गर्ने नीति लिए अनुसार महिला उद्यमशीलतालाई प्रवर्द्धन, विकास र विस्तार गराई राष्ट्रिय विकास अभियानमा महिलालाई संलग्न गराउन महिला उद्यमीद्वारा उद्योग स्थापना, सञ्चालन, उद्यम व्यवसायमा थप प्रविधि विस्तार, बजार विस्तार तथा क्षमता अभिवृद्धि जस्ता कार्यमा कर्जा प्रवाह मार्फत सघाउ पुऱ्याउने उद्देश्यले महिला उद्यमशीलता विकास

कोष (सञ्चालन) कार्यविधि, २०६९ जारी गरी आ.व. २०७१/७२ बाट **महिला उद्यमशीलता विकास कोष** कार्यक्रम लागू गरिएको छ । उक्त कोषले विना धितो (परियोजना धितो राखेर) न्यूनतम रु. १ लाखदेखि रु. ५ लाखसम्म वार्षिक ६ प्रतिशत ब्याजमा कर्जा प्रवाह गर्दै आएको छ ।

**बैंकिङ्ग क्षेत्र**

२.२० मौद्रिक नीति २०७६/७७ अनुसार रु. १५ लाखसम्मको कृषि, उद्यम तथा व्यवसाय प्रवर्द्धन कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाले आधार दरमा २ प्रतिशतसम्म मात्र थप गरी ब्याज तोक्न पाउने एवम् सेवा शुल्क तथा अग्रिम भुक्तानी शुल्क लिन नपाइने व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाका शाखाहरुले यस प्रकारको कर्जा निवेदन प्राप्त भएको सात दिन भित्र स्वीकृत गर्नुपर्ने पनि व्यवस्था गरिएको छ ।

२.२१ मौद्रिक नीति २०७६/७७ मा नेपाल राष्ट्र बैंकको 'साना तथा मझौला उद्यममा पुनरकर्जा' अन्तर्गत परियोजना कर्जाको रूपमा साना तथा मझौला उद्यमहरूमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित रु. १० लाखसम्मको असल कर्जाको धितो सुरक्षणमा वार्षिक ३.० प्रतिशत ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने व्यवस्था रहेको छ । साधारण पुनरकर्जा अन्तर्गत पनि उल्लेख्य साना तथा मझौला उद्योगहरू लाभान्वित हुनसक्ने देखिन्छ । विशेष पुनरकर्जा अन्तर्गत नेपाल सरकारबाट तोकिएका रुग्ण उद्योग, घरेलु तथा साना उद्योगमा वार्षिक १.० प्रतिशत ब्याजदरमा पुनरकर्जा उपलब्ध गराइने व्यवस्था रहेको छ ।

२.२२ नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाहरूले लघु, साना र मझौला उद्योगमा कर्जा प्रवाह तथा पहुँच वृद्धिका लागि **कर्जा विभाग अन्तर्गत एउटा छुट्टै एस. एम. ई. डेस्क** स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ ।

२.२३ नेपाल राष्ट्र बैंकबाट तोकिएको प्राथमिकताप्राप्त क्षेत्रमा "क" वर्गका बैंक तथा वित्तीय संस्थालाई कृषि, जलविद्युत/ऊर्जा तथा पर्यटन क्षेत्र तथा "ख" र "ग" वर्गका लागि कृषि, जलविद्युत/ऊर्जा, पर्यटन, औषधि उत्पादन, सिमेन्ट, गार्मेन्ट सँगसँगै साना तथा मझौला उद्योगलाई राखिएको छ । यहाँ साना तथा मझौला उद्योगको परिभाषा औद्योगिक व्यवसाय ऐन २०७३ अनुसार राखिएको भएतापनि कृषि, जलविद्युत/ऊर्जा र पर्यटन क्षेत्रमा पनि उल्लेख्य साना तथा मझौला उद्योगहरू पर्नसक्ने देखिन्छ ।

२.२४ साना तथा मझौला व्यवसाय, व्यावसायिक कृषि तथा पशुपालन एवम् भूकम्पबाट प्रभावित क्षेत्रमा आयमूलक क्रियाकलापलाई प्रोत्साहन गर्न बढीमा रु. २० लाखसम्मको कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्नसक्ने व्यवस्था गरिएको छ ।

**सहकारी क्षेत्र**

२.२५ सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी एवम् गुणस्तरीय बनाउने राष्ट्रिय सहकारी नीति, २०६९ को उद्देश्य

रहेको छ । सहकारी मार्फत सञ्चालन गर्न सकिने उद्योग व्यवसायहरूमा सीपमूलक घरेलु तथा साना उद्योगहरू पर्दछन् ।

२.२६ सोही नीतिमा सहकारी मार्फत महिलाहरूद्वारा स्थापना गरिने साना तथा घरेलु उद्योगहरूलाई पुँजीगत अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

**गैरबैंकिङ्ग क्षेत्र**

२.२७ नेपाल सरकारको आ.व. २०७५/७६ को बजेटमा उल्लिखित भेन्चर क्यापिटल, प्राइभेट इक्विटी र हेज फण्डलगायत नयाँ संस्थाहरूलाई पुँजी बजारमा प्रवेश गराइने कार्यक्रम अनुरुप नेपाल धितोपत्र बोर्डले विशिष्टीकृत लगानी कोष नियमावली २०७५ लागू गरेको छ । उक्त नियमावली अन्तर्गत भेन्चर क्यापिटल तथा प्राइभेट इक्विटीहरूलाई पुँजी जुटाउन सहज हुने अनुमान गर्न सकिन्छ । हाल केही SMEs मा विभिन्न भेन्चर क्यापिटल तथा प्राइभेट इक्विटीहरूको लगानीबाट वित्तीय पुँजीको व्यवस्था भइरहेको छ । यस व्यवस्थापछि SMEs थप लाभान्वित हुनसक्ने देखिन्छ ।

**अन्य निकाय**

२.२८ निक्षेप तथा कर्जा सुरक्षण कोषले कर्जा सुरक्षण नियमावली, २०७५ को दफा ३७ को व्यवस्था अनुसार सदस्य वित्तीय संस्थाहरुले तोकिएको साना तथा मझौला व्यवसायमा प्रवाह गरेको रु. ५० लाखसम्मको कर्जाको सुरक्षण गर्छ ।

२.२९ सन् २०१६ मा अर्थ मन्त्रालय अन्तर्गत स्थापना भएको सुरक्षित कारोबार दर्ता कार्यालयमा चल सम्पति धितो राखी प्रवाह भएको कर्जा कारोबारलाई दर्ता गरिन्छ । यस व्यवस्थापछि धितोको रुपमा चल सम्पत्ति समेत सुरक्षित हुने हुँदा यसको प्रयोग बढ्दै जानाले SMEs लाई पनि कर्जा पहुँचमा सहयोग पुग्ने देखिन्छ ।

## अनुसन्धान अन्तर

२.३० वित्तीय साधन परिचालनसँग सम्बन्धित उपलब्ध विभिन्न कृतिहरुको समीक्षा गर्दा हालसम्म नेपालमा साना तथा मझौला उद्यमहरुमा वित्तीय साधन परिचालनको अवस्थाको विश्लेषण गर्न वृहत रुपमा अध्ययन तथा अनुसन्धान भएको देखिदैन । साथै, SMEs Financing मा रहेका समस्या तथा सम्भावना औंल्याउन अध्ययन भएको देखिदैन । त्यसैगरी, SMEs Financing को विषयमा अध्ययन गरी सोको निष्कर्षको आधारमा यस्ता उद्यमहरुमा के-कस्ता बैंकिङ्ग तथा गैरबैंकिङ्ग वित्तीय साधन परिचालनका मोडलहरु उपयुक्त हुन सक्छन् भनी ठोस सुझावहरु पेश गरिएको देखिदैन ।

# परिच्छेद ३
# अध्ययन विधि

## परिचय

३.१ यस अध्ययनमा प्राथमिक (Primary) तथा द्वितीयक (Secondary) दुवै स्रोतबाट तथ्याङ्क, विवरण एवम् जानकारी संकलन गरी विश्लेषण गरिएको छ । प्राथमिक स्रोततर्फ, साना तथा मझौला उद्योगीहरू, बैंक तथा वित्तीय संस्थाहरू, भेन्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरू र विषयविज्ञहरूसँग अलग-अलग स्थलगत सर्वेक्षण गरी विवरण संकलन गरिएको छ । साथै, सम्बन्धित सरोकारवाला, विज्ञ तथा सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरूसँग काठमाडौंमा अन्तरक्रिया कार्यक्रम गरी जानकारी संकलन गरिएको छ ।

३.२ द्वितीयक स्रोततर्फ, साना तथा मझौला उद्योगमा गरिएको कर्जा प्रवाहको अवस्थाको विश्लेषण गर्न वाणिज्य बैंकहरूबाट तथ्याङ्क संकलन गरिएको छ । साथै, अर्थ मन्त्रालय, उद्योग विभाग, निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्र र यस बैंकबाट प्रकाशित हुने प्रतिवेदन एवम् तथ्याङ्कलाई पनि आवश्यकता अनुसार विश्लेषण गरिएको छ ।

३.३ यस अध्ययनमा नेपालको औद्योगिक व्यवसाय ऐन, २०७३ ले परिभाषित गरेको साना र मझौला उद्योगलाई "साना तथा मझौला उद्यम (SMEs)" को रूपमा लिइएको छ ।

## स्थलगत सर्वेक्षणको लागि नमूना छनौट

३.४ घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका साना उद्योग र उद्योग विभागमा दर्ता भएका साना तथा मझौला उद्योगलाई स्थलगत सर्वेक्षण प्रयोजनका लागि लक्षित जनसंख्या (Target Population) मानिएको छ । (तालिका १)

**तालिका १ : अध्ययनको लक्षित जनसंख्या**
**(आर्थिक वर्ष २०७४/७५ सम्मको तथ्याङ्कमा आधारित)**

<table>
<tr><th>दर्ता भएको कार्यालय</th><th>उद्योगको प्रकार</th><th>उद्योगको संख्या</th><th>लक्षित जनसंख्या</th></tr>
<tr><td rowspan="3">घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति</td><td>लघु</td><td>१६,५५१</td><td>–</td></tr>
<tr><td>घरेलु</td><td>१७,२८९</td><td>–</td></tr>
<tr><td>साना</td><td>२,६८,९३४</td><td rowspan="3">२,७५,४३३</td></tr>
<tr><td rowspan="3">उद्योग विभाग</td><td>साना</td><td>४,८५९</td></tr>
<tr><td>मझौला</td><td>१,६४०</td></tr>
<tr><td>ठूला</td><td>१,०३०</td><td>–</td></tr>
<tr><td colspan="2">जम्मा जनसंख्या (Total Population)</td><td>३,१०,३०३</td><td>–</td></tr>
</table>

*स्रोतः औद्योगिक प्रवर्द्धन तथ्याङ्क, २०७४/७५ र Industrial Statistics 2074/075, उद्योग विभाग*

३.५ अध्ययनमा नमूना संख्या निर्धारण गर्न Cochren (1963) द्वारा प्रतिपादित देहायको सूत्र प्रयोग गरिएको छ ।

$$n_0 = \frac{z^2 \times pq}{e^2}$$

जहाँ,

- ✓ $n_0$ = sample size
- ✓ z = z statistic score set as per the accepted error ($\alpha$) with two-sided effect under the normal curve
- ✓ p = expected prevalence represented by a ratio of proportion of targeted industries to the total number of industries.
- ✓ q = 1 - p and
- ✓ e = margin of error/desired level of precision

यस अध्ययनको लागि माथि उल्लिखित सूत्रको आधारमा देशभरबाट १५४ वटा नमूना छनौट गर्नुपर्ने देखिन्छ । (बक्स ३)

**बक्स ३ : नमूना संख्या गणना**

$p = \frac{Target\ population}{Total\ population} = \frac{275433}{310303}$ = 0.8876

q = 1-p = 1-0.8876 = 0.1124

e = 5% margin of error = 0.05

z = 95% confidence interval = 1.96

त्यसैले,

Sample size $= \frac{1.96^2 * 0.8876 * 0.1124}{0.05^2}$ = 153.305 ≈ 154

३.६ प्रत्येक प्रदेशबाट कम्तिमा १० वटा नमूना छनौट होस् भन्ने उद्देश्यले कर्णाली र सुदूरपश्चिम प्रदेशबाट क्रमशः ४ र २ वटा नमूना थप गरी जम्मा नमूना संख्या १६० कायम गरिएको छ । (तालिका २)

**तालिका २ : प्रदेश अनुसार नमूना संख्या वितरण**

| प्रदेश (Strata) | कुल उद्योगको प्रतिशत | सूत्रानुसारको नमूना संख्या | अध्ययनको नमूना संख्या |
|---|---|---|---|
| १ | १२.८५ | २० | २० |
| २ | १३.८२ | २१ | २१ |
| ३ | ३६.४० | ५६ | ५६ |
| गण्डकी | ९.५५ | १५ | १५ |
| ५ | १७.५६ | २७ | २७ |
| कर्णाली | ४.०५ | ६ | १० |
| सुदूरपश्चिम | ५.७८ | ९ | ११ |
| जम्मा | १००.०० | १५४ | १६० |

३.७ यस अध्ययनमा नमूना इकाइ छनौट गर्न Multi-Stage Sampling विधिको प्रयोग गरिएको छ । Purposive Sampling विधि प्रयोग गरी प्रत्येक प्रदेशबाट एक-एक जिल्ला तथा छनौट भएका जिल्लाका एक-एक स्थानीय तह छनौट गरिएको छ । सोही अनुसार प्रदेश ३ को लागि काठमाडौं जिल्लामा काठमाडौं महानगरपालिका र अन्य प्रदेशको हकमा प्रदेश राजधानी रहेको जिल्लाको स्थानीय तह छनौट गरिएको छ । छनौट भएका स्थानीय तहबाट Simple Random Sampling विधिको प्रयोग गरी वडा छनौट गरिएको (अनुसूची १) र प्रत्येक वडाको लागि साना र मझौला उद्योगको छुट्टाछुट्टै Sampling Frame तयार गरी आवश्यक संख्यामा नमूना छनौट गरिएको छ ।

३.८ साना उद्योगहरूको Sampling Frame बाट Simple Random Sampling विधि प्रयोग गरी प्रदेश १ बाट २० वटा, प्रदेश २ बाट २१ वटा, प्रदेश ३ बाट ४७ वटा, गण्डकी प्रदेशबाट १३ वटा, प्रदेश ५ बाट २७ वटा, कर्णाली प्रदेशबाट १० वटा र सुदूरपश्चिम प्रदेशबाट ११ वटा साना उद्योग पर्ने गरी जम्मा १४९ नमूना छनौट गरिएको छ । मझौला उद्योगहरूको उपलब्धतालाई मध्यनजर गर्दै त्यस्ता उद्योगहरूको Sampling Frame बाट Simple Random Sampling विधि प्रयोग गरी प्रदेश ३ बाट ९ वटा र गण्डकी प्रदेशबाट २ वटा मझौला उद्योग पर्ने गरी जम्मा ११ वटा नमूना छनौट गरिएको छ ।

३.९ नमूना छनौटमा परेका स्थानीय तहबाट कम्तिमा ५ वटा बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरू र ५ जना SMEs Financing का विषयविज्ञहरू पर्ने गरी Quota Sampling विधि प्रयोग गरी साना तथा मझौला उद्योग बाहेकका अन्य उत्तरदाताहरु छनौट गरिएको छ । काठमाडौंस्थित ५ वटा वाणिज्य बैंकका केन्द्रिय कार्यालयहरू र ५ वटा भेन्चर क्यापिटल /प्राइभेट इक्विटी कम्पनीहरू पनि Quota Sampling विधि प्रयोग गरी छनौट गरिएको छ ।

## स्थलगत सर्वेक्षण विधि

३.१० छनौट गरिएको नमूना उद्योग, बैंक तथा वित्तीय संस्था (केन्द्रिय कार्यालय र शाखा कार्यालय), SMEs Financing का विषयविज्ञ र भेन्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरूबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलन गर्न स्थलगत सर्वेक्षण गर्दा छुट्टाछुट्टै

प्रश्नावलीको प्रयोग गरिएको छ । स्थलगत सर्वेक्षणका प्रश्नावलीहरूलाई अनुसूची २ (क–ङ) मा प्रस्तुत गरिएको छ ।

## तथ्याङ्क विश्लेषण विधि

३.११ नमूना छनौटबाट संकलित विवरणलाई IBM SPSS Statistics 23 प्रयोग गरी विश्लेषण गरिएको छ । साथै, आवश्यकता अनुसार व्याख्यात्मक (Descriptive) तथा वर्णनात्मक (Explanatory) विधि समेत प्रयोग गरिएको छ ।

# परिच्छेद ४
# तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण

## नेपालमा SME Financing को विद्यमान अवस्था

### बैंक तथा वित्तीय संस्थाबाट SMEs मा प्रवाह भएको कर्जा

४.१ बैंक तथा वित्तीय संस्थाहरू ('क', 'ख' र 'ग' वर्ग) ले प्रवाह गरेको कर्जाको प्रदेशगत वितरणमा ठूलो असमानता रहेको देखिएको छ । २०७५ फागुन मसान्तमा रहेको कुल बक्यौता (Outstanding) कर्जामध्ये देशको राजधानी रहेको प्रदेश ३ मा सबैभन्दा धेरै ५५.५ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ भने सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा ज्यादै न्यून अर्थात क्रमशः २.९ प्रतिशत र १ प्रतिशत मात्र कर्जा प्रवाह भएको देखिन्छ (स्रोत : नेपाल राष्ट्र बैंक) । उपरोक्त तथ्याङ्कका आधारमा साना तथा मझौला उद्योगमा पनि प्रदेश ३ मा सबैभन्दा धेरै र कर्णाली प्रदेशमा सबैभन्दा थोरै कर्जा प्रवाह भएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

४.२ २०७६ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू ('क', 'ख' र 'ग' वर्ग) ले कृषि, ऊर्जा र पर्यटन क्षेत्रबाहेकका साना तथा मझौला उद्योग (औद्योगिक व्यवसाय ऐन, २०७३ को परिभाषा अनुसार) हरूमा कुल बक्यौता कर्जाको ३.२६ प्रतिशत कर्जा प्रवाह गरेको पाइएको छ (स्रोत : नेपाल राष्ट्र बैंक) ।

४.३ वाणिज्य बैकहरूले विगत तीन वर्ष (आ.व. २०७२/७३ - आ.व. २०७४/७५) मा साना र मझौला उद्योगहरू (औद्योगिक व्यवसाय ऐन, २०७३ को परिभाषा अनुसार) मा कुल बक्यौता कर्जाको औसतमा ११.५ प्रतिशत कर्जा प्रवाह गरेको पाइएको छ । यद्यपि, वाणिज्य बैंकहरूबीच साना र मझौला उद्योगमा प्रवाह भएको कर्जा परिमाणमा भने ठूलो भिन्नता रहेको पाइएको छ (अनुसूची ३) ।

### साना तथा मझौला उद्यममा पुनरकर्जा कार्यक्रम

४.४ आ.व. २०६४/६५ देखि नेपाल राष्ट्र बैंकले साना तथा मझौला उद्यममा पुनरकर्जा कार्यक्रमको व्यवस्था गरेको छ (स्रोतः नेपाल राष्ट्र बैंक) । नेपाल राष्ट्र बैंकको "विशेष पुनरकर्जा" तथा "साधारण पुनरकर्जा" कार्यक्रमबाट समेत केही साना तथा मझौला उद्योगहरू लाभान्वित भएको हुनसक्ने देखिन्छ ।

### सुरक्षित दर्ता कारोबार सेवा

४.५ आ.व. २०७३/७४ देखि कार्यान्वयनमा आएको सुरक्षित दर्ता कारोबार सेवामा SME सँग सम्बन्धित सूचनाहरूको दर्ता हुने क्रम उल्लेख्य रुपमा बढेको पाइएको छ । आ.व. २०७३/७४ मा SME सँग सम्बन्धित २६,२१४ सूचनाहरू दर्ता भएकोमा आ.व. २०७४/७५ मा यस्तो संख्या ४५.२ प्रतिशतले वृद्धि भई ३८,०५८ पुगेको छ । SME सँग सम्बन्धित यस्तो सूचनाको दर्ता संख्या कुल दर्ता संख्याको ६६.५ प्रतिशत हुन आउँछ

(स्रोत : कर्जा सूचना केन्द्र) । उपरोक्त तथ्याङ्कले चल सम्पत्ति धितो राखी SME कर्जा लिने प्रवृत्ति क्रमशः बढ्दै गएको देखाउँछ ।

**साना तथा मझौला उद्यम कर्जा सुरक्षण**

४.६ आ.व. २०६६/६७ बाट कार्यान्वयनमा आएको "साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम" मा आ.व. २०७१/७२ मा २ वटा बैंकहरु सहभागी भएकोमा आ.व. २०७४/७५ मा आइपुग्दा समेत ३ वटा बैंकहरू मात्र सहभागी रहेको पाइएको छ । कर्जा सुरक्षण गर्ने ऋणीको संख्या आ.व. २०७३/७४ सम्म वृद्धि भएपनि आ.व. २०७४/७५ मा घटेको देखिएको छ । सुरक्षण कर्जा रकम भने क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । आ.व. २०७१/७२ मा रू. ३५ करोड कर्जा सुरक्षण गरिएकोमा आ.व. २०७४/७५ मा रू. ८१ करोड पुगेको देखिन्छ । (तालिका ३)

**तालिका ३ : साना तथा मझौला उद्यम कर्जा सुरक्षणको स्थिति (रकम रू. लाखमा)**

| आ. व. | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|
| **बैंकको संख्या** | २ | २ | ३ | ३ |
| **ऋणीको संख्या** | ५०५ | ८५१ | ८६७ | ५३० |
| **सुरक्षण कर्जा रकम** | ३५०४.७४ | ५२३३.७२ | ५७८३.७९ | ८०९५.५६ |

*स्रोत : निक्षेप तथा कर्जा सुरक्षण कोष*

**विभिन्न सरकारी कोष**

४.७ आ.व. २०७४/७५ बाट कार्यान्वयनमा आएको लघु, घरेलु तथा साना उद्योग विकास कोषबाट सोही वर्ष १२९ प्रस्तावहरुमा रु. २ करोड ४८ लाख अनुदान रकम स्वीकृत भएको छ (स्रोत : उद्योग विभाग) । यस कोषबाट साना उद्योगहरू प्रत्यक्ष रुपमा लाभान्वित भएको देखिन्छ ।

४.८ आ.व. २०७१/७२ मा १० जिल्लाबाट लागू गरिएको महिला उद्यमशीलता विकास कोष आ.व. २०७४/७५ सम्ममा ७५ जिल्लामा बिस्तार भएको छ । उक्त कोषबाट आ.व. २०७१/७२ मा ११९ वटा कर्जा स्वीकृत भएकोमा सो संख्यामा उल्लेख्य वृद्धि भई आ.व. २०७४/७५ मा ७७५ वटा पुगेको छ । आ.व. २०७१/७२ मा रू. १ करोड ४० लाख कर्जा स्वीकृत भएकोमा आ.व. २०७३/७४ सम्म उल्लेख्य रुपमा वृद्धि भई रू. १६ करोड ६० लाख पुगेको छ । यद्यपि, आ.व. २०७४/७५ मा यस्तो रकममा ह्रास आई रू. १२ करोड ६० लाख कायम रहेको देखिन्छ (तालिका ४) । महिला उद्यमीहरु ठूलो संख्यामा साना तथा मझौला उद्योगमा संलग्न हुने हुँदा यस कार्यक्रमले पनि SMEs Financing मा सकारात्मक भूमिका खेल्ने देखिन्छ ।

**तालिका ४ : महिला उद्यमशीलता विकास कोषको स्थिति (रकम रू. लाखमा)**

| आ. व. | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|
| **लागू भएको जिल्ला संख्या** | १० | २१ | ४२ | ७५ |
| **कर्जा संख्या** | ११९ | २२९ | ७६५ | ७७५ |
| **स्वीकृत रकम** | १४३.० | २७०.५ | १६५८.६४ | १२५६.० |

*स्रोत : उद्योग विभाग*

४.९ नेपालमा हालसम्म सहकारी संस्था, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनी, पुँजी बजार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र अनौपचारिक क्षेत्र (साहु, महाजन, साथीभाइ, नातेदार आदि) बाट भएको SME Financing सम्बन्धी तथ्याङ्क तथा विवरण संकलन भएको देखिदैन ।


## स्थलगत सर्वेक्षण

### सर्वेक्षण : साना तथा मझौला उद्योग

***उद्योगको प्रकार, उत्पादन स्थिति र रोजगारी***

४.१० नमूना सर्वेक्षण गरिएका साना तथा मझौला उद्योगहरूमा ३६ प्रतिशत उत्पादनमूलक उद्योग, २६ प्रतिशत पर्यटन उद्योग, २१ प्रतिशत सेवामूलक उद्योग, १२ प्रतिशत कृषि उद्योग, ३ प्रतिशत निर्माण उद्योग र २ प्रतिशत ऊर्जासम्बन्धी उद्योग रहेको पाइएको छ । (चार्ट १)

**चार्ट १ : नमूना साना तथा मझौला उद्योगको प्रकार**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.११ सर्वेक्षणले साना तथा मझौला उद्योगको सम्पूर्ण उत्पादन देशभित्रै खपत हुने देखाएको छ।

४.१२ नेपालमा साना तथा मझौला उद्योगहरूले औसतमा ९ जनालाई रोजगारी दिने गरेको सर्वेक्षणमा देखिएको छ। सबैभन्दा बढी औसत रोजगारी प्रदेश ५ र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको देखिएको छ। दुई जनालाई रोजगारी दिने साना उद्योग र ७ जनालाई रोजगारी दिने मझौला उद्योगको संख्या सबैभन्दा धेरै रहेको पाइएको छ। साना उद्योगहरूले अधिकतम १५० जनासम्म र मझौला उद्योगहरूले अधिकतम ५३९ जनासम्मलाई रोजगारी प्रदान गरेको देखिएको छ। (तालिका ५)

**तालिका ५ : SMEs ले सिर्जना गरेको रोजगारीको स्थिति (प्रति उद्योग)**

| प्रदेश | औसत (Mean)* | बहुलक (Mode) | अधिकतम |
|---|---|---|---|
| प्रदेश १ | ९.२५ | ४ | ४० |
| प्रदेश २ | ६.८१ | १ | ५० |
| प्रदेश ३ | ९.३७ | २ | ५३९ |
| गण्डकी प्रदेश | ६.२७ | २ | ३० |
| प्रदेश ५ | ११.७४ | २ | १५० |
| कर्णाली प्रदेश | २.७० | २ | ७ |
| सुदूरपश्चिम प्रदेश | ४.२७ | ३ | १२ |
| *नेपाल :* | | | |
| *साना उद्योग* | *७.९१* | *२* | *१५०* |
| *मझौला उद्योग* | *१२०.२७* | *८* | *५३९* |
| *साना तथा मझौला उद्योग* | *८.५७* | *२* | *५३९* |


*स्रोत : स्थलगत सर्वेक्षण*

** weighted average प्रयोग गरिएको (तालिका १ को आधारमा साना र मझौला उद्योगको weight निर्धारण गरिएको)*

### *लगानीको स्रोत*

४.१३ नेपालमा साना तथा मझौला उद्योगहरूले औसतमा ३३ प्रतिशत पैतृक सम्पत्तिबाट, २६ प्रतिशत आफ्नै आम्दानीको बचतबाट र १६ प्रतिशत बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाबाट सुरुवाती पुँजी जुटाएको सर्वेक्षणले देखाएको छ। लगानीका अन्य स्रोतहरुमा क्रमशः अनौपचारिक कर्जा (८ प्रतिशत), विप्रेषण आय (७ प्रतिशत), सहकारी संस्था कर्जा (६ प्रतिशत) र भेन्चर क्यापिटल (०.५ प्रतिशत) लगायतका रहेका छन्। साना तथा मझौला उद्योगहरूले शेयर निष्काशन गरेर पुँजी जुटाएको देखिदैन। (चार्ट २)


**चार्ट २ : SMEs को सुरुवाती लगानीको स्रोत**




*स्रोत : स्थलगत सर्वेक्षण*


### ***बैंक तथा वित्तीय संस्थाबाट कर्जा परिचालन***

४.१४ नेपालमा करिब ५० प्रतिशत साना तथा मझौला उद्योगहरूले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएको सर्वेक्षणले देखाएको छ । प्रदेश १ मा सबैभन्दा बढी र प्रदेश ३ मा सबैभन्दा कमले कर्जा लिएको देखिन्छ । प्रदेश ३ मा परम्परागत रुपमा स्थापित भइसकेका उद्योगहरुको बाहुल्यता रहेको कारण बाह्य पुँजीको आवश्यकता न्यून मात्रामा पर्ने भएकोले थोरै प्रतिशत साना तथा मझौला उद्योगहरूले मात्र कर्जा लिएको हुनसक्ने देखिन्छ । यद्यपि, उक्त प्रदेशमा साना तथा मझौला उद्योगहरूको संख्या सर्वाधिक (३६.४ प्रतिशत) रहेकोले अन्य प्रदेशको तुलनामा कर्जा लिने उद्योगहरूको संख्या भने उच्च रहेको देखिन्छ । कर्जा लिनेमा साना उद्योगभन्दा मझौला उद्योगको हिस्सा बढी देखिएको छ । करिब ४ प्रतिशत साना तथा मझौला उद्योगहरूले कर्जाको लागि प्रयास गरेतापनि कर्जा प्राप्त गर्न नसकेको जनाएका छन् । (चार्ट ३)





*स्रोत : स्थलगत सर्वेक्षण*

४.१५ बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका साना तथा मझौला उद्योगहरूले वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाबाट क्रमशः ८४.८ प्रतिशत, ८.९ प्रतिशत, २.५ प्रतिशत र ३.८ प्रतिशतले कर्जा प्राप्त गरेको पाइएको छ । कर्जा लिएका मझौला उद्योगहरूले शत प्रतिशत कर्जा वाणिज्य बैंकबाट प्राप्त गरेको सर्वेक्षणले देखाएको छ (चार्ट ४) ।




*स्रोत : स्थलगत सर्वेक्षण*

४.१६ साना तथा मझौला उद्योगहरूमध्ये सबैभन्दा बढी २६.६ प्रतिशतले रू. १० लाखभन्दा कम कर्जा लिएको सर्वेक्षणले देखाएको छ। रू. १० लाखदेखि २५ लाखसम्म र रू. २५ लाखदेखि ५० लाखसम्म कर्जा लिएका उद्योगहरूको संख्या क्रमशः २४.१ प्रतिशत र २२.८ प्रतिशत पाइएको छ । मझौला उद्योगहरूको हकमा भने सबैभन्दा बढी ३३.३ प्रतिशतले रू. ५ करोडदेखि रू. १५ करोडसम्म कर्जा लिएको सर्वेक्षणले देखाएको छ । समग्रमा हेर्दा, अधिकांश साना उद्योगहरुले रू. ५० लाखभन्दा कम र अधिकांश मझौला उद्योगहरुले रु. ५० लाखभन्दा बढी कर्जा लिएको सर्वेक्षणले देखाएको छ। (चार्ट ५)




*स्रोत : स्थलगत सर्वेक्षण*

४.१७ नेपालमा दुई तिहाई भन्दा बढी साना उद्योगहरूले छोटो अवधिको कर्जा उपयोग गरेको पाइएको छ । तर अधिकांशको आवश्यकता भने मध्यम तथा लामो अवधिको कर्जा रहेको सर्वेक्षणमा देखिएको छ । मझौला उद्योगको हकमा मध्यम तथा लामो अवधिको कर्जाको उपयोग भएको तर यस्ता उद्योगहरुमा लामो अवधिको कर्जाको आवश्यकता सर्वाधिक रहेको देखिएको छ। (तालिका ६)


### तालिका ६ : कर्जा समयसीमाको आधारमा SMEs को संख्या (प्रतिशतमा)

| प्रदेश | छोटो अवधि (१ वर्षसम्म) | | मध्यम अवधि (१ देखि ५ वर्षसम्म) | | लामो अवधि (५ वर्षभन्दा माथि) | |
|---|---|---|---|---|---|---|
| | हालको स्थिति | आवश्यकता | हालको स्थिति | आवश्यकता | हालको स्थिति | आवश्यकता |
| प्रदेश १ | ७०.६ | ६०.० | २३.५ | २०.० | ५.९ | २०.० |
| प्रदेश २ | ७६.९ | ३६.८ | १५.४ | ३६.८ | ७.७ | २६.३ |
| प्रदेश ३ | ४५.५ | २०.० | २७.३ | ३०.० | २७.३ | ५०.० |
| गण्डकी प्रदेश | ४४.४ | ३३.३ | २२.२ | ०.० | ३३.३ | ६६.७ |
| प्रदेश ५ | ५७.१ | २८.६ | ४२.९ | ५७.१ | ०.० | १४.३ |
| कर्णाली प्रदेश | ६६.७ | ३३.३ | १६.७ | १६.७ | १६.७ | ५०.० |
| सुदूरपश्चिम प्रदेश | ८८.९ | ४४.४ | ११.१ | २२.२ | ०.० | ३३.३ |
| *नेपाल :* | | | | | | |
| *साना उद्योग* | *६९.९* | *४०.९* | *२१.९* | *३१.८* | *८.२* | *२७.३* |
| *मझौला उद्योग* | *०.०* | *०.०* | *५०.०* | *१६.७* | *५०.०* | *८३.३* |
| *साना तथा मझौला* | *६४.६* | *३८.३* | *२४.१* | *३०.९* | *११.४* | *३०.९* |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.१८ साना तथा मझौला उद्योगहरूले बैंक तथा वित्तीय संस्थाहरुलाई न्यूनतम ५ प्रतिशतदेखि अधिकतम १८ प्रतिशतसम्म र औसतमा वार्षिक १२.५१ प्रतिशत ब्याज तिर्ने गरेको सर्वेक्षणले देखाएको छ । मझौला उद्योगहरूले भन्दा साना उद्योगहरूले बढी ब्याज तिर्ने गरेको देखिएको छ । १४ प्रतिशत ब्याज तिर्ने साना तथा मझौला उद्योगहरूको संख्या सबैभन्दा बढी रहेको पाइएको छ । (चार्ट ६)

**चार्ट ६ : SMEs ले लिएको कर्जाको ब्याजदरको स्थिति (प्रतिशत)**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.१९ साना तथा मझौला उद्योगहरूले बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्राप्त गर्दा न्यूनतम ०.२५ प्रतिशतदेखि अधिकतम २ प्रतिशतसम्म र औसतमा झण्डै १ प्रतिशत सेवाशुल्क तिर्ने गरेको सर्वेक्षणले देखाएको छ । (तालिका ७)

**तालिका ७ : SMEs ले लिएको कर्जाको सेवाशुल्कको स्थिति (प्रतिशतमा)**

| प्रदेश | औसत (Mean) | बहुलक (Mode) | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| प्रदेश १ | ०.८९ | १ | ०.५० | १.५० |
| प्रदेश २ | ०.९९ | १ | ०.५० | १.५० |
| प्रदेश ३ | १.०२ | १ | ०.५० | २.०० |
| गण्डकी प्रदेश | ०.८४ | १ | ०.२५ | १.२५ |
| प्रदेश ५ | ०.९९ | १ | ०.२५ | २.०० |
| कर्णाली प्रदेश | १.२५ | १ | १.०० | २.०० |
| सुदूरपश्चिम प्रदेश | ०.९८ | १ | ०.२५ | १.६० |
| *नेपाल :* | | | | |
| *साना उद्योग* | *०.९९* | *१* | *०.२५* | *२.००* |
| *मझौला उद्योग* | *०.७९* | *१* | *०.२५* | *१.२५* |
| *साना तथा मझौला उद्योग* | *०.९७* | *१* | *०.२५* | *२.००* |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.२० बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न साना तथा मझौला उद्योगहरूलाई औसतमा ३८ दिन लाग्ने गरेको पाइएको छ । कर्जा प्राप्त गर्न न्यूनतम १ दिनदेखि अधिकतम १ वर्षसम्म र धेरै जसोलाई ३० दिन लाग्ने गरेको सर्वेक्षणले देखाएको छ । (तालिका ८)

**तालिका ८ : SMEs लाई कर्जा प्राप्त गर्न लागेको समय (दिनमा)**


| प्रदेश | औसत (Mean) | बहुलक (Mode) | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| प्रदेश १ | २०.०६ | ३० | १ | ४५ |
| प्रदेश २ | ४७.३१ | २० | १० | १२० |
| प्रदेश ३ | ४३.८२ | १५ | ५ | २४० |
| गण्डकी प्रदेश | ३१.७५ | १५ | ७ | ९० |
| प्रदेश ५ | ३४.०७ | १० | ७ | ९० |
| कर्णाली प्रदेश | ८१.६७ | ३० | २ | ३६५ |
| सुदूरपश्चिम प्रदेश | २८.८९ | ३० | १५ | ६० |
| *नेपाल :* | | | | |
| *साना उद्योग* | *३६.९०* | *३०* | *१* | *३६५* |
| *मझौला उद्योग* | *४३.६७* | *३०* | *७* | *९०* |
| *साना तथा मझौला उद्योग* | *३७.४२* | *३०* | *१* | *३६५* |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.२१ नेपालमा ८५.९ प्रतिशत साना तथा मझौला उद्योगहरूले बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न घरजग्गालाई धितोको रूपमा प्रयोग गरेको सर्वेक्षणले देखाएको छ । चल सम्पत्ति धितोको रूपमा प्रयोग गर्ने साना तथा मझौला उद्योगहरूको संख्या ६.४ प्रतिशत

छ भने मेशिनरी तथा उपकरणलाई धितोको रूपमा प्रयोग गर्ने १.३ प्रतिशत रहेको पाइएको छ। (चार्ट ७)

**चार्ट ७: SMEs द्वारा कर्जाका लागि प्रयोग भएको धितो**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.२२ नेपालमा साना तथा मझौला उद्योगहरूमध्ये सबैभन्दा बढीले नगद प्रवाह (Cash Flow) लाई धितोको रूपमा राख्न चाहेको सर्वेक्षणले देखाएको छ । दोस्रोमा गोदाम (Hypothecation) र तेस्रोमा घरजग्गालाई धितोको रूपमा राख्न चाहेको पाइएको छ । (तालिका ९)

**तालिका ९ : SMEs ले राख्न चाहेको धितोको प्रकार**

| धितोको प्रकार | प्राथमिकता |
|---|---|
| नगद प्रवाह (Cash Flow) | पहिलो |
| गोदाम (Hypothecation) | दोस्रो |
| घरजग्गा | तेस्रो |
| चल सम्पत्ति | चौथो |
| ग्यारेण्टी | पाँचौं |
| सुनचाँदी | छैटौं |
| धितोपत्र | सातौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.२३ साना उद्योगमध्ये १९.२ प्रतिशतले ब्याजमा सहुलियत प्राप्त गरेको र २.७ प्रतिशतले व्यक्तिगत जमानीमा कर्जा लिएको सर्वेक्षणले देखाएको छ। मझौला उद्योगहरुले कुनै पनि सहुलियतपूर्ण कर्जा लिएको देखिदैंन । कुनै पनि साना तथा मझौला उद्योगहरूले 'साना तथा मझौला उद्यममा पुनरकर्जा' र परियोजना कर्जा लिएको देखिएको छैन । (तालिका १०)

**तालिका १० : कर्जामा विभिन्न सहुलियत प्राप्त गरेका SMEs को संख्या (प्रतिशतमा)**


| उद्योग | ब्याजमा सहुलियत | पुनरकर्जा | परियोजना धितो राखेर कर्जा | व्यक्तिगत जमानी |
|---|---|---|---|---|
| *साना* | *१९.२* | *0.0* | *0.0* | *२.७* |
| *मझौला* | *0.0* | *0.0* | *0.0* | *0.0* |
| *साना तथा मझौला* | *१७.९* | *0.0* | *0.0* | *२.६* |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.२४ अधिकांश साना तथा मझौला उद्योगहरूलाई 'साना तथा मझौला उद्यममा पुनरकर्जा' (SMEs Refinancing) कार्यक्रमको बारेमा जानकारी नभएको सर्वेक्षणले देखाएको छ ।

४.२५ नेपालमा साना तथा मझौला उद्योगहरूले ४६.९ प्रतिशत कर्जा स्थिर सम्पत्ति खरिद गर्न, ३६.४ प्रतिशत कच्चा पदार्थ खरिद गर्न र ११.५ प्रतिशत सञ्चालन खर्च धान्न उपयोग गरेको सर्वेक्षणले देखाएको छ । (चार्ट ८)

**चार्ट ८ : SMEs द्वारा कर्जा उपयोगको स्थिति**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.२६ नेपालमा १० प्रतिशत साना तथा मझौला उद्योगहरूले कर्जा प्राप्त गर्न अत्यन्तै सजिलो रहेको, ३८.८ प्रतिशतले सजिलो रहेको, २१.३ प्रतिशतले सामान्य रहेको, २१.३ प्रतिशतले कठिन रहेको र ८.८ प्रतिशतले अत्यन्तै कठिन रहेको बताएका छन् । (तालिका ११)

**तालिका ११: SMEs लाई कर्जा प्राप्तिमा सहजता (प्रतिशतमा)**

| उद्योग | अत्यन्तै सजिलो | सजिलो | सामान्य | कठिन | अत्यन्तै कठिन |
|---|---|---|---|---|---|
| साना उद्योग<br>मझौला उद्योग | ९.५<br>१६.७ | ३९.२<br>३३.३ | २१.६<br>१६.७ | २१.६<br>१६.७ | ८.१<br>१६.७ |
| साना तथा मझौला उद्योग | १०.० | ३८.८ | २१.३ | २१.३ | ८.८ |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.२७ नेपालमा ६२.२ प्रतिशत साना तथा मझौला उद्योगहरूले किस्ता भुक्तानी गर्न कठिनाइ नरहेको, ३५.१ प्रतिशतले कहिलेकाही समस्या हुने गरेको र २.७ प्रतिशतले कठिन रहेको बताएका छन् । (तालिका १२)

**तालिका १२ : किस्ता भुक्तानीमा कठिनाइ (प्रतिशतमा)**

| उद्योग | कठिनाइ छैन | कहिलेकाही समस्या छ | कठिनाइ छ |
|---|---|---|---|
| साना उद्योग<br>मझौला उद्योग | ६२.३<br>६०.० | ३६.२<br>२०.० | १.४<br>२०.० |
| साना तथा मझौला उद्योग | ६२.२ | ३५.१ | २.७ |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.२८ नेपालमा साना तथा मझौला उद्योगहरूले BFIs बाट कर्जा प्राप्त गर्दा भोगेका विभिन्न समस्याहरूमध्ये झन्झटिलो प्रक्रिया, उच्च ब्याजदर र धितोको अभावलाई प्रमुख तीन समस्या मान्ने गरेको पाइएको छ । (तालिका १३)

**तालिका १३ : SMEs लाई कर्जा प्राप्तिमा देखिएका समस्या**

| समस्या | प्राथमिकता |
|---|---|
| झन्झटिलो प्रक्रिया | पहिलो |
| उच्च ब्याजदर | दोस्रो |
| धितोको अभाव | तेस्रो |
| बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न नचाहने | चौथो |
| अन्य (लामो समय लाग्ने, उच्च सेवाशुल्क, आदि) | पाँचौं |
| सरोकारवालालाई जानकारी नहुनु | छैटौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

***सहकारी संस्थाबाट SMEs मा कर्जा परिचालन***

४.२९ साना तथा मझौला उद्योगहरूले औसतमा करिब ६ प्रतिशत सुरुवाती लगानी सहकारी संस्थाबाट कर्जा लिएर जुटाउने गरेको सर्वेक्षणले देखाएको छ । (चार्ट २)

४.३० नेपालमा साना तथा मझौला उद्योगहरूले सहकारीबाट कर्जा प्राप्त गर्दा उच्च ब्याजदर र लगानीयोग्य पुँजी (ऋणयोग्य कोष) को अभावलाई प्रमुख समस्या मानेको सर्वेक्षणले देखाएको छ । (तालिका १४)


**तालिका १४ : सहकारी कर्जा प्राप्तिमा देखिएका समस्या**

| समस्या | प्राथमिकता |
|---|---|
| उच्च ब्याजदर | पहिलो |
| लगानी योग्य पुँजीको अभाव | दोस्रो |
| अन्य (छोटो अवधि, उच्च सेवाशुल्क, आदि) | तेस्रो |
| नातावाद | चौथो |
| धितोको अभाव | पाँचौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.३१ आधाभन्दा बढी साना तथा मझौला उद्योगहरूले बैंक तथा वित्तीय संस्थाभन्दा सहकारी संस्थाबाट कर्जा लिन सहज हुने बताएका छन् । तर प्रदेशगत रूपमा हेर्दा प्रदेश १, प्रदेश २ र कर्णाली प्रदेशका साना तथा मझौला उद्योगहरू र उद्योगको प्रकारगत रूपले हेर्दा मझौला उद्योगहरूले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सहज रहेको बताएका छन् । (चार्ट ९)

**चार्ट ९ : SMEs को कर्जा लिने संस्था प्रतिको रोजाई**




*स्रोत : स्थलगत सर्वेक्षण*

### *भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत वित्तीय साधन परिचालन*

४.३२ साना तथा मझौला उद्योगहरूले औसतमा ०.५३ प्रतिशत सुरुवाती लगानी भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत जुटाउने गरेको सर्वेक्षणले देखाएको छ । (चार्ट २)

४.३३ आधाभन्दा बढी साना तथा मझौला उद्योगहरूले नेपालमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत वित्तीय साधन परिचालनको सम्भावना रहेको बताएका छन् । (तालिका १५)

**तालिका १५ : भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीको सम्भावना (प्रतिशतमा)**

| उद्योग | अत्यन्तै सम्भावना | सम्भावना | भन्न सकिन्न | सम्भावना नभएको | विल्कुलै असम्भव |
|---|---|---|---|---|---|
| साना उद्योग | ७.७ | ४२.७ | १४.७ | ३२.२ | २.८ |
| मझौला उद्योग | ९.१ | ६३.६ | ०.० | १८.२ | ९.१ |
| साना तथा मझौला उद्योग | ७.८ | ४४.२ | १३.६ | ३१.२ | ३.२ |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.३४ नेपालमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत वित्तीय साधन परिचालन हुन नसक्नुमा लगानीकर्ताको अविश्वास, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीबारेको अनभिज्ञता र उद्योगीहरूले कम चासो दिनुलाई प्रमुख तीन कारण मानेको सर्वेक्षणले देखाएको छ । (तालिका १६)

**तालिका १६ : भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत SMEs Financing गर्दाका समस्या**

| समस्या | प्राथमिकता |
|---|---|
| लगानीकर्ताको अविश्वास | पहिलो |
| भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीबारे अनभिज्ञता | दोस्रो |
| उद्योगीहरूको कम चासो | तेस्रो |
| कमजोर नीतिगत व्यवस्था | चौथो |
| उद्यमशीलताको अभाव | पाँचौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

***पुँजी बजारबाट वित्तीय साधन परिचालन***

४.३५ सर्वेक्षण अनुसार साना तथा मझौला उद्योगहरूले पुँजीबजारबाट सुरुवाती लगानी जुटाएको देखिदैन । (चार्ट २)

४.३६ झण्डै ५० प्रतिशत साना तथा मझौला उद्योगहरूले नेपालमा पुँजीबजार (शेयर निष्काशन) मार्फत वित्तीय साधन परिचालन गर्ने सम्भावना नरहेको बताएका छन् । (तालिका १७)

**तालिका १७ : शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन गर्ने सम्भावना (प्रतिशतमा)**

| उद्योग | अत्यन्तै सम्भावना | सम्भावना | भन्न सकिन्न | सम्भावना नभएको | विल्कुलै असम्भव |
|---|---|---|---|---|---|
| साना | ४.२ | ३४.७ | ११.८ | ४२.४ | ६.९ |
| मझौला | २०.० | ५०.० | ०.० | ३०.० | ०.० |
| साना तथा मझौला | ५.२ | ३५.७ | ११.० | ४१.६ | ६.५ |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.३७ शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन हुन नसक्नुमा लगानीकर्ताको अविश्वास, वित्तीय साक्षरताको कमी र उद्योगीहरूले कम चासो दिनुलाई प्रमुख तीन कारण मानेको पाइएको छ । (तालिका १८)

**तालिका १८ : शेयर निष्काशन गरी SMEs Financing गर्दाका समस्या**

| समस्या | प्राथमिकता |
|---|---|
| लगानीकर्ताको अविश्वास | पहिलो |
| वित्तीय साक्षरताको कमी | दोस्रो |
| उद्योगीहरूको कम चासो | तेस्रो |
| कमजोर नीतिगत व्यवस्था | चौथो |
| कमजोर पुँजी बजार | पाँचौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.३८ साना तथा मझौला उद्योगीहरुले SMEs Financing मा निम्न समस्याहरु भोगेको सर्वेक्षणमा बताएका छन् :

**बक्स ४ : SMEs Financing सम्बन्धी समस्याहरु**

| | |
|---|---|
| **माग पक्षका समस्याहरू** | ● वित्तीय साक्षरताको अभाव<br>● धितो/सम्पत्तिको अभाव<br>● सुरुवाती कालमा अफठ्यारो |
| **आपूर्ति पक्षका समस्याहरू** | ● उच्च एवम् अस्थिर ब्याजदर<br>● उच्च सेवा शुल्क<br>● प्रक्रियागत झन्झट (समय लाग्ने, कागजात जुटाउन कठिन)<br>● धितो मूल्याङ्कनमा समस्या<br>● बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला उद्योगलाई वेवास्ता गर्ने प्रवृत्ति (असल तथा वास्तविक SMEs ले कर्जा नपाउने, लाभदायका व्यवसायमा मात्र लगानी गर्ने, परियोजना कर्जा दिन नचाहने, चिनजान/नातावाद/पहुँचवाला हावी हुने, आदि) |
| **अन्य समस्याहरू** | ● कमजोर ब्याजदर नियमन<br>● एकीकृत एवम् स्पष्ट नीतिको अभाव<br>● प्रोत्साहनमूलक कार्यक्रमको अभाव . |

४.३९ साना तथा मझौला उद्योगीहरुले SMEs Financing सहज बनाउन निम्न सुझावहरु सर्वेक्षणमा बताएका छन् :


**बक्स ५ : साना तथा मझौला उद्योगीबाट प्राप्त सुझावहरु**

| | |
|---|---|
| **माग पक्षका समस्या समाधानका लागि** | • व्यावसायिकता/ उद्यमशीलताको प्रवर्द्धन गर्ने<br>• वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने |
| **आपूर्ति पक्षका समस्या समाधानका लागि** | • ब्याजदरलाई न्यून (Affordable) एवम् स्थिर बनाउने<br>• सेवा शुल्क घटाउने<br>• कर्जा सीमा बढाउने<br>• कर्जा प्रक्रियालाई थप सरलीकृत गर्ने<br>• लामो अवधिको कर्जा प्रवाह गर्ने<br>• परियोजना कर्जा/उद्यमशील कर्जा प्रवाह गर्ने<br>• यथार्थ र सरल धितो मूल्याङ्कन एवम् धितो अनुसार कर्जा प्रवाह गर्ने<br>• वैकल्पिक धितो (जस्तै : मेसिन, व्यवसाय, गोदाम, कच्चा पदार्थ, सामूहिक जमानी आदि) को प्रयोग गरी कर्जा प्रवाह गर्ने<br>• कर्जा प्रवाह गर्न प्रोत्साहन गर्ने<br>• उत्पादनमूलक उद्योगलाई प्राथमिकता दिई कर्जा प्रवाह गर्ने<br>• शेयर बजारबाट पुँजी संकलन गर्ने व्यवस्था मिलाउने । |
| **अन्य समस्या समाधानका लागि** | • वास्तविक SMEs को पहिचान गरी अनुदान, सहुलियतपूर्ण कर्जा र कर्जा सुरक्षणको व्यवस्था गर्ने<br>• SMEs लक्षित सरकारी नीति बनाउने<br>• अनुसन्धान तथा विकासमा जोड दिने<br>• बैंक तथा वित्तीय संस्थालाई SMEs मा अनिवार्य रुपमा कर्जा प्रवाह गर्ने व्यवस्था गर्ने<br>• SME Bank को स्थापना गर्ने । |

## सर्वेक्षण : बैंक तथा वित्तीय संस्था

४.४० सर्वेक्षणले ६४.३ प्रतिशत बैंक तथा वित्तीय संस्थाले कर्जाको आकारको आधारमा, २१.४ प्रतिशतले ऋणीको स्थिर पुँजी (औद्योगिक व्यवसाय ऐन अनुसार) को आधारमा र १४.३ प्रतिशतले अन्य मापदण्ड (जस्तैः धितो, स्थिर सम्पत्ति, आय, कारोबार आदि) का आधारमा SME कर्जाको वर्गीकरण गर्ने गरेको देखाएको छ । (चार्ट १०)

## चार्ट १० : SME कर्जा वर्गीकरणका आधारहरु




*स्रोत : स्थलगत सर्वेक्षण*

४.४१ सर्वेक्षणले बैंक तथा वित्तीय संस्थाले कुल प्रवाह गरेको कर्जामध्ये औसतमा १९.५२ प्रतिशत साना उद्योगहरूमा र १९.६७ प्रतिशत मझौला उद्योगहरूमा कर्जा प्रवाह भएको देखाएको छ ।

४.४२ बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरूबाट कर्जा प्राप्त गर्ने ग्राहकहरूमध्ये वर्षमा औसत ३० जना ग्राहक साना तथा मझौला उद्यमी हुने गरेको सर्वेक्षणले देखाएको छ । (तालिका १९)

**तालिका १९ : बैंक तथा वित्तीय संस्थाका शाखाहरूको ग्राहक संख्या**

| विवरण (ग्राहक संख्या) | औसत (Mean) | बहुलक (Mode) | न्युनतम | अधिकतम |
|---|---|---|---|---|
| कर्जाको लागि आउने | २८९.२१ | १५० | १० | २५०० |
| कर्जाको लागि आवेदन दिने | १५४.१३ | १२० | १० | ८०० |
| कर्जा प्राप्त गर्ने (जम्मा) | १२७.०० | ५० | ९ | ५०० |
| कर्जा प्राप्त गर्ने (साना तथा मझौला उद्योग) | ३०.०० | २० | ० | १४० |


*स्रोत : स्थलगत सर्वेक्षण*

४.४३ सर्वेक्षणले साना तथा मझौला उद्योगहरुलाई प्रवाह गरेको कर्जामध्ये १.०९ प्रतिशत निष्कृय कर्जा रहेको देखाएको छ ।

४.४४ सर्वेक्षणमा बैंक तथा वित्तीय संस्थाहरूले साना तथा मझौला उद्योगहरूलाई प्रवाह गरेको कर्जामध्ये ९९.४७ प्रतिशत कर्जामा घर/जग्गा, ०.११ प्रतिशतमा गोदाम (Hypothecation) र ०.४२ प्रतिशतमा अन्य धितो (स्टक, चल सम्पत्ति, आदि) प्रयोग भएको देखिएको छ ।

४.४५ सर्वेक्षणमा ५० प्रतिशत बैंक तथा वित्तीय संस्थाहरूले सुरक्षित कारोबार दर्ता सेवाबाट साना तथा मझौला उद्योगलाई कर्जा प्राप्तिमा टेवा पुगेको कुरा बताएका छन् । (चार्ट ११)

**चार्ट ११ : सुरक्षित कारोबार दर्ता सेवाका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको धारणा**





*स्रोत : स्थलगत सर्वेक्षण*

४.४६ सर्वेक्षणमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरूले साना तथा मझौला उद्योगहरूलाई प्रवाह गरेको कर्जाको सुरक्षण (Credit Gurantee) नगरेको पाइएको छ ।

४.४७ सर्वेक्षणमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरूले साना तथा मझौला उद्योगलाई कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रम ल्याएको खण्डमा सफल हुने बताएका छन् । (चार्ट १२)

**चार्ट १२ : कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रमबारे BFIs को धारणा**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.४८ सर्वेक्षणमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले SME कर्जालाई औद्योगिक व्यवसाय ऐनको वर्गीकरण अनुसार Loan Product विकास गर्न सहजै सकिने बताएका छन् ।

४.४९ सर्वेक्षणमा साना तथा मझौला उद्योगमा कर्जा बढाउन गर्नुपर्ने उपायसम्बन्धी प्रश्नमा बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्ने प्रक्रियामा सरलीकरण गर्नुपर्ने, कर्जा प्रवाहका लागि उपयुक्त परियोजना बनाउन सहयोग गर्नुपर्ने, कर्जा प्रवाह बढाउन थप सहुलियत दिनुपर्ने जस्ता कुराहरूलाई प्राथमिकतामा राखेका छन् । (तालिका २०)

**तालिका २० : SME कर्जा बढाउन गर्नुपर्ने उपाय**

| कर्जा बढाउन गर्नुपर्ने उपाय | प्राथमिकता |
|---|---|
| कर्जा प्रवाह गर्ने प्रक्रियामा सरलीकरण गर्ने | पहिलो |
| कर्जा प्रवाहका लागि उपयुक्त परियोजना बनाउन सहयोग गर्ने | दोस्रो |
| कर्जा प्रवाह बढाउन थप सहुलियत गर्ने | तेस्रो |
| सरोकारवाला पक्षबीच समन्वय बढाउने | चौथो |
| कर्जाको बारेमा प्रचार प्रसार गर्ने | पाँचौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.५० सर्वेक्षणमा साना तथा मझौला उद्योगका लागि लागू गरिएका कर्जा कार्यक्रमहरूमध्ये पुनरकर्जा र ब्याज अनुदान कार्यक्रम प्रभावकारी हुन नसकेको देखिएको छ ।

४.५१ सर्वेक्षणमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले SMEs मा कर्जा प्रवाह गर्दा SME को अनिश्चितता (नगद प्रवाह नियमित रुपमा सकारात्मक नहुनु, जानकारी नदिई व्यवसाय बन्द गर्ने प्रवृत्ति हुनु, उत्तराधिकारी योजनाको अभाव हुनु, आदि), कर्जा दुरुपयोगको सम्भावना र बिना धितो कर्जा प्रवाह गर्दा खराब ऋणी बन्नेजस्ता जोखिमहरू रहने धारणा राखेको पाइएको छ ।

४.५२ बैंक तथा वित्तीय संस्थाहरुले SME कर्जाका निम्न समस्याहरु रहेको सर्वेक्षणमा बताएका छन् :

**बक्स ६ : SME कर्जाका समस्याहरु**

| | | |
|---|---|---|
| **माग पक्षका समस्याहरू** | **क. कमजोर बैकिङ्ग क्षमता** | • वित्तीय चेतनाको कमी<br>• SME कर्जाबारे जानकारी अभाव<br>• धितोको अभाव<br>• खाता अद्यावधिक नगर्ने प्रवृत्ति<br>• कर्जा व्यवस्थापनमा कमजोरी (Dismal Loan Management Technique)<br>• नगद कारोबार गर्न रुचाउने प्रवृत्ति |
| | **ख. कमजोर वित्तीय अनुशासन** | • कमजोर लेखा अभिलेख<br>• बहु लेखा पुस्तिका<br>• प्राप्ति (Receivables) को कमजोर व्यवस्थापन<br>• कर नतिर्ने प्रवृत्ति<br>• बिल बीजक जारी नगर्ने प्रवृत्ति |
| | **ग. कमजोर संस्थागत क्षमता** | • व्यावसायिक रणनीतिक योजनाको अभाव<br>• परियोजनाको कमी एवम् कमजोर कार्यान्वयन<br>• दक्ष जनशक्ति अभाव<br>• अनुभव र विज्ञताको कमी<br>• कमजोर प्राविधिक ज्ञान<br>• कमजोर उद्यमशीलता<br>• नयाँ प्रविधिमा अनिच्छुक |
| **आपूर्ति पक्षका समस्याहरू** | **क. SME कर्जामा न्यून प्राथमिकता** | • वास्तविक उद्यमी पहिचान गर्न कठिन<br>• बहुबैकिङ्ग<br>• कर्जा शीर्षक भन्दा बाहिर लगानी गर्ने प्रवृत्ति<br>• समयमा भुक्तानी नगर्ने प्रवृत्ति<br>• कर्जा असुलीमा कठिनाइ<br>• समयमा नवीकरण नगर्ने प्रवृत्ति<br>• अनुगमनमा कठिनाइ |
| **अन्य समस्याहरू** | **क. पूर्वाधार/ सरोकारवाला निकायको कमजोरी** | • कर्जा सूचनाको अभाव<br>• SME कर्जाको प्रचारप्रसारमा कमी<br>• SME कर्जासम्बन्धी अस्पष्ट नीति<br>• SMEs लाई सहुलियतपूर्ण कर्जाको अभाव |

४.५३ बैंक तथा वित्तीय संस्थाहरुले SME कर्जाका समस्याहरूको समाधानका लागि निम्न सुझावहरु सर्वेक्षणमा दिएका छन् :


**बक्स ७ : बैंक तथा वित्तीय संस्था बाट प्राप्त सुझावहरु**

<table>
<tr><td rowspan="3">माग पक्षका समस्याहरू समाधानका लागि</td><td>क. बैंकिङ्ग क्षमता विकास गर्न</td><td>● वित्तीय साक्षरता<br>● बैंक मार्फत कारोबार प्रोत्साहन<br>● बैकिङ्ग Product बारे जानकारी<br>● कर्जा सदुपयोग गर्न तालिम/प्रोत्साहन<br>● SME Client लाई बैंकबाट सहयोग र परामर्श<br>● कर्जा सुरक्षण गरी धितोको शतप्रतिशत कर्जा<br>● बैकल्पिक धितोमार्फत कर्जा प्रवाह गर्ने व्यवस्था</td></tr>
<tr><td>ख. वित्तीय अनुशासन विकास गर्न</td><td>● आन्तरिक नियन्त्रण प्रणालीबारे तालिम<br>● वित्तीय विवरण अद्यावधिक गर्न/यथार्थ बनाउन तालिम/प्रोत्साहन<br>● लेखा/लेखापरीक्षण तालिम</td></tr>
<tr><td>ग. संस्थागत क्षमता विकास गर्न</td><td>● व्यवसायिक कार्ययोजना सबल बनाउन तालिम/प्रोत्साहन<br>● भेञ्चर क्यापिटल कम्पनीमार्फत परियोजना विकासमा प्रशिक्षण<br>● परियोजना बनाउन सहयोग</td></tr>
<tr><td>आपूर्ति पक्षका समस्याहरू समाधानका लागि</td><td>क. SMEs कर्जालाई प्राथमिकता</td><td>● सम्भावित SME बारे सूचना संकलन<br>● शाखारहित बैंकिङ्ग (Branchless Banking)<br>● सुरुवाती (Startups) SMEs लाई समेत जोड<br>● न्यून ब्याजदर<br>● द्रुत कर्जा स्वीकृति<br>● प्रतिस्पर्धात्मक SME Product<br>● सुदृढ वित्तीय विवरणका आधारमा मात्र कर्जा प्रवाह<br>● आकस्मिक अनुगमन<br>● कर्जा दुरुपयोग गर्नेलाई दण्ड तथा जरिवाना</td></tr>
<tr><td>अन्य समस्याहरू समाधानका लागि</td><td>क. नीतिगत सुझाव</td><td>● साना तथा मझौला उद्योगलाई बजेट/योजनामा प्राथमिकता<br>● साख मूल्याङ्कनको व्यवस्था<br>● SME लाई सहुलियतपूर्ण ऋण तथा अनुदान<br>● SME का लागि विशिष्टीकृत बैंक<br>● SME सम्बन्धी नीति नियममा सरलीकरण</td></tr>
</table>

**सर्वेक्षण : विषय विज्ञ**

४.५४ विषय विज्ञहरूसँग गरिएको सर्वेक्षणमा आधाभन्दा बढी विज्ञहरूले साना तथा मझौला उद्योगका लागि कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रम ल्याएको खण्डमा सफल हुने बताएका छन् । (चार्ट १३)


**चार्ट १३ :कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रमबारे विज्ञहरुको धारणा**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.५५ सर्वेक्षणले साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटलमार्फत वित्तीय साधन परिचालन गर्ने पूर्ण सम्भावना रहेको देखाएको छ। (चार्ट १४)


**चार्ट १४ : भेञ्चर क्यापिटल मार्फत SMEs Financing को सम्भावनाका सम्बन्धमा विज्ञहरूको धारणा**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.५६ साना तथा मझौला उद्योगहरूमा शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन गर्ने धेरै सम्भावना रहेको सर्वेक्षणमा सहभागी विज्ञहरूले बताएका छन् । यो नतिजा साना तथा मझौला उद्योगमा गरिएको सर्वेक्षणको नतिजाभन्दा ठिक विपरित देखिएको छ । (चार्ट १५)

**चार्ट १५ : शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालनको सम्भावनाका सम्बन्धमा विज्ञहरूको धारणा**




*स्रोत : स्थलगत सर्वेक्षण*

४.५७ साना तथा मझौला उद्योगहरूले घरजग्गा बाहेक ग्यारेण्टी, नगद प्रवाह, शेयर, चल सम्पत्ति आदिलाई वैकल्पिक धितोको रूपमा राख्नुपर्ने धारणा राखेका छन् । (तालिका २१)

**तालिका २१ : विज्ञहरूद्वारा घरजग्गा बाहेकको धितोसम्बन्धी धारणा**

| घरजग्गा बाहेक धितो | प्राथमिकता |
|---|---|
| ग्यारेण्टी | पहिलो |
| नगद प्रवाह (Cashflow) | दोस्रो |
| शेयर | तेस्रो |
| चल सम्पत्ति | चौथो |
| गोदाम (Hypothecation) | पाँचौं |
| सुनचाँदी | छैटौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.५८ सर्वेक्षणमा विज्ञहरूले साना तथा मझौला उद्योगमा कर्जा प्रवाह बढाउन ब्याजदर कम गर्नुपर्ने, प्रक्रिया सरलीकरण गर्नुपर्ने र पुनरकर्जाको व्यवस्था गर्नुपर्ने जस्ता प्रमुख तीन उपायहरू बताएका छन् । (तालिका २२)

### तालिका २२ : कर्जा प्रवाह बढाउन गर्नुपर्ने उपाय

| कर्जा बढाउन गर्नुपर्ने उपाय | प्राथमिकता |
|---|---|
| ब्याजदर कम | पहिलो |
| प्रक्रिया सरलीकरण | दोस्रो |
| पुनरकर्जाको व्यवस्था | तेस्रो |
| उपयुक्त परियोजना बनाउन सहयोग | चौथो |
| सरोकारवाला पक्षबीच समन्वय | पाँचौं |
| प्रचार प्रसार | छैटौं |
| सुरक्षणको व्यवस्था | सातौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.५९ नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत वित्तीय साधन परिचालन हुन नसक्नुमा कमजोर नीतिगत व्यवस्था, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीबारे अनभिज्ञता र उद्यमशीलताको अभावजस्ता कारणहरू प्रमुख रहेको विज्ञहरूले बताएका छन् । (तालिका २३)

### तालिका २३ : भेञ्चर क्यापिटलमार्फत वित्तीय साधन परिचालन गर्दाका समस्या

| समस्या | प्राथमिकता |
|---|---|
| कमजोर नीतिगत व्यवस्था | पहिलो |
| भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीबारे अनभिज्ञता | दोस्रो |
| उद्यमशीलताको अभाव | तेस्रो |
| लगानीकर्ताको अविश्वास | चौथो |
| उद्योगीहरूको कम चासो | पाँचौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.६० नेपालमा साना तथा मझौला उद्योगहरूमा शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन हुन नसक्नुको प्रमुख तीन कारणहरूमा कमजोर पुँजी बजार, वित्तीय साक्षरताको कमी र लगानीकर्ताको अविश्वास रहेका विज्ञहरूले बताएका छन् । (तालिका २४)

### तालिका २४ : शेयर निष्काशनमार्फत वित्तीय साधन परिचालन गर्दाका समस्या

| समस्या | प्राथमिकता |
|---|---|
| कमजोर पुँजी बजार | पहिलो |
| वित्तीय साक्षरताको कमी | दोस्रो |
| लगानीकर्ताको अविश्वास | तेस्रो |
| कमजोर नीतिगत व्यवस्था | चौथो |
| उद्योगीहरूको कम चासो | पाँचौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

४.६१ साना तथा मझौला उद्योगहरूमा वित्तीय साधन परिचालन गर्न नेपाल राष्ट्र बैंकको सबैभन्दा ठूलो भूमिका रहने विज्ञहरूले बताएका छन् । (तालिका २५)

**तालिका २५ : वित्तीय प्रवर्द्धनमा संस्था तथा निकायको भूमिका**

| संस्था तथा निकाय | प्राथमिकता |
|---|---|
| नेपाल राष्ट्र बैंक | पहिलो |
| उद्योग मन्त्रालय | दोस्रो |
| स्थानीय सरकार | तेस्रो |
| अर्थ मन्त्रालय | चौथो |
| प्रदेश सरकार | पाँचौं |
| निक्षेप तथा कर्जा सुरक्षण कोष | छैटौं |

*स्रोत : स्थलगत सर्वेक्षण*

**सर्वेक्षण : भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी**

४.६२ सर्वेक्षण गरिएका सम्पूर्ण भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीहरू प्राइभेट कम्पनीका रूपमा दर्ता भई सञ्चालनमा रहेका र त्यसमध्ये केहीले वैदेशिक लगानीसमेत प्रयोग गरेको पाइएको छ ।

४.६३ भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीहरूले औसतमा ८ वटाभन्दा बढी कम्पनीमा लगानी गरेको पाइएको छ । त्यसमध्ये ४ वटा सुरुवाती कम्पनी हुने गरेको पाइएको छ । लगानी भएका कम्पनीहरूमध्ये अधिकांश साना तथा मझौला उद्योग रहेको सर्वेक्षणले देखाएको छ ।

४.६४ लगानी गरेको कम्पनीमा औसतमा करिब ३६ प्रतिशत स्वामित्व भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीहरूको आफ्नै रहेको पाइएको छ ।

४.६५ नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत वित्तीय साधन परिचालन गर्ने सम्भावना रहेको सर्वेक्षणले देखाएको छ । यद्यपि यस प्रकारको वित्तीय साधन परिचालनमा अपर्याप्त नीतिगत व्यवस्था सबैभन्दा प्रमुख समस्या रहेको सर्वेक्षणले देखाएको छ ।

## अन्तरक्रिया कार्यक्रम

४.६६ नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागद्वारा मिति २०७५/१२/१३ मा गरिएको साना तथा मझौला उद्योगी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीका प्रतिनिधि, SMEs Financing का विज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको अन्तरक्रिया कार्यक्रममा सरोकारवाला विभिन्न संस्थाहरुले देहाय अनुसारको भूमिका निर्वाह गर्नुपर्ने धारणाहरू प्राप्त भएका छन् ।

***बैंक तथा वित्तीय संस्थाको भूमिका***

- वित्तीय सम्भावनाको आधारमा कर्जा प्रवाह गर्न सकिने संयन्त्रको विकास गर्नुपर्ने ।
- साना तथा मझौला उद्योग लक्षित "SME Bank" सञ्चालन गर्नुपर्ने ।

- बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने सेवाहरुका सन्दर्भमा "ग्राहक सन्तुष्टि सर्वेक्षण" गर्ने व्यवस्था गर्नुपर्ने ।

***भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीको भूमिका***

- बैंक तथा वित्तीय संस्थाको विकल्पको रूपमा धितोको आवश्यकता नपर्ने भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीजस्ता Innovative उपकरणहरु प्रयोगमा ल्याउनुपर्ने ।
- उद्यमशीलताको विकास, उद्यम सञ्चालन, स्तरीय लेखा प्रणाली, दिगो नाफा, पुनरलगानी आदि विषयमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरुको विशेषज्ञता सदुपयोग गर्नुपर्ने ।

***पुँजी बजारको भूमिका***

- विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को प्रावधानअनुसार साना तथा मझौला उद्योगहरूले पुँजी बजारमार्फत वित्तीय साधन परिचालन गर्नसक्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने ।
- "SME Board" को स्थापना गरी साना तथा मझौला उद्योगको धितोपत्र कारोबार सहज बनाउनुपर्ने ।

***नेपाल राष्ट्र बैंक/नेपाल सरकारको भूमिका***

- साना तथा मझौला उद्योगको वित्तीय प्रवर्द्धन गर्नका लागि विशिष्टीकृत संस्थागत संरचना बनाउनुपर्ने ।
- खासगरी उद्योगको सुरुवाती कालमा वित्तीय व्यवस्थापन गर्न निकै कठिन हुने गरेको हुँदा बीउपुँजी निर्माणको लागि सहुलियतपूर्ण कर्जा सुविधा उपलब्ध गराउनुपर्ने ।
- ब्याजदर सुलभ बनाउनुपर्ने, विभिन्न प्रकारका सेवा शुल्कहरु हटाउनुपर्ने तथा ब्याजदरमा स्थायित्व कायम गर्नुपर्ने । बैंक तथा वित्तीय संस्थाबाट ब्याजदर बढ्दा सूचना प्रवाह गर्ने गरेजस्तै ब्याजदर घट्दा सूचना दिने प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने ।
- धितो मूल्याङ्कन प्रक्रियालाई थप सरल तथा वैज्ञानिक बनाउनुपर्ने ।

# परिच्छेद ५
# नेपालमा SMEs Financing को समस्या तथा सम्भावना

## SME Financing का समस्याहरू

५.१ अन्तर्राष्ट्रिय अभ्यास अनुरुप हुनेगरी नेपालमा विस्तृत एवम् क्षेत्रगत रुपमा SMEs को स्पष्ट परिभाषा गरिएको देखिदैंन । औद्योगिक व्यवसाय ऐन, २०७३ मा उद्योगको स्थिर सम्पत्तिको आधारमा मात्र साना र मझौला उद्योगको परिभाषा गरिएको छ । व्यापारिक प्रकृतिका साना तथा मझौला व्यवसायहरुलाई उक्त परिभाषाले समेटेको देखिदैन ।

५.२ विभिन्न नियमनकारी संस्था तथा सरोकारवाला निकायहरुबीच समन्वय अभावले SMEs Financing सम्बन्धी नीति तथा कार्यक्रममा एकरुपता देखिदैन ।

५.३ अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको आकारको आधारमा SME कर्जाको वर्गीकरण गरेको देखिएकाले SME कर्जाको परिभाषामा एकरुपता देखिदैन । यस्तो अवस्थामा SMEs मा प्रवाह भएको वास्तविक कर्जाको भरपर्दो तथ्याङ्कको अभाव रहेको देखिन्छ ।

५.४ SMEs मा बैंकिङ्ग स्रोतबाट वित्तीय साधनको परिचालन न्यून भएको देखिएको छ । SMEs ले बैंकिङ्ग कर्जाबाट १६ प्रतिशत सुरुवाती पुँजीमात्र जुटाउने गरेको देखिन्छ । यसले सुरुवाती (Start-up) SMEs को कर्जा पहुँचमा समस्या रहेको देखिन्छ । सञ्चालनमा आइसकेका SMEs मध्ये करिब ५० प्रतिशतले मात्र बैंकिङ्ग कर्जा उपयोग गरेको देखिन्छ ।

५.५ निक्षेप तथा कर्जा सुरक्षण कोषको SME कर्जा सुरक्षण कार्यक्रममा अधिकांश बैंक तथा वित्तीय संस्थाहरु आकर्षित नभएको देखिन्छ । अन्तर्राष्ट्रिय अभ्यासअनुसार न्युनतम ५० प्रतिशत कर्जाको सुरक्षण गरे मात्र सुरक्षण कार्यक्रम प्रभावकारी हुने देखिएकोमा हाल सञ्चालनमा रहेको SME कर्जा सुरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५.६ बैंकिङ्ग क्षेत्रमा SMEs Financing का निम्न समस्याहरु देखिन्छ :

५.६.१ बैंकिङ्ग क्षेत्रबाट SMEs लाई कर्जा प्राप्त गर्न प्रक्रियागत झन्झट प्रमुख समस्याको रुपमा रहेको छ । लामो कागजी एवम् धितो मुल्याङ्कन प्रक्रियाले SMEs लाई कर्जा प्राप्तिमा समय एवम् लागत बढी लाग्ने भई कर्जा प्रक्रियालाई झन्झटिलो बनाएको देखिन्छ । धेरै उद्यमीहरुलाई SME कर्जाबारे जानकारी नभएको देखिन्छ ।

५.६.२ बैंक तथा वित्तीय संस्थाहरु मझौला र ठूला उद्योगहरुको तुलनामा साना उद्योगप्रति त्यति आकर्षित नभएको देखिन्छ । विभिन्न कर्जा कार्यक्रममध्ये परियोजना कर्जा कार्यक्रम कम मात्रामा प्रचलनमा रहेको देखिन्छ ।

५.६.३ असल तथा वास्तविक SMEs को पहिचान गर्न कठिनाइ रहेको छ ।

५.६.४ धेरै SMEs ले धितोको रुपमा नगद प्रवाह सान्दर्भिक रहेको ठानेका छन् तर यसको विपरित घरजग्गालाई धितोको रुपमा लिई SMEs लाई कर्जा प्रवाह हुने गरेकोले न्यून वा कम अचल सम्पत्ति भएका SMEs को कर्जा पहुँचमा समस्या देखिन्छ । धितो मूल्याङ्कन प्रक्रिया पारदर्शी एवम् वैज्ञानिक हुन नसकेको देखिन्छ ।

५.६.५ SMEs को आवश्यकता छोटो अवधिको कर्जा सँगसँगै मध्यम तथा लामो अवधिको कर्जा समेत रहेको स्थितिमा धेरैजसो छोटो अवधिको कर्जा उपयोग गर्दा SMEs लाई वित्तीय सन्तुलन कायम राख्न समस्या भएको देखिन्छ ।

५.६.६ बैंक तथा वित्तीय संस्थाबाट SME मा प्रवाह हुने कर्जाको ब्याजदर उच्च र छोटो अवधिमै ब्याजदर परिवर्तन हुँदा कर्जा महँगो हुनुका साथै कर्जा भुक्तानीमा अनिश्चितता हुनसक्ने देखिएको छ । ब्याजदर परिवर्तन खासगरी ब्याजदर कटौतीको जानकारी SMEs लाई सम्प्रेषण नहुँदा SMEs लाई ऋण भुक्तानी गर्ने कार्य (Debt Servicing) मा समस्या देखिएको छ ।

५.६.७ अधिकांश SMEs लाई 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रमबारे जानकारी नभएको देखिन्छ ।

५.६.८ SMEs को कमजोर कार्यक्षमता, धितो/सम्पत्तिको अभाव, अस्पष्ट आर्थिक विवरण, खराब आर्थिक तथा वित्तीय प्रवृति आदिले SMEs को बैंकिङ्ग क्षमता (Bankability) कमजोर रहेको देखिन्छ ।

५.६.९ SME कर्जाको प्रभावकारी नियमन तथा अनुगमन गर्ने संयन्त्रको अभाव रहेको देखिन्छ ।

५.७ सहकारी संस्थामार्फत कर्जा परिचालनमा उच्च ब्याजदर एवम् अपारदर्शिता प्रमुख समस्याको रुपमा रहेको छ ।

५.८ लगानीकर्ताको अविश्वास तथा अपर्याप्त नीतिगत व्यवस्थाको कारण भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत SMEs Financing प्रभावकारी हुन नसकेको देखिन्छ ।

५.९ नेपालमा अन्तर्राष्ट्रिय अभ्यासअनुरुप पुँजीबजारमा SMEs का उपकरणहरुको कारोबार गर्न छुट्टै बजार तथा संयन्त्रको विकास भएको छैन ।

## SME Financing का सम्भावनाहरू

५.१० वित्तीय क्षेत्र विकास रणनीति, २०७३/७४–२०७७/७८ अनुसार नेपालमा साना तथा मझौला व्यवसायले कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशत योगदान गरेको तथा झन्डै १७ लाख रोजगारी सिर्जना गरेको देखिन्छ । विश्वका दुई ठूला औद्योगिक अर्थतन्त्रहरुको बीचमा अवस्थित नेपालजस्तो सानो मुलुकको ठूलो स्तरका औद्योगिक उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता कमजोर हुने हुन्छ । यस्ता मुलुकहरुका लागि तुलनात्मक लाभको क्षेत्र भनेको SMEs नै हो । साथै विश्वव्यापी मूल्य श्रृंखला (Global Value Chain) मा नेपालका SMEs हरुलाई आवद्ध गरी यस क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण क्षेत्रको रुपमा विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको देखिन्छ ।

५.११ पन्ध्रौं योजनाको आधारपत्रले वार्षिक १५ हजार लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना गरी वार्षिक ६० हजार थप रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट लघु, घरेलु, साना र मझौला उद्योगहरुमा प्रवाह हुने कर्जामा उल्लेख्य वृद्धि हुने अपेक्षा राखिएको छ । त्यसैगरी प्रत्येक प्रदेशमा १/१ वटा विजनेस इन्कुवेसन सेन्टरको स्थापना, चुनौती कोषको परिचालन, सिर्जनशील वित्तीय

कोषको स्थापना र कर्जा सुरक्षण आरम्भ हुने अपेक्षा पनि राखिएको छ । आ.व. २०७६/७७ को बजेटमा व्यवस्था भएको च्यालेन्ज फण्डमार्फत नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यम तथा व्यवसाय सञ्चालन गर्न सुरुवाती पुँजी जुटाउन सक्ने अवसर प्राप्त भएको छ । उक्त फण्डबाट सुरुवाती (Start-up) साना तथा मझौला उद्योगहरु लाभान्वित हुनसक्ने देखिन्छ ।

५.१२ नेपाल राष्ट्र बैंकले कृषि, उद्यम तथा व्यवसाय कर्जामा आधार दरमा २ प्रतिशतसम्म मात्र थप गरी ब्याज लिन पाउने, SME डेस्क स्थापना गर्नुपर्ने, 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रम, प्राथमिकता प्राप्त क्षेत्रमा SMEs जस्ता विभिन्न व्यवस्थाहरु गरेको छ । निक्षेप तथा कर्जा सुरक्षण कोषले साना तथा मझौला व्यवसायमा प्रवाह गरेको रु ५० लाखसम्मको कर्जाको सुरक्षण गर्छ । धितोपत्र बोर्डले विशिष्टकृत लगानी कोष नियमावली, २०७५ लागू गरी भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटीहरूलाई पुँजी जुटाउन सहज बनाएको छ । राष्ट्रिय सहकारी नीति, २०६९ ले सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्ने उद्देश्य लिएको छ । यी सबै व्यवस्था तथा नीतिहरुले नेपालमा SMEs Financing को यथेष्ठ सम्भावना रहेको देखिन्छ ।

५.१३ मुलुक समृद्धिको पथमा अगाडि बढ्दै जाँदा वाणिज्य बैंक लगायत अन्य वित्तीय संस्थाहरुको स्रोत ठूला उद्योग तथा आयोजनाहरुमा केन्द्रित हुँदै जाने देखिन्छ । यससँगै हाल गरिबी निवारण र वित्तीय पहुँचको लक्ष्यसहित स्थापना भएका लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत लघु तथा घरेलु उद्योगका साथसाथै साना तथा मझौला उद्योगहरुतर्फ परिचालन हुनसक्ने देखिन्छ ।

५.१४ उद्यमशीलता तथा क्षमता विकास तालिम एवम् परामर्श सेवा मार्फत SMEs लाई उत्कृष्ट परियोजना निर्माण गर्न सक्षम बनाउन सरकारी स्तरमा विभिन्न कार्यक्रम ल्याउन सके परियोजना कर्जाका लागि योग्य बनाउन सकिन्छ । साथै, निजी क्षेत्रका भेञ्चर क्यापिटलहरूमा रहेको दक्षतालाई यस प्रक्रियामा समेटी सार्वजनिक निजी साझेदारीको उदाहरणीय नमूना समेत प्रस्तुत गर्न सकिन्छ ।

५.१५ बैंकिङ्ग कर्जा प्राप्त गर्नमा रहेको धितो समस्या निम्न विकल्पबाट समाधान हुने सम्भावना रहेको देखिन्छ :

५.१५.१ कर्जा सुरक्षणलाई प्रभावकारी बनाई SMEs को धितो अभावको समस्या टार्न सकिन्छ । यसमार्फत बैंक तथा वित्तीय संस्थाहरुलाई परियोजना कर्जा प्रवाह गर्न प्रोत्साहन समेत मिल्नेछ ।

५.१५.२ सुरक्षित कारोबार दर्ता कार्यालयको क्षमता विकास तथा कार्यक्षेत्र विस्तार गरी चल सम्पत्तिलाई धितोको रूपमा प्रयोग गर्न सके SMEs को धितोको समस्या घट्ने सम्भावना रहन्छ ।

५.१६ हालको 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रममा पर्याप्त स्रोत छुट्याई थप प्रभावकारी बनाउन सके धेरै SMEs लाभान्वित हुनसक्ने देखिन्छन् ।

# परिच्छेद ६
# निष्कर्ष तथा सुझावहरू

## निष्कर्ष

६.१ नेपालमा SMEs ले औसतमा ९ जनालाई रोजगारी दिने गरेको देखिएको छ । यस आधारमा दर्ता भएका SMEs ले मुलुकमा करिब २३ लाख ६१ हजार रोजगारी सिर्जना गरेको देखिन्छ ।

६.२ SMEs को सम्पूर्ण उत्पादन देशभित्रै खपत हुने गरेको देखिएको छ ।

६.३ नेपालमा SMEs ले पैतृक सम्पत्तिबाट ३३ प्रतिशत, आफ्नै बचतबाट २६ प्रतिशत, बैंक तथा वित्तीय संस्थाको कर्जाबाट १६ प्रतिशत, अनौपचारिक कर्जाबाट ८ प्रतिशत, विप्रेषण आयबाट ७ प्रतिशत, सहकारी संस्था कर्जाबाट ६ प्रतिशत र भेन्चर क्यापिटलबाट ०.५ प्रतिशत सुरुवाती लगानी जुटाउने गरेको देखिएको छ । पुँजी बजारबाट हालसम्म SMEs ले सुरुवाती लगानी जुटाउने गरिएको देखिदैन ।

६.४ करिब आधा जति SMEs ले मात्र बैंक तथा वित्तीय संस्थाबाट कर्जा कारोबार गरेको पाइएको छ । कर्जा लिएकामध्ये करिब ८५ प्रतिशत SMEs ले वाणिज्य बैंकहरुबाट कर्जा लिएको देखिन्छ ।

६.५ अधिकांश साना उद्योगहरुले रू. ५० लाखभन्दा कम र अधिकांश मझौला उद्योगहरुले रु. ५० लाखभन्दा बढी कर्जा लिएको देखिन्छ । SMEs लाई प्रवाह भएको कूल कर्जामध्ये करिव दुई–तिहाई कर्जा छोटो अवधिको लागि मात्र प्रवाह भएको देखिन्छ । यद्यपि SMEs को आवश्यकता भने मध्यम तथा लामो अवधिको कर्जा रहेको पाइएको छ ।

६.६ SMEs ले औसतमा वार्षिक १२.५१ प्रतिशत ब्याजदर तथा झण्डै १ प्रतिशत सेवा शुल्क तिर्ने गरेको देखिन्छ । SMEs लाई बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न औसतमा ३८ दिन लाग्ने गरेको देखिन्छ ।

६.७ SMEs ले ४७ प्रतिशत कर्जा स्थिर सम्पत्ति खरिद गर्न, ३६ प्रतिशत कच्चा पदार्थ खरिद गर्न र १२ प्रतिशत सञ्चालन खर्च व्यहोर्न प्रयोग गर्ने गरेको देखिएको छ ।

६.८ करिब ८६ प्रतिशत SMEs ले घरजग्गा तथा अचल सम्पत्तिलाई धितोको रुपमा प्रयोग गरी कर्जा लिएको देखिन्छ । यद्यपि अधिकांश SMEs ले बैकल्पिक धितोको रुपमा नगद प्रवाहको आधारमा कर्जा प्रवाह हुनुपर्ने धारणा राखेको पाइएको छ ।

६.९ बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्नमा प्रक्रियागत झन्झट, उच्च ब्याजदर र धितोको अभाव प्रमुख समस्याको रुपमा रहेको पाइएको छ ।

६.१० सहुलियतपूर्ण कर्जाको उपयोग रहेको छ भने ‘साना तथा मझौला उद्यममा पुनरकर्जा’ कार्यक्रम प्रभावकारी हुन सकेको छैन । अधिकांश SMEs लाई ‘साना तथा मझौला उद्यममा पुनरकर्जा’ कार्यक्रमबारे जानकारी नभएको देखिन्छ ।

६.११ SMEs लाई सहकारी संस्थाबाट कर्जा लिन सहज महसुस भएपनि यस्ता संस्थामा उच्च ब्याजदर प्रमुख समस्याको रुपमा रहेको छ ।

६.१२ भेञ्चर क्यापिटल/प्राइभेट इक्विटीमार्फत वित्तीय साधन परिचालन गर्न सकिने सम्भावना देखिएको छ । तर पुँजी बजारमार्फत वित्तीय साधन परिचालन गर्न कठिन हुने देखिन्छ ।

६.१३ अधिकाशं बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको आकारको आधारमा SME कर्जाको वर्गीकरण गरेको हुनाले SME कर्जाको परिभाषामा एकरुपता देखिएको छैन ।

६.१४ अधिकांश बैंक तथा वित्तीय संस्थाहरूले SMEs लाई प्रवाह गरेको कर्जाको सुरक्षण (Credit Guarantee) नगरेको देखिन्छ ।

## सुझावहरू

६.१५ हाल औद्योगिक व्यवसाय ऐन २०७३ ले स्थिर सम्पत्तिको आधारमा साना र मझौला उद्योगको अलग-अलग परिभाषा गरेकोमा अन्तर्राष्ट्रिय अभ्यासलाई समेत मध्यनजर गर्दा रोजगारी सिर्जना, वार्षिक कारोबार, क्षेत्र अनुसार फरक मापदण्ड तथा व्यापारिक व्यवसायलाई समेत समेटेर SMEs को परिभाषालाई अझ विस्तृत, फराकिलो र व्यावहारिक बनाउन उपयुक्त हुने देखिन्छ ।

६.१६ नेपाल सरकार, उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैंक, निक्षेप तथा कर्जा सुरक्षण कोष जस्ता निकायहरुका SMEs सम्बन्धी छरिएर रहेका नीति तथा कार्यक्रमका बीच समन्वय गर्न आवश्यक देखिन्छ ।

६.१७ बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको आकारको आधारमा SME कर्जाको वर्गीकरण गर्ने गरेको परिप्रेक्ष्यमा SMEs लाई प्रवाह हुने निश्चित रकमसम्मको (साना उद्यममा भने कर्जा सीमा नरहने) सबै प्रकारको कर्जालाई SME कर्जाको रुपमा परिभाषित गरी SME कर्जाको परिभाषामा एकरुपता ल्याउनुपर्ने देखिन्छ ।

६.१८ सुरुवाती (Start-up) SMEs लाई प्रोत्साहन गर्न केन्द्र र प्रदेश तहमा सम्बन्धित सरोकारवाला निकाय (अन्तर्राष्ट्रिय अभ्यास अनुसार उद्योग मन्त्रालयको विशेष जिम्मेवारी रहने गरेको) मार्फत SME Incubation Center सञ्चालनमा ल्याई उक्त Center मार्फत क्षमता विकास गर्ने, आन्तरिक अभिलेख, वित्तीय विवरण तथा लेखा/लेखापरीक्षण सम्बन्धी तालिम तथा प्रशिक्षण प्रदान गर्ने, आर्थिक तथा वित्तीय परामर्श दिने जस्ता विषय/क्षेत्रमा सहयोग गर्न आवश्यक हुने देखिन्छ । SME Incubation Center सञ्चालन गर्न भेञ्चर क्यापिटलहरुको सहयोग लिन सकिन्छ । प्रत्येक स्थानीय तहमा आधारभूत पूर्वाधार र अन्य सुविधासहितको SME Special Zone स्थापना गरी उक्त Zone मा SME Incubation Center मा परिपक्व भएका तथा अन्य SMEs लाई स्थानान्तरण गर्ने नीति लिनु जरुरी रहेको छ ।

६.१९ अन्तर्राष्ट्रिय अभ्यास अनुसार हालको निक्षेप तथा कर्जा सुरक्षण कोषबाट कर्जा सुरक्षण कोषलाई अलग गरी छुट्टै स्वायत्त निकायको रूपमा स्थापना गर्न आवश्यक देखिन्छ । यस्तो कोषको लागि आवश्यक स्रोतको व्यवस्था नेपाल सरकार, बैकिङ्ग क्षेत्र, दातृ निकाय र निजी

क्षेत्रमार्फत गर्नुपर्ने देखिन्छ । यस्तो कोषले SMEs परियोजनाको सम्भाव्यता मूल्याङ्कन गरी न्यूनतम ५० प्रतिशत कोषले स्वयम् सुरक्षण गर्ने र बाँकी धितो राखी बैंक तथा वित्तीय संस्थामार्फत परियोजना कर्जा प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । कर्जा सुरक्षणको यस मोडलले धितो/सम्पत्तिको अभावको समस्यालाई न्यूनीकरण गर्दै SMEs को प्रवर्द्धन गर्न सहयोग पुग्ने देखिन्छ ।

६.२० बैंक तथा वित्तीय संस्थाबाट SMEs मा प्रवाह हुने कर्जालाई अभिवृद्धि गर्न तथा SME कर्जालाई थप प्रभावकारी बनाउन निम्न व्यवस्था गर्नुपर्ने देखिन्छ :

६.२०.१ उद्यमीमाझ SME कर्जाबारे चेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । SME कर्जाबारे उद्यमीलाई जानकारी गराउन तथा परामर्श दिन बैंक तथा वित्तीय संस्थाहरुलाई प्रवर्द्धनात्मक कार्य गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

६.२०.२ बैंक तथा वित्तीय संस्थाहरुले प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको निश्चित प्रतिशत साना तथा मझौला उद्योगमा प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६.२०.३ कर्जा दुरुपयोग नियन्त्रण गर्न अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । कर्जा सदुपयोगको लागि बैंक तथा वित्तीय संस्थाबाट उद्यमीलाई परामर्श तथा सहयोग उपलब्ध गराउन SME Desk मा SME विज्ञ राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६.२०.४ SMEs लाई प्रवाह हुने कर्जामा धितो/सम्पत्ति अभाव पनि प्रमुख समस्याको रुपमा रहेकोमा यसको समाधानका लागि निम्न उपायहरु अपनाउन सकिन्छ :

(क) चल सम्पत्ति धितोको प्रभावकारी प्रयोगको लागि सुरक्षित कारोबार दर्ता कार्यालयको क्षमता तथा दायरा विस्तार गर्नुपर्ने देखिन्छ । कुनै पनि बैंक तथा वित्तीय संस्थाले चल सम्पति धितो राखी कर्जा प्रवाह गर्न उक्त कर्जा कारोबारलाई सुरक्षित कारोबार दर्ता कार्यालयमा अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

(ख) लघुवित्त कर्जामा जस्तै विना धितो सामुहिक जमानीको आधारमा SME कर्जा प्रवाह गर्ने व्यवस्थाको सम्भाव्यता अध्ययन गर्नुपर्ने देखिन्छ ।

६.२०.५ 'साना तथा मझौला उद्यममा पुनरकर्जा कार्यक्रम'लाई प्रभावकारी बनाउन पुनरकर्जा कोषको निश्चित अंश 'साना तथा मझौला उद्यममा पुनरकर्जा' कार्यक्रमको लागि छुट्याउन आवश्यक देखिन्छ ।

६.२०.६ धितो मूल्याङ्कन प्रक्रियालाई थप सरल, पारदर्शी एवम् वैज्ञानिक बनाउनु पर्ने देखिन्छ ।

६.२०.७ अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले SMEs लाई अल्पकालीन अवधिको लागि कर्जा प्रवाह गर्दै आएकोमा SMEs को आवश्यकता अनुरुप मध्यम तथा दीर्घकालीन अवधिका लागि समेत कर्जा प्रवाह गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

६.२०.८ पन्ध्रौं योजनाको आधारपत्रले लिएको दीर्घकालीन लक्ष्य हासिल गर्न वाणिज्य बैंक लगायत अन्य वित्तीय संस्थाहरुको वित्तीय स्रोत ठूला उद्योग तथा आयोजनाहरुमा केन्द्रित हुँदै जाने देखिन्छ । वित्तीय पहुँच अभिवृद्धि तथा गरिबी न्यूनीकरण गर्ने लक्ष्यसहित स्थापना भएका लघुवित्त वित्तीय संस्थाहरुको भूमिका मुलुकको आर्थिक रुपान्तरणसँगै परिवर्तन हुने सम्भावना रहेको सन्दर्भमा यी संस्थाहरुलाई लघु तथा घरेलु उद्योगका साथसाथै साना तथा मझौला उद्योगहरुमा वित्तीय साधन परिचालन गर्ने संयन्त्रको रुपमा विकास गर्दै जानुपर्ने देखिन्छ ।

६.२१ SMEs Financing मा गैरबैकिङ्ग क्षेत्रको भूमिका बढाउन देहाय अनुसार सुधार गर्नुपर्ने देखिन्छ ।

६.२१.१ सहकारी क्षेत्रको वित्तीय साधन परिचालन साना तथा मझौला उद्यममैत्री बनाउनुका साथै यी संस्थाबाट हुने कर्जा प्रवाहलाई थप पारदर्शी बनाउने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६.२१.२ भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरुलाई प्रोत्साहन गर्नुका साथै त्यस्ता संस्थाबाट साना तथा मझौला उद्योगतर्फ साधन परिचालन हुने वातावरण बनाउनु पर्ने देखिन्छ ।

६.२१.३ नागरिक लगानी कोष, कर्मचारी संचय कोष तथा सामाजिक सुरक्षा कोषजस्ता संस्थाहरुको साधन समेत SMEs Financing का लागि उपयोग गर्नेतर्फ आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


कर्जा सूचना केन्द्र लि. (२०७५). *वार्षिक प्रतिवेदन* (विभिन्न संस्करण). कमलादी, काठमाडौं ।

नेपाल राष्ट्र बैंक. (२०७६). *मौद्रिक नीति* (विभिन्न संस्करण). बालुवाटार, काठमाडौं ।

नेपाल राष्ट्र बैंक. (२०७४). *बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको सहुलियतपूर्ण कर्जा लगानीको प्रभावकारिता विश्लेषण* . बालुवाटार, काठमाडौं ।

नेपाल सरकार, अर्थ मन्त्रालय. (२०७६). *आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य.* सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, अर्थ मन्त्रालय. (२०७५). *कर्जा सुरक्षण नियमावली, २०७५.* सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, अर्थ मन्त्रालय. (२०७५). *आर्थिक सर्वेक्षण* (विभिन्न संस्करण). सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, अर्थ मन्त्रालय. (२०७३). *वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४ – २०७७/७८).* सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय. (२०७३). *औद्योगिक व्यवसाय ऐन, २०७३.* सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग. (२०७५). *औद्योगिक प्रवर्द्धन तथ्याङ्क* (विभिन्न संस्करण). त्रिपुरेश्वर काठमाडौं ।

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग. (२०७५). *Industrial Statistics* (विभिन्न संस्करण). त्रिपुरेश्वर काठमाडौं ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग. (२०७६). *पन्ध्रौं योजना (आ.व. २०७६/७७ – २०८०/८१) आधारपत्र.* सिंहदरवार, काठमाडौं ।

निक्षेप तथा कर्जा सुरक्षण कोष. (२०७५). *वार्षिक प्रतिवेदन* (विभिन्न संस्करण). टंगाल, काठमाडौं ।

ADB. (2015). *Asia SME finance monitor 2014.* Philiphines.

Araujo, Aloisio P., Rafael V. X. Ferreira, and Bruno Funchal. (2012). The Brazilian bankruptcy law experience. *Journal of Corporate Finance 18* (4), 994–1004.

Beed Management Pvt. Ltd. (2018). *Demand study on MSME financing*. Submitted to UK Aid Sakchyam Access to Finance Programme.

Dalic I., Terzic S. & Novarlic B., (2017). The role of venture capital in the development of the SME sector. *The European Journal of Applied Economics, 14(2),* 58-69.

Davydenko, S.A. & Franks, J.R. (2006). Do bankruptcy codes matter? A study of defaults in France, Germany and the UK. *ECGI – Finance Working Paper 89.*

Ciani, D., Russo, P. F., & Vacca, V. (2015). Financing SMEs in Europe: Stylised facts, policies, challenges. *Istituto Affari Internazionali*, *3*(25).

Cochren, W.G. (1963). *Sampling techniques* (2nd ed.). New York: John Wiley and Sons Inc.

Fida BA (2008). *The role of small and medium enterprises (SMEs) in economic development.* The Free Library 2008.

Ghimire, R. (2011). Micro and small enterprises in Nepal : Prospects and challenges. *Journal of Finance and Management Review*, *2*(2), 257-269.

Government of India: Ministry of Micro Small and Medium Industries. (2018). *Annual report 2017-18*. New Delhi

IFC (2011). *SME finance policy guide*. Washington DC.

Khan, S. (2017). Growth of Indian economy through innovative SME financing schemes – A way out. *IOSR Journal of Business and Management (IOSR-JBM), 19*(6), 75-83.

Kumar, R.(2017). Targeted SME financing and employment effects. *Jobs Working Paper 3*. World Bank Group.

OECD. (2018). *Financing SMEs and entrepreneurs 2018: An OECD scoreboard*. Paris.

Sakchyam Access to Finance. (2017). *Developing a robust MSME credit guarantee facility: Unleashing access to MSME finance in Nepal*. Kathmandu, Nepal.

Singh C. & Wasdani K. P. (2016). Finance for micro, small and medium-sized enterprises in India: Sources and challenges. *ADBI Working Paper Series.*

UNESCAP. (2017*). Small and medium entreprises financing*. Bangkok.

World Bank Group. (2019). *Doing business 2019*. Washington DC.

World Bank Group. (2018). *Survey of the Nepal private equity and venture capital environment*. Washington DC.

World Bank Group. (2018*). Improving access to finance for SMEs*. Washington DC.

World Bank Group. (2015). *Principles for public credit guarantee schemes for SMEs*. Washington DC.

## अनुसूची १

### प्रदेश अनुसार नमूना छनौटका लागि छनौट भएको जिल्ला, स्थानीय तह तथा वडा

| प्रदेश | छनौट भएको जिल्ला | छनौट भएको स्थानीय तह | छनौट भएको वडा |
|---|---|---|---|
| प्रदेश १ | मोरङ्ग | विराटनगर म. पा. | १३ |
| प्रदेश २ | धनुषा | जनकपुर उ. म. पा. | १५, १७ |
| प्रदेश ३ | काठमाडौं | काठमाडौं म. पा. | १५, २२, २३ |
| गण्डकी | कास्की | पोखरा म. पा. | ७ |
| प्रदेश ५ | रूपन्देही | बुटवल उ. म. पा. | ९ |
| कर्णाली | सुर्खेत | वीरेन्द्रनगर न. पा. | १२ |
| सुदूरपश्चिम | कैलाली | धनगढी उ. म. पा. | ७ |

**अनुसूची २(क)**

## नेपाल राष्ट्र बैंक

**अनुसन्धान विभाग**

**आर्थिक विश्लेषण शाखा**

**केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ**

**(Email: researchead@nrb.org.np)**

# SMEs Financing in Nepal

विषयक अध्ययनको

**स्थलगत सर्वेक्षण (Field Survey) प्रश्नावली**

उत्तरदाताः **साना तथा मझौला उद्योगहरू**

१. तपाई कस्तो किसिमको उद्योगमा संलग्न हुनुहुन्छ ?

- ☐ कृषिजन्य
- ☐ ऊर्जा
- ☐ पर्यटन
- ☐ उत्पादनमूलक
- ☐ सेवामूलक
- ☐ निर्माण
- ☐ अन्य (खुलाउने) ....................

*१.१ तपाईंको उत्पादन निर्यात हुने गरेको छ ?*

- ☐ *छ*
- ☐ *छैन*

२. तपाईंको उद्योगको आकार कत्रो छ ?

- ☐ साना (रु १० करोडसम्म स्थिर पुँजी भएको)
- ☐ मझौला (रु १० करोडभन्दा धेरै र रु २५ करोडसम्म स्थिर पुँजी भएको)

३. तपाईंको उद्योगमा कार्यरत कर्मचारी/कामदारको सङ्ख्या कति छ ? ...................

४. तपाईले आफ्नो उद्योगमा लगानी गर्न पुँजी कसरी जुटाउनु भएको थियो ?
*(सकेसम्म प्रत्येकको अंश प्रतिशतमा उल्लेख गर्नुहोला)*

- ☐ पैतृक सम्पत्ति ( प्रतिशत)
- ☐ आफ्नै आम्दानीबाट बचत गरेर ( प्रतिशत)
- ☐ विदेशबाट प्राप्तविप्रेषण आयबाट ( प्रतिशत)
- ☐ आफन्त/साथी-भाइ/ साहू-महाजनबाट कर्जा लिएर ( प्रतिशत)
- ☐ सहकारी संस्थाबाट कर्जा लिएर ( प्रतिशत)
- ☐ बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर ( प्रतिशत)
- ☐ भेञ्चर क्यापिटल[1] मार्फत ( प्रतिशत)
- ☐ शेयर निष्काशन गरेर ( प्रतिशत)
- ☐ अन्य (खुलाउने) .................... ( प्रतिशत)

*************************************************************

५. बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनुभएको छ ?

- ☐ छ
- ☐ छैन
- ☐ अस्विकृत भएको (कारण खुलाउनुहोस्) ................................................

६. तपाईंले निम्न मध्ये कुन वर्गको बैंक/वित्तीय संस्थाबाट कर्जा लिनुभएको छ ?

- ☐ वाणिज्य बैंक
- ☐ विकास बैंक
- ☐ वित्त कम्पनी
- ☐ लघुवित्त वित्तीय संस्था

७. आफ्नो उद्योगमा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट कति कर्जा लिनुभएको छ ?

- ☐ रु. १० लाखभन्दा कम
- ☐ रु. १० लाखदेखि रु. २५ लाख
- ☐ रु.२५लाखदेखि रु. ५० लाख
- ☐ रु.५०लाखदेखि रु. १ करोड
- ☐ रु.१ करोडदेखि रु. ५ करोड
- ☐ रु.५करोडदेखि रु. १५ करोड
- ☐ रु.१५ करोड भन्दामाथि

---

[ज्ञ] *सम्भावना बोकेका साना तथा मझौला उद्योग वा शरुवात हुँदै गरेका व्यवसायमा लगानी गर्ने संयन्त्र*

८. तपाईंले कति समयसीमाको कर्जा प्राप्त गर्नुभएको छ ?

- ☐ छोटो अवधि (१ वर्षसम्म)
- ☐ मध्यम अवधि (१ – ५ वर्षसम्म)
- ☐ लामो अवधि (५ वर्षभन्दा माथि)

*वास्तवमा तपाईंको आवश्यकता ?*

- ☐ छोटो अवधि (१ वर्षसम्म)
- ☐ मध्यम अवधि (१ – ५ वर्षसम्म)
- ☐ लामो अवधि (५ वर्षभन्दा माथि

९. बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जामा औसत कति प्रतिशत ब्याज तिर्नुभएको छ ?
…………..प्रतिशत

१०. तपाईंलाई कर्जा लिन कति दिन लागेको थियो ? ……………..दिन

११. कर्जा शुल्क कति लाग्यो ? …………… प्रतिशत

१२. तपाईंले कर्जाको धितो सुरक्षण बापत के राख्नुभएको छ ?

- ☐ घर/जग्गा
- ☐ मेशिनेरी तथा उपकरण
- ☐ चल सम्पत्ति (खुलाउनुहोस्) ……………………………
- ☐ अन्य (खुलाउनुहोस्) ……………………………

१२.१ वास्तवमा तपाईं धितोको रूपमा के प्रयोग गर्न सान्दर्भिक ठान्नुहुन्छ ?
*(सबैभन्दा सान्दर्भिक विकल्पलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ घरजग्गा
- ☐ चल सम्पत्ति (गाडी, मेशिनरी)
- ☐ सुन चाँदी
- ☐ धितोपत्र
- ☐ ग्यारेण्टी
- ☐ Hypothecation (गोदाम)
- ☐ Cash Flow (नगद प्रवाह)

१३. तपाईंले बैंक तथा वित्तीय संस्थाबाट उपभोग गरेको कर्जामा कुनै किसिमको सहुलियत प्राप्त गर्नु भएको छ ?

- ☐ छ ।
- ☐ छैन ।

*१३.१ यदि छ भने कस्तो किसिमको सहुलियत प्राप्त गर्नु भएको छ ?*

- ☐ *ब्याजमा सहुलियत*
- ☐ *पुनरकर्जा*
- ☐ *परियोजनामा लगानी गरिएकोले अतिरिक्त धितो राख्न परेको छैन*
- ☐ *व्यक्तिगत जमानतमात्र*

*१३.२ हालको पुनरकर्जा कार्यक्रममा के कस्ता समस्याहरू रहेको पाउनुभएको छ ?*
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३ ... दिनुहोला)*

- ☐ *प्रक्रियागत झन्झट*
- ☐ *उच्च ब्याजदर*
- ☐ *अपर्याप्त कर्जा रकम*
- ☐ *अन्य* *(खुलाउने)*

...............................................................................................................

१४. समग्रमा तपाईंले बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न कति सहजता महसुस गर्नुभयो ?

- ☐ अत्यन्तै सजिलो
- ☐ सजिलो
- ☐ सामान्य
- ☐ कठिन
- ☐ अत्यन्तै कठिन

१५. तपाईंले बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा कुन प्रयोजनमा कति प्रतिशत उपयोग गर्नु भएको छ ?

- ☐ उद्योगको स्थिर सम्पत्ति खरिद गर्न ( प्रतिशत)
- ☐ उद्योगको कच्चा पदार्थ खरिद गर्न ( प्रतिशत)
- ☐ सञ्चालन खर्च धान्न ( प्रतिशत)
- ☐ अन्य (खुलाउने) ..........................................................

१६. समयमै किस्ता भुक्तानी गर्न कुनै कठिनाइ भोग्नुभएको छ ?

- ☐ छैन ।
- ☐ कहिलेकाहि समस्या छ ।
- ☐ छ ।

१७. तपाईंको अनुभवमा साना तथा मझौला उद्योगहरूको लागि कर्जा प्राप्त गर्न प्रमुख समस्याहरू के हुन् ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ झन्झटिलो प्रक्रिया
- ☐ उच्च ब्याजदर
- ☐ धितोको अभाव
- ☐ बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न नचाहने
- ☐ सरोकारवालालाई जानकारी नहुनु
- ☐ अन्य (खुलाउने) .......................

१८. तपाईंको विचारमा साना तथा मझौला उद्योगहरूमा कर्जा विस्तार गर्न के गर्नुपर्ला ?
*(सबैभन्दा महत्वपूर्ण सुझावलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४,... दिनुहोला)*

- ☐ प्रचार प्रसार बढाउने
- ☐ बैंक/वित्तीय संस्थाहरूलाई तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने
- ☐ कर्जा प्रवाह गर्दा प्रक्रियागत सरलीकरण गर्ने
- ☐ ब्याजदर कम गर्ने
- ☐ बीमा व्यवस्थालाई प्रभावकारी बनाउने
- ☐ कर्जा सुरक्षण प्रभावकारी बनाउने
- ☐ कर्जाको उपयोगिता अनुगमन गर्ने
- ☐ अन्य (खुलाउने) .................................

****************************************************************

१९. सहकारीबाट कर्जा लिँदाका समस्याहरू के कस्ता रहन्छन् ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४,... दिनुहोला)*

- ☐ उच्च ब्याजदर
- ☐ नातावाद
- ☐ धितोको अभाव
- ☐ लगानीयोग्य पुँजीको अभाव
- ☐ अन्य (खुलाउने) .......................

२०. कताबाट कर्जा लिन बढी सहज महसुस गर्नुभयो ?

- ☐ सहकारी
- ☐ बैंक तथा वित्तीय संस्था

****************************************************************

२१. नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी मार्फत वित्तीय साधन परिचालनको सम्भावना कतिको देख्नुभएको छ ?

- ☐ अत्यन्तै सम्भावना छ
- ☐ सम्भावना छ
- ☐ भन्न सकिन्न
- ☐ सम्भावना छैन
- ☐ सम्भावना विल्कुलै छैन

२२. नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी मार्फत वित्तीय साधन परिचालन गर्नमा के समस्या रहेको छ ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ भेञ्चर क्यापिटलबारे अनभिज्ञता
- ☐ उद्योगीहरूको कम चासो
- ☐ कमजोर नीतिगत व्यवस्था
- ☐ लगानीकर्ताको अविश्वास
- ☐ उद्यमशीलताको अभाव

************************************************************

२३. आगामी दिनमा साना तथा मझौला उद्योगहरूमा शेयर निष्काशन गरी वित्तीय साधन परिचालन गर्न संभव होला ?

- ☐ अत्यन्तै सम्भावना छ
- ☐ सम्भावना छ
- ☐ भन्न सकिन्न
- ☐ सम्भावना छैन
- ☐ सम्भावना विल्कुलै छैन

२४. नेपालमा साना तथा मझौला उद्योगहरूमा शेयर निष्काशन मार्फत वित्तीय साधन परिचालन गर्नमा के समस्या रहेको छ ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ वित्तीय साक्षरताको कमी
- ☐ कमजोर पुँजी बजार
- ☐ लगानीकर्ताको अविश्वास
- ☐ उद्योगीहरूको कम चासो
- ☐ कमजोर नीतिगत व्यवस्था

************************************************************

२५. तपाईंको विचारमा साना तथा मझौला उद्योगमा वित्तीय साधन परिचालनमा रहेका प्रमुख समस्याहरू तथा तिनका समाधानका लागि उपयुक्त सुझावहरू के के होलान् ?

समस्याहरूः
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
...........................

सुझावहरूः
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
...........................

उत्तरदाताको नाम (ऐच्छिक) ............................... पदः......................................
संस्थाः ......................................................... सम्पर्क मोबाइलः .....................
सर्वेक्षणकर्ताको नामः .................................. पदः.................................
कार्यालयः ................................................ मितिः..............................

**—— ** धन्यवाद ** ——**

**अनुसूची २ (ख)**

**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विश्लेषण शाखा**

**केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ**

**(Email: researchead@nrb.org.np)**

# SMEs Financing in Nepal

विषयक अध्ययनको

**स्थलगत सर्वेक्षण (Field Survey)प्रश्नावली**

उत्तरदाता: **बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरू**

१. यस शाखाले प्रवाह गर्ने साना तथा मझौला व्यवसायी कर्जा के को आधारमा तय गरिएको छ?

- ☐ कर्जाको आकारमा
- ☐ ऋणीको स्थिर पुँजीको आधारमा (औद्योगिक व्यवसाय ऐन अनुसार)
- ☐ अन्य (खुलाउने) ....................................

२. यस शाखाबाट प्रवाह भएको साना तथा मझौला उद्योग कर्जा कुन कुन क्षेत्रमा गएको छ ?
*(सबैभन्दा ठूलो परिमाण भएकोलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमश: २,३,४,... दिनुहोला)*

- ☐ कृषिजन्य (..........प्रतिशत)
- ☐ ऊर्जा (..........प्रतिशत)
- ☐ पर्यटन (..........प्रतिशत)
- ☐ निर्माण (..........प्रतिशत)
- ☐ सेवामूलक (..........प्रतिशत)
- ☐ उत्पादनमूलक (..........प्रतिशत)
- ☐ अन्य (खुलाउने) ........................... (..........प्रतिशत)

*अबका प्रश्नहरूमा साना तथा मझौला उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन २०७३ को वर्गीकरण अनुसार रु २५ करोडसम्म स्थिर पुँजी भएका उद्योगलाई मानिने छ ।*

*****************************************************************

३. तपाईंको शाखाबाट साना तथा मझौला उद्योगमा प्रवाह भएका कर्जा कार्यक्रमहरूमध्ये बढी प्रचलित कार्यक्रमहरू कुनकुन रहेका छन् ?
*(सबैभन्दा बढी प्रचलित कर्जा कार्यक्रमलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमश: २,३... दिनुहोला)*

- ☐ पुनरकर्जा ।
- ☐ ब्याज अनुदान
- ☐ अन्य (खुलाउने) .............................

४. यस शाखाबाट कुल कर्जामध्ये साना तथा मझौला उद्योग (कृषि, उर्जा, पर्यटन, व्यवसाय लगायत सबै क्षेत्रको कुल) मा कति प्रतिशत कर्जा प्रवाह भएको छ ?

साना उद्योग ………………… प्रतिशत

मझौला उद्योग ………………… प्रतिशत

५. यस शाखामा ग्राहकको आधारमा कर्जाको माग तथा आपूर्तिको अवस्था आ.व. २०७४/०७५ को अन्त्य सम्ममा कस्तो रहेको थियो ?

| क्र.सं. | विवरण | स्थिति(संख्या) |
|---|---|---|
| १ | कर्जाको लागि आउने ग्राहकको संख्या | |
| २ | कर्जाको लागि आवेदन दिने ग्राहकको संख्या | |
| ३ | आवेदन दिएका मध्ये कर्जा प्राप्त गर्ने ग्राहकको संख्या | |
| ४ | कर्जा प्राप्त गर्ने मध्ये साना तथा मझौला उद्योगमा कर्जा पाउने ग्राहकको संख्या | |

६. साना तथा मझौला उद्योगमा प्रवाह भएका कर्जाहरूमा निष्कृय कर्जा कति प्रतिशत रहेको छ ?

……………………… प्रतिशत

*************************************************************

७. साना तथा मझौला उद्योगमा प्रवाह भएका कर्जामध्ये के के धितोको रूपमा प्रयोग भएका छन्? (प्रतिशतसहित लेख्नुहोला)

………………………………… (…………प्रतिशत)

………………………………… (…………प्रतिशत)

………………………………… (…………प्रतिशत)

………………………………… (…………प्रतिशत)

………………………………… (…………प्रतिशत)

८. सुरक्षित कारोबार दर्ता सेवाबाट साना तथा मझौला उद्योगलाई कर्जा प्राप्तिमा कति टेवा पुगेको छ?

- ☐ छैन
- ☐ खासै छैन
- ☐ भन्न सकिन्न
- ☐ राम्रै छ
- ☐ एकदमै टेवा पुगेको छ

*************************************************************

९. यस शाखाबाट साना तथा मझौला उद्योगहरूलाई प्रवाह भएका कर्जा सुरक्षण गरिएका छन या छैनन?

- ☐ छन्
- ☐ छैनन्

१०. हाल प्रयोगमा रहेको साना तथा मझौला उद्योग कर्जा सुरक्षणबाट साना तथा मझौला उद्योगलाई कतिको फाइदा पुगेको पाउनुभएको छ ?

- ☐ छैन
- ☐ खासै छैन
- ☐ भन्न सकिन्न
- ☐ राम्रै छ
- ☐ एकदमै फाइदा पुगेको छ

११. साना तथा मझौला उद्योगहरूलाई कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रम ल्याएको खण्डमा कति सफल होला जस्तो लाग्छ ?

- ☐ पुरै असफल हुन्छ
- ☐ खासै सफल नहोला
- ☐ भन्न सकिन्न
- ☐ आंशिक सफल होला
- ☐ सफल होला

*************************************************************

१२. तपाईंको विचारमा साना तथा मझौला उद्योगमा प्रवाहित कर्जामा के कस्ता जोखिमहरू रहेको देख्नु भएको छ ।

१.................................................
२.................................................
३.................................................

१३. साना तथा मझौला उद्योगमा कर्जा प्रवाह बढाउने सम्बन्धमा तपाईंको शाखाले के कस्तो रणनीति बनाएको छ?

१...........................................
२...........................................
३...........................................

१४. यस शाखाबाट साना तथा मझौला उद्योगमा कर्जा प्रवाह बढाउन के के गर्नुपर्ला ?
*(सबैभन्दा महत्वपूर्ण कारणलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४,... दिनुहोला)*

- ☐ यस्ता कर्जाको बारेमा प्रचार प्रसार गर्नुपर्छ
- ☐ यस्ता प्रकारको कर्जा प्रवाह गर्ने प्रक्रियामा सरलीकरण गर्नुपर्छ
- ☐ यस्तो कर्जा प्रवाह बढाउन सहुलियत थप गर्नुपर्छ
- ☐ कर्जा प्रवाहका लागि उपयुक्त परियोजना बनाउन सहयोग गर्नुपर्छ
- ☐ सरोकारवाला पक्षबीच समन्वय बढाउनुपर्छ
- ☐ अन्य (खुलाउने) .............................

१५. साना तथा मझौला उद्योग कर्जालाई अब उप्रान्त औद्योगिक व्यवसाय ऐन अनुसार विकसित गरेर लान कत्ति सहज रहला? (कारण खुलाउनुहोस्)

- ☐ सहज ..................................................................................................
- ☐ गाह्रो ..................................................................................................
- ☐ अत्ति गाह्रो ..................................................................................................

१६. तपाईंको विचारमा साना तथा मझौला उद्योगमा कर्जा प्रवाहमा रहेका प्रमुख समस्याहरू तथा तिनका समाधानका लागि उपयुक्त सुझावहरू के के होलान् ?

समस्याहरूः
...........................................................................................................................................
...........................................................................................................................................
...................................................................................................................................

सुझावहरूः
...........................................................................................................................................
...........................................................................................................................................
...................................................................................................................................

उत्तरदाताको नाम (ऐच्छिक) ............................... पदः......................................
संस्थाः ......................................................... सम्पर्क मोबाइलः .....................
सर्वेक्षणकर्ताको नामः ................................... पदः..................................
कार्यालयः ................................................ मितिः...............................

**—— ** धन्यवाद ** ——**

**अनुसूची २ (ग)**

**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विश्लेषण शाखा**

**केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ**

**(Email: researchead@nrb.org.np)**

# SMEs Financing in Nepal

विषयक अध्ययनको

## स्थलगत सर्वेक्षण (Field Survey)प्रश्नावली

उत्तरदाताः **SME विज्ञ**

१. यस क्षेत्रमा कस्ता खालका साना तथा मझौला उद्योगहरू बढी मात्रामा विस्तार भएको पाउनु भएको छ ? *(सबैभन्दा धेरै विस्तार भएका उद्योगलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २, ३, ४,... दिनुहोला)*

- ☐ कृषिजन्य
- ☐ ऊर्जा
- ☐ पर्यटन
- ☐ निर्माण
- ☐ सेवामूलक
- ☐ उत्पादनमूलक
- ☐ अन्य (खुलाउने) ...........................

२. यस क्षेत्रमा साना तथा मझौला उद्योगहरूमा वित्तीय पुँजी कुन कुन विकल्पहरूबाट व्यवस्था गरिएको छ?

- ☐ सहकारी संस्था
- ☐ बैंक तथा वित्तीय संस्था
- ☐ भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी
- ☐ पुँजी बजार
- ☐ अन्य (खुलाउने) ...........................

************************************************************

३. विगत केही वर्षयता बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जामध्ये साना तथा मझौला उद्योगतर्फ प्रवाहित कर्जाको अवस्थालाई कसरी मूल्याङ्कन गर्नु भएको छ ?

- ☐ बढ्दो क्रममा रहेको
- ☐ घट्दो क्रममा रहेको
- ☐ कुनै परिवर्तन नभएको

४. यस क्षेत्रमा क्षेत्रमा साना तथा मझौला उद्योगतर्फ प्रवाहित कर्जामा धितोको रूपमा के को प्रयोग सबैभन्दा धेरै भएको पाउनुभएको छ ?

- ☐ घरजग्गा
- ☐ चल सम्पत्ति (गाडी, मेशिनरी)
- ☐ सुन चाँदी
- ☐ धितोपत्र
- ☐ ग्यारेण्टी
- ☐ Hypothecation (गोदाम)
- ☐ Cash Flow (नगद प्रवाह)

४.१. साना तथा मझौला उद्योगमा प्रवाहित कर्जामा घरजग्गा बाहेक धितोको रूपमा के प्रयोग गर्न सके अझ बढी प्रभावकारी होला ?
*(सबैभन्दा महत्वपूर्ण विकल्पलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४,... दिनुहोला)*

- ☐ चल सम्पत्ति (गाडी, मेशिनरी)
- ☐ सुन चाँदी
- ☐ धितोपत्र
- ☐ ग्यारेण्टी
- ☐ Hypothecation (गोदाम)
- ☐ Cash Flow (नगद प्रवाह)

५. यस क्षेत्रमा साना तथा मझौला उद्योगतर्फ कर्जा प्रवाह बढाउन के के गर्नु पर्ला ?
*(सबैभन्दा महत्वपूर्ण सुझावलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४,... दिनुहोला)*

- ☐ प्रचार प्रसार गर्ने
- ☐ प्रक्रिया सरलीकरण गर्ने
- ☐ ब्याजदर कम गर्ने
- ☐ उपयुक्त परियोजना बनाउन सहयोग गर्ने
- ☐ पुनरकर्जाको व्यवस्था गर्ने
- ☐ सुरक्षणको व्यवस्था गर्ने
- ☐ सरोकारवाला पक्षबीच समन्वय बढाउने
- ☐ अन्य (खुलाउने)

.........................................................................................

६. साना तथा मझौला उद्योगहरूलाई कर्जा सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रम ल्याएको खण्डमा कति सफल होला जस्तो लाग्छ?

- ☐ पुरै असफल हुन्छ
- ☐ खासै सफल होला जस्तो लाग्दैन
- ☐ भन्न सकिन्न
- ☐ आंशिक सफलता प्राप्त होला
- ☐ सफल होला

************************************************************

७. नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल मार्फत वित्तीय साधन परिचालनको सम्भावना कतिको देख्नुभएको छ ?

- ☐ अत्यन्तै सम्भावना छ
- ☐ सम्भावना छ
- ☐ भन्न सकिन्न
- ☐ सम्भावना छैन
- ☐ सम्भावना विल्कुलै छैन

८. नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल मार्फत वित्तीय साधन परिचालन गर्नमा के समस्या रहेको छ ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ भेञ्चर क्यापिटलबारे अनभिज्ञता
- ☐ उद्योगीहरूको कम चासो
- ☐ कमजोर नीतिगत व्यवस्था
- ☐ लगानीकर्ताको अविश्वास
- ☐ उद्यमशीलताको अभाव

************************************************************

९. आगामी दिनमा साना तथा मझौला उद्योगहरूमा शेयर निष्काशन गरी वित्तीय साधन परिचालन गर्न संभव होला ?

- ☐ अत्यन्तै सम्भावना छ
- ☐ सम्भावना छ
- ☐ भन्न सकिन्न
- ☐ सम्भावना छैन
- ☐ सम्भावना विल्कुलै छैन

१०. नेपालमा साना तथा मझौला उद्योगहरूमा शेयर निष्काशन मार्फत वित्तीय साधन परिचालन गर्नमा के समस्या रहेको छ ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ वित्तीय साक्षरताको कमी
- ☐ कमजोर पुँजी बजार
- ☐ लगानीकर्ताको अविश्वास
- ☐ उद्योगीहरूको कम चासो
- ☐ कमजोर नीतिगत व्यवस्था

************************************************************

११. सहकारीबाट कर्जा लिँदाका समस्याहरू के कस्ता रहन्छन् ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४,... दिनुहोला)*

- ☐ उच्च ब्याजदर
- ☐ नातावाद
- ☐ धितोको अभाव
- ☐ लगानीयोग्य पुँजीको अभाव
- ☐ अन्य (खुलाउने) ......................

१२. साना तथा मझौला उद्योगको परीभाषा अझ प्रयोगात्मक बनाउन के गर्नुपर्ला ?

..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................

१३. वाणिज्य विभाग अन्तर्गत दर्ता भएका उद्यमहरूलाई कसरी साना र मझौला परीभाषामा समेट्न सकिएला ?

..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................
..........................................................................................................................

१४. साना तथा मझौला उद्योगको वित्तीय प्रवर्द्धनमा कस्को भूमिका रहन्छ ?

*(सबैभन्दा सान्दर्भिक भूमिका निर्वाह गर्नेलाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

- ☐ अर्थ मन्त्रालय
- ☐ उद्योग मन्त्रालय
- ☐ नेपाल राष्ट्र बैंक
- ☐ निक्षेप तथा कर्जा सुरक्षण कोष
- ☐ प्रदेश सरकार
- ☐ स्थानीय सरकार
- ☐ अन्य (खुलाउने)

..................................................................................................

१५. तपाईंको विचारमा साना तथा मझौला उद्योगमा कर्जा प्रवाहमा रहेका प्रमुख समस्याहरू तथा तिनका समाधानका लागि उपयुक्त सुझावहरू के के होलान् ?

प्रमुख समस्याहरूः

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

सुझावहरूः

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

उत्तरदाताको नाम (ऐच्छिक) ..............................  पदः......................................

संस्थाः ........................................................  सम्पर्क मोबाइलः ....................

सर्वेक्षणकर्ताको नामः ..................................  पदः.................................

कार्यालयः ................................................  मितिः..............................

**—— ** धन्यवाद ** ——**

**अनुसूची २ (घ)**

## नेपाल राष्ट्र बैंक


**अनुसन्धान विभाग**

**आर्थिक विश्लेषण शाखा**

**केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ**

**(Email: researchead@nrb.org.np)**


# SMEs Financing in Nepal

विषयक अध्ययनको

## स्थलगत सर्वेक्षण (Field Survey)प्रश्नावली

उत्तरदाता: **भेञ्चर क्यापिटल/प्राइभेट इक्विटी**

१. तपाईंको संस्थाको दर्ता किसिम कस्तो छ ?

- ☐ प्रा.लि.
- ☐ लि.
- ☐ अन्य (खुलाउने) ....................................

२. तपाईंको संस्थामा वैदेशिक लगानी प्रयोग गर्नुभएको छ ?

- ☐ छ                    छ भने .............प्रतिशत
- ☐ छैन

३. समग्रमा तपाईंले कतिवटा कम्पनीमा लगानी गर्नुभएको छ ? ..............वटा

४. तपाईंले लगानी गर्नुभएको कम्पनीमा औसत कति प्रतिशत स्वामित्व तपाँईको रहेको छ ? ...............प्रतिशत

५. लगानी गर्नुभएको कम्पनीहरू मध्ये कति वटा सुरुवाती व्यवसायी रहेका छन् ? ..............वटा

६. लगानी गर्नुभएको कम्पनीहरू मध्ये कतिवटा साना तथा मझौला उद्योग रहेका छन् ? ..............वटा

*************************************************************

७. नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल मार्फत वित्तीय साधन परिचालनको सम्भावना कतिको देख्नुभएको छ ?

- ☐ अत्यन्तै सम्भावना छ
- ☐ सम्भावना छ
- ☐ केही सम्भावना छ
- ☐ सम्भावना छैन
- ☐ सम्भावना विल्कुलै छैन

८. नेपालमा साना तथा मझौला उद्योगहरूमा भेञ्चर क्यापिटल मार्फत वित्तीय साधन परिचालन गर्नमा के समस्या रहेको छ ?
*(सबैभन्दा सान्दर्भिक समस्यालाई १ र त्यसपछि प्राथमिकताका आधारमा क्रमशः २,३,४... दिनुहोला)*

☐ भेञ्चर क्यापिटलबारे अनभिज्ञता

☐ उद्योगीहरूको कम चासो

☐ कमजोर नीतिगत व्यवस्था

☐ लगानीकर्ताको अविश्वास

☐ उद्यमशीलताको अभाव

************************************************************

९. तपाईंको विचारमा साना तथा मझौला उद्योगमा भेञ्चर क्यापिटल मार्फत वित्तीय साधन परिचालन बढाउनका लागि उपयुक्त सुझावहरू के के होलान् ?

..........................................................................................................................................
..........................................................................................................................................
...................................................................................................................................

उत्तरदाताको नाम (ऐच्छिक) ............................... पदः......................................
संस्थाः ......................................................... सम्पर्क मोबाइलः .....................
सर्वेक्षणकर्ताको नामः .................................. पदः.................................
कार्यालयः ................................................. मितिः...............................

**—— ** धन्यवाद ** ——**

## अनुसूची ३
## वाणिज्य बैंकहरूबाट साना तथा मझौला उद्योगमा प्रवाह भएको कर्जा

| | आषाढ २०७३ | आषाढ २०७४ | आषाढ २०७५ |
|---|---|---|---|
| औसत (Mean) | ११.२१ | ११.७४ | ११.३५ |
| मध्यिका (Mode) | ७.११ | ७.९९ | ८.०८ |
| स्तरीय भिन्नता (Standard Deviation) | ११.४१ | ११.६० | ९.८७ |

*स्रोत : सर्वेक्षण*